

क्षितिजपारिका
सपनाहरू
शेखर ढुङ्गेल

क्षितिजपारिका सपनाहरू

(कथासङ्ग्रह)

शेखर ढुङ्गेल

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज
वासिङ्टन डी. सी., संयुक्त राज्य अमेरिका

यो पुस्तक बिक्रीबाट उठेको ७५ प्रतिशत रकम 'हेल्प नेपाल डट कम' लाई जानेछ ।

© कथाकारमा

प्रकाशक : अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज
संस्करण : पहिलो, २०६८ (१००० प्रति)
आवरण : *रमेश पौडेल*
aawaran@gmail.com
मूल्य : *नेपाल र दक्षिण-पूर्व एसियामा ने.रु. १००।–*
अन्य सबै क्षेत्रमा US$ 7.00
मुद्रक : *लुष प्रेस, नयाँ बानेश्वर, काठमाडौँ*
फोन : *४७८२८२४*

पुस्तक पाइने ठेगाना
In USA
12917 Ohio Circle
Omaha NE 68164

नेपालमा
पाठ्यसामग्री पसल
घण्टाघर, काठमाडौँ, नेपाल
फोन : *४२४३१५०*

ISBN: 978-9937-2-3681-2

Kshitijparika Sapanaharu

A Collection of Short Stories by Shekhar Dhungel, 2011

प्रकाशकीय

राष्ट्र जगाउने कथाकारलाई शुभकामना !

जहाँजहाँ पुगे पनि जहाँजहाँ घुमे पनि
बाँच्नुपर्छ, बाँचेका छौं हामी नेपाली भएर,
भाषा, कला, संस्कृति र साहित्य हाम्रो चिनारी
साँच्नुपर्छ साँचेका छौं जेजस्तो दुःख सहेर ।

मानिस आफू जहाँ गए पनि आफैसित लिएर जाने कुरा हुन् उसका भाषा, शैली, संस्कार, आचरण र रहनसहन । यिनै भाषा, शैली, संस्कार र रहनसहन नै नौलो ठाउँमा मानिसको आफ्नो पहिचान र परिचय हुन जान्छन् । यी सबैलाई बचाउन सक्यो भने जोकोही पनि आफ्नो पहिचानसहित बाँच्न सक्छ, उसले कहीँ हराउनु र अलमलिनु पर्दैन । नेपालीहरू पनि आज विश्वका कुनाकुनामा छरिएका छन्– अधिकांश नेपाली वाङ्मयका होनहार स्रष्टासहित । यी स्रष्टाहरूले जहाँ बसे पनि जस्तो व्यवसाय अपनाए पनि नेपाल बिर्सिएका छैनन्, नेपालीपन भुलेका छैनन् । आफ्नो राष्ट्र र राष्ट्रिय स्वाभिमानलाई रक्षा गर्ने भाषा, साहित्य एवम् संस्कृतिको जगेर्नामा प्रवासी व्यस्त जीवनका बावजुद बचेको समयलाई सदुपयोग गरेका छन् । यस्ता स्रष्टाहरूको सिर्जनात्मक संरक्षण गर्ने काम विगत दुई दशकदेखि गरिरहेको छ– अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजले ।

नेपाली भाषा-साहित्यलाई विश्वभर छरेर यसको विकास गर्दै लाने उद्देश्यअनुरूप स्थापित अनेसासले आफ्नो स्थापना कालदेखि नै यस क्षेत्रमा उपलब्धिमूलक कामहरू गरिरहेको छ । नेपाली भाषामा लेखिएका साहित्यिक कृतिहरूको प्रकाशन र अन्य भाषामा लेखिएका पुस्तकहरूलाई नेपाली भाषामा अनुवादसमेत गर्ने उद्देश्यअनुसार अनेसास निरन्तर अगि बढिरहेको छ । विशेष गरी डायस्पोराका नेपाली स्रष्टाहरूलाई प्रोत्साहन र प्रेरणा प्रदान गर्ने मनसाय बोकेको यस संस्थाद्वारा हालसम्म नयाँ-पुराना लेखकहरूका विभिन्न विधाका साठे पाँच दर्जनजति पुस्तकहरू प्रकाशित भइसकेका छन् ।

विदेशमा बसेर पनि साहित्य र सञ्चारको माध्यमबाट सधैं नेपालको चिन्तन गर्ने नेपाली स्रष्टाका नामहरू खुला आत्माले लिनुपर्दा

शेखर ढुङ्गेल अत्यन्तै स्मरणयोग्य नाम हो । विगत लामो समयदेखि अमेरिकामा जीवन बिताइरहेका ढुङ्गेल नेपाली साहित्यका विविध विधा– कविता, गीत, कथा, नियात्रा, निबन्ध आदिमा सशक्त कलम चलाउने स्रष्टाका साथै एक कुशल पत्रकारसमेत हुन् । यसअगि नै उनका केही कविता, गीत र नियात्राका सङ्ग्रहहरू प्रकाशित भइसकेका छन् ।

ढुङ्गेलको तेस्रो कृतिका रूपमा प्रकाशित प्रस्तुत कथासङ्ग्रह **क्षितिजपारिका सपनाहरू** प्रकाशनको जिम्मेवारी अनेसासले पाएकोमा हामी गौरवान्वित छौँ । ढुङ्गेल एक आदर्श राष्ट्रवादी भएकाले उनका हरेक सिर्जनामा राष्ट्र धपक्क बलेको पाइन्छ । नेपाली मन, नेपाली पन, नेपाली ढङ्ग र शैलीहरू प्रस्तुत सङ्ग्रहभित्रका कथाहरूमा पनि यत्रतत्र पाइन्छन् । यसका अलावा प्रवासी जीवनका बाध्यता, पीडा र छटपटीहरू पनि उनका प्रस्तुत सिर्जनाहरूमा समेटिएका छन् । सरल र सरस भाषाशैलीमा लेखिएका उनका सबै कथाहरूले समस्त पाठकहरूलाई पक्कै पनि आनन्दानुभूति दिनेछन् । यस कृतिले नेपाली साहित्यको फाँटमा शेखर ढुङ्गेलाई अर्को थप उचाइ प्रदान गर्नेछ भन्ने विश्वास गर्दै भविष्यमा अझ सशक्त साहित्यिक सिर्जनाहरू नेपाली साहित्यले पाउन सकोस्, हार्दिक शुभकामना !

अन्तमा, प्रस्तुत कृति प्रकाशनमा प्रत्यक्ष/परोक्ष सहयोग गर्ने सबै महानुभावहरूप्रति सादर धन्यवाद व्यक्त गर्दै विज्ञ पाठकहरूबाट प्रस्तुत कृतिबारे प्रतिक्रिया र सुझावहरू प्राप्त हुने आशा एवम् विश्वास गर्दछु ।

२०११ जुन ११
कोलोराडो, अमेरिका

ज्ञानेन्द्र गदाल
अध्यक्ष
अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज

कथायात्राको घुमघाम

सम्बन्ध र सपनाहरूको छैन कुनै सीमा !

अनन्त साइनो र सम्बोधनमा सिर्जनाको हार्दिकता गाँसिएको हुन्छ । **क्षितिजपारिका सपनाहरू** मेरा लागि साइनो हो, सम्बोधन हो । अक्षरयात्रा र भावयात्राको गोरेटोमा भेटघाट भयो शेखर ढुङ्गेलसँग । यसलाई रङ, रेखा र बिन्दुको चौतारीमा एकाकार गरे कवि-कलाकार रमेश पौडेलले ।

शेखरको लेखकीय हृदयसँग नजिकिने अवसर जसरी हठात् भयो, अमेरिकी हतारोमा उनीसँग अकस्मात् कतै भेट भयो कि ? यो प्रश्नले मलाई उत्तरबिनाको जिज्ञासामा कताकति उभ्याउँछ ।

सपना र क्षितिज– दुवै परस्पर अमिल्दा भँगाला हुन्, संयोजनको एउटा आकारमा यतिखेर यिनले मूर्तता पाएका छन्– ढुङ्गेलबाट । रचना, शिल्प, गति, प्रस्तुति र आयाममा दुई खालको धर्ती यहाँ पाइन्छ ।

लामो समयदेखि पातालमा जिन्दगीको घामपानी झेलिरहेका कथाकार यस रचनाकारितामा तिनै इन्द्रेनी पोख्न उद्यत छन्, वेगवान् छन् र सम्झौताहीन छन् । एउटा हुटहुटी, एउटा आवेग र एउटा उत्फुल्ल सोच यी कथाका वरिपरि परिक्रमा गरिरहेको अनुभूत हुन्छ ।

यी बीसवटा स्फुट कथाले अनेक खालका चरित्र अँगालेका छन्, विषय बोलेका छन् र प्रस्तुति पस्केका छन् । विशेषत: अमेरिकी समाजको एकालाप र नेपाली संसारका कुनाकाप्चाबारे मज्जाले घुमाउँछन् कथाकारले । यस सङ्ग्रहका सबै कथाले मानिसका अनन्त तिर्खाको शल्यक्रिया, व्यक्तिसत्ताको घट्दो रूप, उदासीनताको आलाप र समाजका उखरमाउलाहरूका अत्यन्त सरल लेखाइ उतारेको ज्ञात हुन्छ ।

आज नेपालमा 'आखिरी जुवा' का पात्र पनि छन् । 'क्षितिजपारिका सपनाहरू' का चरित्र पनि छँदै छन् । 'प्रमुख अतिथिका आवाज' पनि छन् ।

सबैजसो कथाका केन्द्रीय पात्र हामी पाउँछौं– किरण । यो संयोग हो कि èृङ्खलाबद्ध सिर्जना हो ? अथवा नेपथ्य, रूपान्तरण वा

नवीनताको उद्घोषणमा कथाकारले किरणको परिकल्पना गरेका हुन् कि ? यस पात्रले कथाको मेरुदण्डलाई बलियो पारेको छ ।

कथामा जीवनबोध र समयको प्रतिक्रिया आवश्यक हुन्छ । ढुङ्गेलका सबै कथाले यी विशेषता समातेका छन् । पशुता, विडम्बना, पदको दुरुपयोग, घृणा र सामाजिक विध्वस्त सोचलाई धेरै कथामा पोखेका छन् कथाकारले । अझ अमेरिकी समाजमा गएर आफ्नो पहिचानको खोजीमा यात्रारत विवश, कठोर, करुण मनको हार्दिक अनुहार मैले पाएँ– 'गन्तव्य कस्तोकस्तो', 'क्रिस्टिना', 'आमा', 'भाग्यरेखा' आदि रचनामा । अर्को मर्ममय कथा 'फोनको घण्टी' मरुभूमिको उकुसमुकुस र चाहनाको èृङ्खलाबद्ध विस्फोटक सिर्जना हो ।

शेखरको कथाकारितामा सबै खालका पात्र र परिवेश ओर्लिएका छन् । कुनै रोजीछाडी वा स्वाद-बेस्वादको सीमा यहाँ भेटिन्न । नगरवधू, भ्रष्ट सुरक्षाकर्मी, आकुल आमा, विवश पिता, पतित पुत्री सबै खालका चरित्रलाई आफ्ना कथाका कुनै न कुनै घटनामा उभ्याएका छन् ढुङ्गेलले ।

जीवनका बेमेल कथा यहाँ छन् । जीवनका जितभन्दा हारका सन्दर्भ यहाँ छन् । जीवनका प्राप्तिभन्दा पराजयका कोसेली यहाँ बढी छन् । जीवनका कोमलभन्दा कठोर सत्य यहाँ आरेखित छन् ।

शरणार्थीका वेदनाको चर्को बोलीको कथानक बोकेर 'माया' अभिव्यक्त छ । कुकुरको एउटा पात्रले मानवीकृत रूप पाएर जापानको भूमिसम्ममा कथाकारले हामीलाई पुऱ्याएका छन् ।

देश छोडेर आफ्नो मन सधैँ उद्वेगको भुङ्ग्रोमा डुबाउनेहरूले एक हातमा आँसु र अर्को हातमा डलर लिएको तथ्य धेरै कथाका अन्तर्वस्तु भएका छन् । मुलुक छोड्नेहरूका कथा सबै रचनाको सेरोफेरोमा आएका छन् ।

मानिस, सत्ता, देश र परिचयका समान चरित्र यहाँ भेट्न सकिन्छ । सायद कथाकारको वर्तमान र विगतको सम्बन्ध यी कथाको

पेटबोली मानिन्छ, किनभने उनी आफै धेरै वर्षदेखि आप्रवासी जीवनमा डुबेका छन् चुर्लुम्म ।

'गरिबी' होस् कि 'निचोरिएको फूल'– यिनका पात्रले समकालीन नेपाली समाजका उत्कट स्वर, उद्भट विसङ्गति, उत्पात चरित्र उतारेकै छन् । आँसु, हिक्का र सहानुभूतिशून्य स्थितिहरूको बेलीबिस्तार लाएकै छन् । माथिल्ला कोटिका होऊन् कि अतिशय निम्न कोटिका– मन छाम्न, कम्पन बुझ्न र दृष्टि पर्गेल्न कथाकार लागेका छन् निरन्तर । सबैजसो कथाले मानिसमा घटिरहेका अर्थ, मानक महत्त्वका पक्षमा उरालेका छन्– टङ्कारा स्वरहरू ।

आञ्चलिकता र क्षेत्रीयताका सुकोमल राग धेरै कथाका विशेषता बनेका छन् । बोलीचाली र जनजिब्रो उतार्ने तिनको प्रयत्न देखिन्छ । अन्तर्तहभन्दा पनि फोटोजस्तो झिलिक्क प्रकाश फाल्ने कला शेखरको सिर्जनधर्मिताको लय मान्नुपर्छ ।

ठूलठूला दर्शन र भव्य मीमांसा उनले आग्रह गरेको पक्ष परेन कथानकमा । हाम्रै वरपरको सहज, सरल जीवनशैलीमा आइरहेका उतारचढाव र तिनमा व्यक्तिने प्रतिक्रिया नै शेखरको कथाकारिताको बलियो बोली हो ।

अझ मुलुक छाडेर जानेहरू एकातिर छन्, तिनका हेराइले यी कथामा बुझेको देश छ । अर्कोतिर देशभित्रै रहनेहरू छन्, तिनका खपाइले यी कथामा ठाउँ पाएका छन् । जानेहरू र रहनेहरूका माझमा यो देशको तस्बिर उतार्न कथाकार जुटेका छन्– **क्षितिजपारिका सपनाहरू**मा ।

सधैंको अस्तव्यस्तता, सधैंको तिक्तता, सधैंको शून्यता, सधैंको आकुलता– यी सबैलाई कथाकारले संयोजक ठानेका छन्, शिल्प बुनेका छन्, गति हालेका छन् र आयाम अँगालेका छन् । धेरै ठाउँमा कथा र कथाकारको लुकामारी भएको छ ।

डोऱ्याउन खोजेको बालक हुत्तिएर जान खोजेजस्तो, बजाउन खोजेको मुरलीले बेग्लै धुन निकालेजस्तो, लेख्न खोजेको प्रेमपत्र भिन्नै भएजस्तो, रोपेको बिरुवा अर्कैको थाँक्रोमा जान खोजेजस्तो– यस्ता थुप्रै 'जस्तो' ले यी कथा अलि फरक धारका लाग्छन् ।

समकालीन लेखनले एउटा नौलो आस्वादनको खोजी गरिरहेछ । प्रयोगले उपल्लो आकाश ताकेको छ । अर्थहरूले व्यापक संसार

अँगालेको छ । चिन्तनको उपस्थिति वर्चस्वपूर्ण हुन खोजेको छ । शेखरका कथाले यिनै मोड र कुइनेटामा कहाँनिर उभ्याएका छन् आफूलाई ? पाठकले निश्चय नै सम्बोधन गर्नेछन् भन्ने आशा गर्न सकिन्छ ।

देखेको कुरा पनि साहित्य हो आँखाका लागि । सुनेको कुरा पनि साहित्य हो कानका लागि । तर नदेख्ने र नसुन्ने मनका लागि साहित्य लेख्नु लर्तरो कुरो होइन । त्यो सम्प्रेष्य हुनुपर्‍यो, कलात्मक पनि र भावबोधक पनि ।

सङ्गीत र स्वरको तरानामा लट्ठिने हृदयलाई अक्षरको कठोरतामा तान्ने प्रयास हरेक लेखकका लागि जटिल छ, असहज छ र बलशाली छ । यो बल, असहज र जटिल यात्रामा शेखरले पाइला चालेका छन् ।

अरूले ढुङ्गा छापेर बनाएको राजमार्गमा दौडेर विजयी हुनुको सार्थकताभन्दा आफैले नङ्ग्रा खियाएर बनाएको गोरेटोमा लम्कनुको सन्तोष मूल कुरा हो । यसमा शेखरको मन रमोस्, दृष्टि पुगोस्, कम्पन उठोस् ।

कुनै कथा हतारमा टुङ्गिएका छन् । कुनै कथाले बिस्तार खोजेका छन् । संवाद र कथानकको संयोजन अझ विशिष्ट बन्न सक्ला तर कुनैकुनै कथाले शैलीको छहारी खोजेका छन् ।

शेखरले अमूल्य समय लगाए कथा लेखनमा । परदेशमा समय बेच्नुपर्छ । हामी आस्वादकबाट उनको मूल्यवान् सिर्जनालाई अब हार्दिक, उत्साह र क्याबात प्रतिक्रियाका निम्ति केही समय लगाउनु अपेक्षित छ ।

धेरै नेपालीका सपनाहरू बिपनासँग सधैँलाई विमुख नहोऊन्– शेखरसँग आशा, रहर र पर्खाइका बोली बोल्छु । क्षितिजपारिबाट वारितिरै फर्कून्– नेपालीको कम्पन र मायालु अँगालो ।

शेखरको सिर्जनकर्ममा तीव्रता आउने आशा गरेको छु । बधाई छ धेरै ! शुभकामना छ धेरैधेरै !!

युवराज नयाँघरे

ढुङ्गेलका कथाबारे

लामो समयदेखि अमेरिकामा बसोवास गर्दै आएका कथाकार शेखर ढुङ्गेल लेख्नमा निक्कै जाँगर चलाउँछन् । उनले 'नेपाली पोस्ट' को सुरुआत (सन् २००१) देखि नै आफ्ना विभिन्न विधाका रचनाहरू पठाएर सहयोग गर्नेमध्येको एक लेखकका रूपमा परिचय बनाएका छन् ।

पछिल्ला दिनहरूमा अमेरिका तथा विश्वका अन्य भागबाट निस्कने अनलाइनहरूमा आउने लेख-रचनाहरूका कारण उनी समाचार, विचार, साहित्य पढ्ने पाठकहरूमा परिचित छन् ।

नेपाली साहित्य नेपालभित्र मात्र सीमित छैन– संसारका जुनजुन भागमा नेपाली भाषीहरू पुगेका छन्, त्यहाँ नेपाली साहित्यको प्रभाव र प्रवर्द्धन उत्तिकै मात्रामा बढिरहेको छ । 'प्रवासी साहित्य' लाई थप आयाम दिने क्रममा अमेरिकी भूमिमा कर्मरत ढुङ्गेलको प्रस्तुत कथासङ्ग्रह **क्षितिजपारिका सपनाहरू**ले नेपाली साहित्यका क्षेत्रमा उच्च योगदान पुऱ्याउनेछ ।

ढुङ्गेलका कथाले नेपाली समाजमा देखिएका विकृतिहरूलाई कथ्यको माध्यमबाट उजागार गरेका छन् । 'पुस्तक प्रकाशन गरेर मात्र साहित्यकारको जीविकोपार्जन हुँदैन' भन्ने कतिपय नेपाली साहित्यकारहरूको भनाइलाई 'आखिर जुवा' कथाले प्रस्ट पारेको छ । वास्तवमै साहित्यिक पुस्तक प्रकाशन गरेर कसैले पनि जीवीकोपार्जन गर्न सकेको देखिँदैन । हाल आएर नेपाली पाठकसमेत पुस्तक पढ्नेभन्दा इन्टरनेटमार्फत आफ्नो दिनचर्या बदल्ने अवस्थामा पुगेका छन् । त्यसै पनि साक्षरता स्तर न्यून रहेको नेपाली समाजमा पाठकको सङ्ख्या त्यसै पनि कमी हुने नै भयो । त्यसमा पनि साहित्य पढ्ने पाठक पाउन अरू धेरै गाह्रो छ । पुस्तक पढ्ने पहिलेको सङ्ख्यामा समेत हिजोआज कतै कमी त आइरहेको छैन ? भन्ने लाग्न थालेको छ । यसको प्रमुख कारण सहरिया र पढेलेखेका वर्गहरूले इन्टरनेटको प्रयोग बढी नै गर्न थालेको बुझिन्छ । यस्तो अवस्थामा पुस्तक प्रकाशन गरेर घरबार चलाउने कुरा नसोच्दै राम्रो होला ।

तर त्यसो भन्दैमा पुस्तक प्रकाशन नै नगर्ने हो भने नेपाली साहित्य ओझेल पर्छ । त्यसैले साहित्यकारहरूले आफ्नो घरबार चलाउने

अन्य व्यवसाय वा जागिर गरेर पनि नेपाली साहित्यका लागि प्रशस्तै योगदान गरेका छन् । अनि प्रकाशन गरेर बजारमा पुस्तक पठाएकै छन् । यसलाई हामी सबैले सराहनीय ठान्नुपर्छ । त्यही मेसोमा कथाकार ढुङ्गेल अमेरिकामा बीसौँ वर्ष बसेर पनि नेपाली दिनचर्या र नेपाली यथार्थतालाई मात्र नभएर परदेशमा आएका नेपालीहरूको पीडा र भोगाइलाई समेत आफ्ना कथाहरूमार्फत पाठकसमक्ष पुऱ्याउन सफल भएका छन् ।

कथाकार ढुङ्गेलको यस सङ्ग्रहमा समाविष्ट कथाहरू इन्टरनेट हेर्ने पाठकहरूले पढिसकेका भए पनि नेपाली यथार्थ र विदेशमा रहेका नेपालीहरूको मनोविज्ञानलाई कथाकारले उजागर गरेर नेपाल र नेपालबाहिर रहेका नेपाली पाठकका लागि नौलो आयाम थपेका छन् भन्दा फरक पर्दैन ।

सङ्ग्रहका प्रायः सबै कथाले नेपाली जीवन बोकेको छ, विकृति-विसङ्गति उजागर गरेको छ । 'विवशता' कथाले पोखेको यथार्थ होस् वा सानैमा अमेरिकी धर्मपुत्री बनेकी कल्याणी (कान्छी) अर्थात् क्रिस्टिना अमेरिकाबाट पुनः नेपाल आएर आफ्ना जन्म दिने बाबुआमाको काखमा पुग्दाको क्षणलाई होस् अथवा तिब्बती कसरी नेपाली राहदानी बनाएर अमेरिका आउँछन् भन्ने कतिपय यथार्थलाई कथाकार स्वयम्ले नजिकबाट देखेभोगेको मात्र छैन, आफ्ना कथामार्फत उजागर पनि गरेको छ ।

यथार्थपरक शैलीका यी कथाले सामाजिक दायित्व र संरचनालाई सबैका सामु देखाइदिएका छन् । पत्रकारितादेखि कलाकारिता अनि साहित्य, राजनीति र अमेरिकामा रहेका नेपाली समाजको विकृति र विखण्डनकारी प्रवृत्तिमा कलम चलाउँदै सबैका सामु यथार्थ कुरा राख्ने लेखकीय दायित्वलाई उनले राम्ररी निर्वाह गरेका छन् भन्ने कुरामा भने शङ्का छैन ।

वासिङ्टन डीसी **गिरीश पोखरेल**

हार्दिक बधाई, मुरीमुरी शुभकामना !

शेखरका सय कविता समुद्रका छालझैँ उर्लिएका थिए । उनका कविताका भाव, बनोट र बान्कीहरू खहरेजस्तै सुसाएझैँ लाग्थ्यो, फूलका थुँगाहरू मालामा उनीएझैँ लाग्थ्यो– शेखरका कविता हिमाल, पहाड, तराई, माया, प्रेमका सन्देशजस्ता लाग्थे ।

त्यसपछि प्रकाशित भयो– **कटुन्जेदेखि क्यालिफोर्नियासम्म** । अत्यन्त चित्ताकर्षक शैलीमा लेखिएको यो यात्रासंस्मरण पढ्न थालेपछि छोड्न मन लाग्दैन । एउटा नेपाली युवाभित्रको हुटहुटी, छटपटी तथा जनयुद्धका लाभा र लाप्साले क्षतविक्षत नेपाली समाजको सजीव चित्रण हो यो यात्रासंस्मरण ।

अमेरिकावासी शेखर ढुङ्गेल अब नेपाली कथाकारका रूपमा झुल्किएका छन् । कविता, यात्रासंस्मरणजस्तै आकर्षक शैली र सन्देशात्मक छन् उनका कथाहरू । एक शेखर साहित्य फाँटका अनेक पहाड र शिखर हुन् । अनलाइनहरूमा परिचित नाम हो शेखर । नेपालमा जन्मिएका शेखर भाग्यले अमेरिकालाई कर्मथलो बनाउन पुगे पनि उनको मनभरि जन्मथलो कटुन्जे छ, मुटुभरि जन्मभूमि नेपाल । उनका सबै रचनामा नेपाली माटोको सुगन्ध फैलिएको पाइन्छ । उनको परिचय नेपाली राष्ट्रियता हो । उनीभित्रको यही विशेषताले उनलाई साहित्याकाशको ध्रुव ताराझैँ चम्किलो छवि बनाइराख्नेछ भन्ने मेरो विश्वास छ । शेखर साहित्यको सगरमाथा चढ्दै जाऊन्, उनलाई सफलता मिल्दै जाओस्, । हार्दिक बधाई छ, मुरीमुरी शुभकामना !

काठमाडौँ **राजन कार्की**

लेखकीय

नेपाली साहित्याकाशको दूर क्षितिजको पिलपिलाउँदो प्रकाशमा देखिने सूक्ष्म कणको आभासस्वरूप पाठकमाझ प्रेषित छ– **क्षितिजपारिका सपनाहरू**। निरन्तरता दिनै पर्ने अनिवार्य नियतिलाई पछ्याउँदै जीवनका उकालीओरालीमा देखे-भोगेका सामाजिक परिवेश र सीधा-घुमाउरा अनुभवहरूलाई शब्दमा उतारेर कथाको नाम दिने धृष्टता गरेको छु।

जति टाढा भयो त्यति आफू हुर्केको माटोको माया र आफन्तको सम्झना बढ्दो रहेछ। अझ दार्शनिक चाणक्यको भनाइ "अरूको भरमा बाँच्नुजस्तो ठूलो पीडा अर्को केही हुन्न" सम्झँदा मातृभूमिबाट विदेशिने प्रत्येकले यसको यथार्थ अनुभव गरेको हुनुपर्छ। मानिसले जीवनलाई आफूअनुकूल बनाउन के मात्र गर्दैन ? पहिले त राम्रै सोच्छ, पार नलागेपछि व्यक्ति, समाज र देशलाई नै तिलाञ्जली दिन, नैतिकताका पर्खाल भत्काउन हिचकिचाउँदैन। यिनै सामाजिक परिवेशका व्यथाले मेरो पहिलो कथासङ्ग्रहको रूप पाएका छन्। विश्वास छ– मेरो दुस्साहसलाई साहित्यानुरागी विज्ञ पाठकहरूले मनन गर्दै यसमा रहेका अल्पता र अपूर्णताप्रति सल्लाह र सुझाव दिएर प्रोत्साहित गर्नु हुनेछ।

प्रस्तुत पुस्तक प्रकाशनमा सहयोग, सल्लाह र सुझाव दिनुहुने अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजका अध्यक्ष ज्ञानेन्द्र गदालप्रति कृतज्ञता व्यक्त गर्नु मेरो पहिलो कर्तव्य हुनेछ। साथै पुस्तक प्रकाशनका लागि आवरणलगायत सम्पूर्ण जिम्मेवारी वहन गरिदिनुहुने अनन्य मित्र कवि, गीतकार, कलाकार रमेश पौडेलप्रति अन्तरहृदयबाट आभार एवम् धन्यवाद ज्ञापन गर्दछु। गहन भूमिका लेखिदिनुहुने वरिष्ठ साहित्यकार युवराज नयाँघरे, कथाहरूलाई परिमार्जनसहित निरन्तर आफ्नोपनको अनुभव गराई प्रकाशित एवम् सल्लाह र सुझाव दिनुहुने नेपाली पोस्ट डट कम वासिङ्टन डी.सी. का गिरीश पोखरेल, शुभकामना दिनुहुने वरिष्ठ पत्रकार कपिल काफ्ले, नेपाल टुडे डट कम डट एनपी एवम् गोरखा एक्सप्रेसका राजन कार्कीलाई म सधैँ सम्झिरहनेछु।

समसामयिक साहित्य अन लाइन बेल्जियमका कृष्ण बजगाईं, हाम्रो समाज डट कम क्यालिफोर्नियाका ध्रुव थापा, नेपाल डट नेप्सटाइम डट हङकङका विनय शाह, ग्लोब नेपाल डट कम मेरिल्यान्डका गौतम दहाल, नेपाल क्याफे डट कम भर्जिनियाका सुशील

न्यौपाने, जनपुकार डट कम नेपालकी सोनिया के.सी., मझेरी डट कम टोक्यो जापानका कुमार पौडेल, नेपाल अरब डट कमका चिजकुमार श्रेष्ठ, एभरेस्ट टाइम न्युयोर्कका आङ छिरिङ शेर्पा, गायक तथा सङ्गीतकार मित्र टीका भण्डारीप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

कथाहरूको अन्तर्वस्तु तथा मौलिकतामा खलल नपुऱ्याई परिश्रमपूर्वक सम्पादन, परिमार्जन तथा भाषा-व्याकरणगत शुद्धीकरण गरिदिनुहुने मित्रहरू होम भट्टराई, भेषराज घिमिरे र मुद्रणमा सहयोग गर्ने लुष प्रेसलगायत मेरा सबै शुभचिन्तकहरूलाई धन्यवाद दिन चाहन्छु ।

ओमाहा नेब्रास्का, **शेखर ढुङ्गेल**
संयुक्त राज्य अमेरिका

कथाक्रम

मनको मोती/१
फोनको घण्टी/६
भाग्यरेखा/९
खरानीको आगो/१३
वितृष्णाका लहरहरू/२०
भ्रम/२५
आफैले किनेको दोसल्ला/२९
आमा/३३
माया/३९
आकाशमुनि/४४
गरिबी/४८
अन्तिम प्रहर/५३
क्षितिजपारिका सपनाहरू/५८
समयान्तर/६४
निचोरिएको फूल/६९
क्रिस्टिना/७४
प्रमुख अतिथि/८१
आखिरी जुवा/८५
विवशता/८९
गन्तव्य कस्तोकस्तो/९२

मनको मोती

तपतप आँसुका ढिका खस्न थाल्छन्, किरण आफैलाई प्रश्न गर्छ– 'धत्, के भएको होला मलाई ? यस्तो सामान्य कुरामा पनि भावुक हुने र आँसु नै टप्कने गरी ? अरूले सुने भने गलल्ल हाँस्न बेर छैन ।' फेरि सोच्छ– 'ल म त एकछिन भावुक भएर आँसु झारेँ वा एकछिनका लागि म बहुलाएँ रे तर यी साकेको (परम्परागत जापानी रक्सी) गिलास, फल, फूलका गुच्छा चढाएर झुक्दै श्रद्धासुमन व्यक्त गर्ने जापानीहरूलाई के भन्ने ?' किरण आँसु रोक्न मनलाई अन्तै दौडाउन चाहन्छ तर सक्दैन । ऊ एकैछिन लामो श्वास फेरेर मनलाई स्थिर बनाउन खोज्छ तर उसको दृष्टि एकोहोरो त्यही सालिकमाथि बस्छ ।

जापानको राजधानी टोक्योको पश्चिमी भागको केन्द्रबिन्दु सिबुया स्टेसन वा उत्तरी ढोका अर्थात् जापानको प्रसिद्ध 'हाचिको पार्क' मानव संवेदनशीलताको एक अनुपम उदाहरण बनेको स्थान जहाँ पुगेपछि त्यो हाचिकोको सालिक र त्यसमाथि जापानी नागरिकको श्रद्धालाई एकछिन सोच्ने हो भने भावविह्वल नहुने मानव को होला ? आखिर किरण पनि त यही समाजको एउटा पात्र हो– भावनामा बहकियो । रोक्दारोक्दै उसका दुवै आँखा रसाएर टप्किन थाले । बगलीबाट रुमाल निकालेर आँखा पुछन थाल्यो ।

किरण टोक्यो पुगेको दुई हप्ता मात्र भएको थियो । घुम्ने क्रममा समय बिताउन दैनिक एक पटक पुग्ने गर्थ्यो हाचिको पार्क । किरण हुर्केको समाज र जापानी समाजमा अकल्पनीय भिन्नता थियो– कहाँ आफ्नो कारणले अरूले दुःख नपाओस् भन्ने महानता कहाँ अरूलाई दुःख दिएर रमाउने निकृष्टता ! जापानीहरूको बोल्ने मिठास, सहयोगी भावना अनि कोमल हृदय देख्दा लाग्थ्यो– हामी त २ सय ११ वर्ष पुरानो अवस्था र सोचमै छौँ वा प्रचीन मानवबस्तीमै छौँ । कहाँ मानवीय संवेदनशीलताको बीउ खोज्नुपर्ने समाज कहाँ संवेदनशीलताको विशाल महासागर ? कहाँ सामन्ती सोचको बूढो वृक्ष ? कहाँ मानवीय मूल्य र मान्यताको अग्लो शिखर ?

किरणको मन बारम्बार त्यही सालिकवरिपरि घुमिरह्यो । चढाएको भेटी, फल, फूलका गुच्छा, साकेको गिलास देखेर किरण अचम्मित भयो । न त त्यो कुनै चाडपर्व थियो न त कुनै विशेष दिन ! मनका धनी जापानीहरू त्यो हाचिकोको अद्भुत व्यवहारदेखि

भावविह्वल भएर कसलाई कहिले अनुकूल हुन्छ त्यही समय श्रद्धासुमन चढाउने गर्दा रहेछन् । अझ मज्जा भनौं कि गम्भीर कुरो त के भने त्यसरी चढाएको फल, साके अनि खानाबाट त्यहाँ वरिपरि बस्ने केही घरबारविहीन जापानीहरूका लागि गुजारा गर्ने स्रोत बनेको छ त्यो सालिक ।

'स्वार्थले वशीभूत भएर अर्काको ज्यान मार्ने मानवसंसारमा त्यस्तो जनावर पनि छ जो मित्र (मालिक) को अनुपस्थितिमा उसलाई कुरेरै प्राण त्याग गर्छ तर अन्त जाँदैन । कस्तो महान् मन त्यो हाचिकोको ?' –सोच्दै फेरि भावुक भयो किरण । तामा रङमा बनाइएको हाचिकोको सालिकअगाडि बसेर पर्खिएको घण्टौं बित्दा पनि किरणका मित्र आइपुगेका थिएनन् । किरणको मन एक्कासि दशकौं अगाडिको मोतीमाथि पुग्यो ।

किरणले घरमा मोती नामको साथी पालेको थियो । एक दिन रुवाउँदै मरेर गयो तर जहिले पनि जब त्यो प्राणी देख्छ, उसको मनमा मोतीको अनुहार नाच्न थाल्छ र किरण भावुक भइहाल्छ ।

किरणको मोती जसलाई उसले आँखा खुलेकै दिन आफ्नो नातेदारको घरबाट एउटा हत्केलामा राखेर सुमसुम्याउँदै, गालामा टाँस्दै खुसी भएर ल्याएको थियो । प्लास्टिकको बोतलबाट दूध पियाएर आफ्नै ओछ्यानमा हुर्काएको मोती जब ठूलो भयो, ऊ एउटा अपत्यारिलो स्वभाव देखाउन थाल्यो । सुरुसुरुमा त बिरामी पऱ्यो कि भनेर चिन्ता पनि हुन्थ्यो ।

किरण विगतमा भुल्छ– 'प्रत्येक आइतबार मोती उपवास बस्थ्यो । अरू दिन मासुको गन्ध थाहा पायो कि भान्छावरिपरि पुच्छर हल्लाएर घुम्ने मोती आइतबार भने मुखमा कोच्याइदिँदा पनि ख्याकख्याक गर्दै भाग्थ्यो । रिसाएझैं गरी ऊ अगाडि नै आउँदैनथ्यो । उसको भाँडोमा हालिदिएको खानेकुरा पनि कहिल्यै खाँदैनथ्यो । प्रत्येक बिहान ढोका खोल्नेबित्तिकै मेरो ओछ्यानमा आएर लडिबुडी गर्थ्यो ।'

अति व्यस्त सिबुया स्टेसन जहाँ एकै पटकमा हजारौं सवारीको आवागमन हुन्छ । सबैको हतारो, सधैंको चटारो जापानीहरूको दैनिकी किरणका लागि अनौठो थियो । त्यो ठूलो भीडमा एक्लो किरण मित्रको प्रतीक्षामा बसि नै रहेको छ । अगाडिको सालिकले किरणलाई मोतीलाई सम्झन घचघच्याइरहेको छ आखिर गरोस् पनि के ? बोल्ने साथी कोही नभएको समयमा ?

अरूभन्दा पनि किरणलाई मोतीका अन्तिम दिनहरू सधैँ याद आइरहन्छन् । मोतीले भर्खर चार वर्ष काटेको थियो । अचानक उसको पछिल्लो भाग शिथिल भयो । पछाडिका खुट्टाहरूले काम गर्न छोडे । अगाडिका दुई खुट्टाको बलले ऊ शरीरलाई घिसारेर यताउति गर्थ्यो । उसका आँखामा आँसु तर्किन थाले । अस्पताल पुऱ्याएको त हो किरणले तर औषधिले कामै गरेन । अन्तिम दुई-तीन दिन मोतीले अचम्मकै हर्कत देखायो । जति चोटि बोकेर उसलाई उसको ओछ्यानमा पुऱ्याइदियो सकीनसकी घस्रेर बाहिरै जान्थ्यो । एक चोटि त गाली पनि खायो, बिचरा बोल्न सक्ने भए त मनको बिलौना गर्थ्यो होला नि ! यसो किरणको मुखमा हेऱ्यो, त्यत्ति । उसको मृत्युपश्चात् मात्रै अनुमान गऱ्यो किरणले– मोतीको अन्तस्करणले जीवनयात्रा पूरा भएको थाहा पाइसकेको रहेछ । त्यसैले घरभित्र मरेर ऊ अगति हुन चाहँदैनथ्यो होला सायद..... ।

हुन पनि प्रत्येक आइतबार व्रत बस्ने मोतीलाई त्यस्तो अन्तर्ज्ञान भएकै हुनुपर्छ । अन्तिम दिन त्यसै गरी बगैँचामा सुतिरहेको मोतीलाई बोकेर उसको ओछ्यानमा राखिदिएको थियो किरणले । मोतीका आँखाबाट आँसु झरिरहेका थिए । 'यताउति जाने होइन नि' भनी हप्काउँदै उसको टाउको सुमसुम्याएर खाना आगाडि राखिदिएको थियो किरणले तर उसले वास्तै गरेन । भोक लागे खाला नि भनी किरण सुत्न गएको थियो ।

अर्को दिन बिहान नियमित ढोकामा कुइँकुइँ गर्ने मोतीको चालचोल थिएन । किरण सशङ्कित भयो– 'ए मोती, कता छस्' भन्दै उसको ओछ्यानतर्फ गयो । मोतीले टसमस नगरेको देखेर टाउकोमा हात राखेर ब्यूँझाउन खोज्यो ! मोती कहिल्यै नब्यूँझने गरी सुतिसकेछ । शरीर अररो भइसकेछ । किरणले रुँदै आमालाई बोलायो– 'आमा मोती.... !'

'के भो मोतीलाई ?' आमा के भन्दै थिइन्, तर मोतीले छोडेर गइसकेछ ।

'यस्तै हुन्छ भनेर हो मैले कुकर नपालौँ भनेको, छोराछोरीझैँ हुर्कायो, बढायो रुवाएर जान्छन्' भन्दै आमा भान्छातिर लागिन् । किरणले मोतीलाई बगैँचामा लगेर गाडचो र त्यसमाथि बिरुवा रोप्यो अर्को दिन– मोतीको सम्झनामा ।

त्यही मोतीको मित्र किरण आज फेरि टोक्योको सिबुयामा रहेको हाचिकोको कथाले भावुक भएको छ– The Faithful Dog Chuken

Hachiko. 'किन भगवान्ले कुकुर बनाए ?' ऊ मनमनै प्रश्न गर्छ। किरणको मनमा घुमीफिरी हाचिकोको मित्र कि मालिक ? प्रोफेसर उइनो UENO र उसको प्रेमपूर्ण भावको विशालताको मापन दौडिरहन्छ। करिब आठ दशक पुग्न लागेको त्यो हाचिकोको सालिक र कथा कुनै सामान्य मानिसको भन्दा अतुलनीय छ।

प्रोफेसर र हाचिको प्रत्येक दिन स्टेसनसम्म सँगै आउँथे। हाचिको घर फर्कन्थ्यो, बेलुका फेरि लिन आउँथ्यो। त्यो दृश्य त्यहाँ यात्रा गर्ने अरू जापानीलाई पनि थाहा थियो। एक दिन प्रोफेसर उएनोको हृदयाघातद्वारा कार्यालयमै जीवनलीला समाप्त भयो। हाचिको प्रत्येक दिन उही समयमा स्टेसन आउँथ्यो अनि अन्तिम रेलको समयसम्म कुर्थ्यो र घर फर्कन्थ्यो। त्यो क्रम निरन्तर दश वर्षसम्म चल्यो। कसैले हाचिकोलाई उपचार गरिदिन्थे त कसैले खाना खुवाउँथे। एक दिन (03-08-1935) हाचिकोको त्यही स्टेसनअगाडि मृत्यु भयो। हाचिकोको Loyalty देखेर प्रभावित भावुक जापानीहरूले सालिक बनाएर आजसम्म उसको सम्झना र उसप्रति श्रद्धासुमन चढाइरहेछन्। यही कथाले किरणको आँखा रसाएको थियो।

"किरण !" पछाडिबाट माधवले धाप मार्दै सोध्यो, "के भो, उदासजस्तो देखिन्छौ त ?"

"ठीकै छ। तिमी ढिला आएर मलाई मेरो अतीतमा फर्कने मौका दियौ", किरण भावुक थियो, "तिमीलाई थाहा छ यो हाचिकोको सालिकको कहानी ?" किरणले चार वर्ष टोक्योमा बिताइसकेको माधवलाई सोध्यो। "धत् किरण ! तिमी पनि, त्यो कुकुरको सालिक त हो ! के जान्नुपर्‍यो ?"

माधवको जबाफ सुनेर किरणले भन्यो, "त्यसो होइन यार। यो हाचिकोको कथा मननयोग्य छ।"

किरणले हाचिकोको कथा सुनायो। माधव पनि एकछिन टोलाएजस्तो भयो र भन्यो, "अचम्म ! यो त मानिसभन्दा धेरै गुणा..."

किरण र माधव गन्तव्यतिर लागे।

किरणको मनको मोतीले छोडेर गएको दुई दशक नाघिसक्यो। मोतीपश्चात् उसको सम्झना भुलाउने बहानामा मित्र बनाएर पालेको लक्की र रक्कीले समेत मोतीकै बाटो पछ्याइसके तर पनि मोतीलाई भने भुल्न सकेको छैन किरण। 'मोती बोल्न सक्ने हुँदो हो त निकै ज्ञानको कुरा सिकाउँथ्यो होला ?' किरण आफैले आफैलाई 'धत्' भन्छ–

'म कहाँ उडिराखेको छु ? जो बित्नु बिति त सक्यो, कोहीसित कुरो गऱ्यो, हाँस्छन् बौलाहाजस्तो मान्छे भनेर ।'

किरण जहिले सिबुया स्टेसन पुग्थ्यो, एक पटक हाचिकोको सालिकलाई हेर्थ्यो, छुन्थ्यो । धेरै पटक अरूको फोटो खिचिदियो हाचिकोसित अनि आफ्नो पनि खिच्यो । मोती र हाचिको मनका मित्र बनेका छन् किरणका लागि ।

•

फोनको घण्टी

मध्य रातमा ट्रिरिङ...ट्रिरिङ... फोनको घण्टी बज्यो । दिनभरको थकाइले चूर भएर मस्त निन्द्रामा परेको किरणका लागि त त्यो बमको धमाका जस्तै लाग्यो । मनमा धेरै आशङ्काहरूले परेड खेल्न थाले । हुन पनि सुखको खेती गर्न परदेशमा बसेको बिचरो किरणका लागि मध्य रातमा बजेका हरेक घण्टीले अशुभ समाचार मात्र सुनाउँदै आएका छन् ।

दशक बितिसक्यो किरण लाहुरे बनेको । निम्न वर्गीय परिवारमा सानै छँदा बाबु गुमाएको किरणले आवश्यक शिक्षा पाउन सकेन । परिवारको जेठो छोरो थियो ऊ– तीन भाइ र दुई बहिनीहरूको शिक्षा, विवाह अनि विधवा आमाको रेखदेखमा भएको जग्गाजमिन केही बेच्यो त केही जमिनदारकोमा चर्को ब्याजमा धितो राखेको थियो । जागिर खोज्ने प्रयास शिक्षाको अभावमा सफल भएन । भारतीय र बेलाइती पल्टनमा कोसिस गऱ्यो, सफल भएन । हुर्कंदै गरेका दुई सन्तानको खर्च पनि बढ्दै थियो । पहुँच, सिफारिस, कोसेली केही पनि जुटाउन नसक्ने किरणका मनमा भविष्यमा सुख पाउने र वर्तमानको माग पूरा गर्ने एउटै मात्र उपाय विदेश गएर मजदुरी गर्न जुऱ्यो ।

निक्कै प्रयासपछि बल्ल अरबमा एउटा काम मिलेको थियो– भेडाका बथानसित लाप्पा खेल्दाखेल्दै दशक बितेको उसलाई पत्तै भएन । तर उसको शारीरिक, मानसिक र पारिवारिक अवस्थामा आएको उथलपुथलले भने किरणको जीवनले धेरै सुनामी पार गरिसकेको छ । धेरै आँधीका धक्काले किरणका आँसु सुकाइसकेको छ । कमजोर, शिथिल अनि नीरस किरण कसैको आशाको त्यान्द्रो मात्र भए पनि ऊ आफ्नै लागि आशावादी छैन । समयान्तरले उसका सपनाहरू बदलिएका छन् । उसका बाटाहरू भत्किसकेका छन्, उसको गन्तव्य अन्धकारतर्फ धकेलिएको छ ।

यो घण्टीले पनि अशुभ समाचार नै लिएर आएको त होला नि ! उसमा फोन उठाउने चाहना रहेन । बरु प्रत्येक घण्टीसँगै ऊ अतीतमा फर्किंयो ।

लाहुर हिँडेको तेस्रो वर्षको एक रात बजेको घण्टीसँगै 'घरको फोन आयो' भनेर खुसीले उफ्रेर फोन उठाएको मात्र के थियो उताबाट

किरणकी आमाले रुँदै सुनाइन्– जीवनमा सँगै बाँच्ने सँगै मर्ने बाचासहित सिन्दुर लाएकी किरणकी पत्नी सीताले किरणसित अब आशाभरोसा नरहेको भन्दै दुई नाबालक बच्चालाई सासूको जिम्मा लगाएर सुख खोज्न अर्कै पुरुषको हात समाती हिँडेको समाचार सुनाएकी थिइन् । त्यो रात पहिलो चोटि विदेशमा खुबै रोएको थियो किरण । उनीहरूकै सुख खोज्न आफ्नो जवानी धितो राखी मुग्लान पसेको किरणको भक्कानो छुटेको थियो त्यो रात । त्यसपछिका दिनहरू न निन्द्रा न भोकमा बित्तै गएका थिए । चाँडै घर फर्कने विचारले किरण अधिक काममा खट्न थालेकाले कमजोर बन्दै गएको थियो ।

फर्कने इच्छा नगरेको होइन किरणले तर के गरोस् ? उसको लाहुर आउँदा लागेको ऋण तिर्दै थियो । कमाएजति साहूको ब्याज र स्याज अनि बच्चा र जीवनसँगिनीको खुसका लागि खर्चंदै किरण खाली हात थियो । खाली हात लिएर कसरी फर्कने ? केही कमाउने अनि स्वदेश गएर केही गर्ने सोचेर किरण मरुभूमिको रापमा पिल्सिएर काम गर्दै जीवनयात्रा लम्ब्याउँदै थियो– आफ्ना सबै खुसी, यौवन र उमङ्गलाई खरानी बनाएर ।

केही महिनापछि एक रात यसरी नै आफ्नी जन्म दिने आमा र मातृभूमि सम्झेर आँसु झार्दाझार्दै निदाएको थियो ऊ । ट्रिरिङ...ट्रिरिङ... को आवाजसँगै उसले झम्टेर फोन उठायो । उताबाट आएको भाइको आवाजमा 'दाइ, आमाले तपाईंको बाटो हेर्दाहेर्दै यो संसार छोडेर जानुभयो आज... ...' भन्ने बाक्य के सुनेथ्यो थप सुन्ने र सोध्ने साहस भएन । उसका आँखाबाट बलिन्द्र आँसु टप्किन थाले, हात-खुट्टा कामे, रातभर रोयो, छटपटायो । मरुभूमिको गोठमा उसको रोदन सुन्ने अनि सान्त्वना दिने को थियो र ? जीवनको बाँकी यात्रा अब पूरा भएजस्तो लाग्यो किरणलाई । ऊ काममा पनि गएन त्यो दिन । साहूले नोकरीबाट निकालिदियो । उसलाई बिस्मात लागेन किञ्चित् पनि । घर फर्कने सोचेको थियो तर के गरोस्– भएको पैसा अस्ति मात्र आमालाई दर्शै मनाउन पठाएको थियो । हवाईखर्चसमेत थिएन । चिनेका साथीहरूसित बिन्ती गऱ्यो, साथीहरूको पनि व्यथा उस्तै थियो ।

फर्कने खर्चकै लागि किरण फेरि अर्को ठाउँमा काम गर्न थाल्यो । आमालाई सम्झेर घरीघरी रोइरहन्थ्यो किरण ।

एक दिन साहूको ऋणको हिसाब गऱ्यो– सावाँ जति त ब्याजमै तिरिसकेको रहेछ किरणले । आफ्नो बास भएको घरजग्गा मात्र फिर्ता पाए पनि गाउँ फर्कने र त्यहीँ मर्ने इच्छा सुनाएको थियो केही

दिनपहिले साहूलाई फोन गरेर किरणले । साहूले कुनै जवाफ नदिई फोन राखेको थियो । किरण विक्षिप्त हुँदै 'मरुभूमिमै मरिने हो कि, बालबच्चाको के हाल होला' भनी सोच्दै पिल्सिरहेको थियो । दिनप्रतिदिन अशक्त पनि हुँदै गएको किरणको निन्द्रामा समेत आशावादी हुने सपनाहरू आउन छाडिसकेका थिए ।

ट्रिरिङ...ट्रिरिङ... घण्टी बजि नै रहेको थियो । किरणको मस्तिष्कमा अनेकौँ अशुभ कुरा खेलिरहेका थिए । एउटा ट्रिरिङ...ट्रिरिङ... नसकिँदै अर्को पटक फेरि बज्न थाल्यो । किरण झन् अत्तालियो– पक्कै केही अशुभ भयो र त्यसको खबर आयो भनेर । मनले नमानीनमानी फोनमा हात पुऱ्यायो किरणले 'हेल्लो' भन्न भ्याएको थिएन, उताबाट कुरो सुरु भइहाल्यो– ... । यस्तो खबर आउला भनेर त किरणले कल्पनासमेत गरेको थिएन । फेरि एक पटक किरणका आँखाबाट तरर आँसु बगे । ...साहूजी, साहूजी । ...किरण बोल्न सकिराखेको थिएन । उताबाट साहूजी बोल्दै थिए... । जिज्ञासा नै जिज्ञासाले किरणका मनमा प्रश्नहरूको बाढी ल्याएको थियो । आज पनि उसको निन्द्राले बिदा लियो ।

किरण आफ्नो गुन्टा बाँध्न थाल्यो । आँखाबाट आँसु बग्न रोकिएको थिएन । ... बिहान सबैरै रातारात आँखा लिएर ऊ साथीको कोठामा पुग्यो । सबैसित अङ्कमाल गरेर बिदा माग्यो । साथीहरूलाई विश्वासै भएन किरणको कुरामा, उनीहरूले शुभयात्राको कामना गरे । धेरै वर्षपछि किरणको आँखाबाट खुसीको आँसु झरेको थियो । किनकि किरणको साहूले उसको परिवारको बेहाल देखेर किरणलाई 'स्वदेश फर्कोस्' भनेर घरजग्गा फिर्ता मात्र पठाएका थिएनन्, मरुभूमिको पोस्ट बक्समा हवाईजहाजको टिकटसमेत पुऱ्याइदिएका थिए ।

•

भाग्यरेखा

भर्खरै साँझ परेको थियो ।

छिमेकी घरमा दमकल, एम्बुलेन्स, प्रहरीका दर्जनौँ कार एक्कै पटक टचाँटचाँ र टुँटुँ गर्दै घेर्न आइपुगे ।

के बित्यास पऱ्यो अब !

भ्यालको पर्दा हटाएर हेर्रँ । आफ्नै स्वदेशी धनाढ्यकी छोरीको घरमै बित्यास परेको देखेँ । नेपालदेखिकै छिमेकी, संयोग पनि कस्तो, यहाँ पनि छिमेकी बन्न पुगेका थियौँ हामी । तर रिमाको वैभवको घमन्डले कहिल्यै पनि मानवसुलभ दोहोरो कुराकानी हुन पाएको थिएन ।

रिमाका पितामाता आउँदा भने 'यसो हेर्रविचार गरिदिनुहोला किरणजी, नादान छे मेरी छोरी' भन्थे । घरमा आएर चिया खान्थे । यो छोरीका लागि के गरेनन् उनले– एकएक कथा सुनाएका थिए । बाबुआमाको मन न हो !

सधैँ हतारमा देखिने रिमासित भेट्ने, कुरा गर्ने मौका कहिल्यै जुर्न सकेन । उनी अलि टाढै रहन रुचाउने स्वभावकी हुन् । त्यसो त आफू पनि १२ घण्टा बाहिर काममा हुने मानिस– अमेरिकाको दैनिकी, त्यो पनि हामीजस्तो आप्रवासीका लागि....

यो कस्तो संयोग ? काठमाडौँमा मेरो डेराअगाडि नै रिमाका बाबु हरिलालको आलिशान महल थियो ।

सपनामा पनि कल्पना गर्न नसक्ने सम्पन्नता अनि आधुनिकताको नाममा विकृत जीवनशैलीको प्रत्यक्ष दर्शक थियो किरण । आफ्ना बाबुआमाले कुटोकोदालो, मजदुरी गर्दै ऋण काढेर उसलाई उच्च शिक्षा हासिल गरी ठूलो मान्छे बन्न सपनाको भारी बोकाएर सहर पठाएका थिए । सहरको त्यो भव्य महलकै अगाडि भाडाको एउटा अँध्यारो कोठामा किरणको जीवन चलेको थियो । त्यही कोठाबाट रिमाको शानसौकतको संसार देख्ने गरेको थियो किरणले ।

'मर्डर, सी अलरेडी डेड' किरणको कानमा प्रहरीको सेटमा भएको संवाद ठोक्किन पुग्यो ।

म झस्किएँ । के रिमाकै हत्या भयो त ? मेरा हात-गोडा भासिएझैँ भए । ढोका खोलेर बाहिर निस्कन लागेको मात्र थिएँ तर प्रहरीले रोक्यो । म भित्र पसेर के भयो, कसो भयो होला भनी सोच्न थालेँ ।

टक्...टक्...टक्... ढोकामा प्रहरीले आवाज दियो ।

मलाई ढोकाभित्रै उभ्याएर प्रहरीले सोध्यो, "यो घरमा बस्नेको बारेमा केही थाहा छ ? तिमीले केही सुन्यौ ? देख्यौ ?"

"त्यो घर रिमाको हो । उनी नेपालबाट आएकी हुन् । म उनलाई नेपालदेखि नै चिन्छु ।" मैले बताइदिएँ ।

प्रहरीले भन्यो, "सरी, सी नो मोर लङ्गर ।"

उनको हत्या भएको जानकारी प्रहरीले दियो, जसको सङ्केत किरणले पहिले नै पाइसकेको थियो ।

घण्टौँ लगाएर प्रहरीको अनुसन्धान प्रक्रिया पूरा भएपछि रिमाको लासलाई प्रहरीले एम्बुलेन्समा राखी लिएर गए । मैले रिमाका बाबुलाई फोन गरेर घटनाको बारेमा सुनाइदिएँ । प्रहरीले पनि 'सक्छौ भने खबर गरिदेऊ' भनी अनुरोध गरेको थियो ।

त्यो रात मात्र होइन, कैयौँ रात म रिमाको अतीतलाई स्मरण गर्दै जाग्राम बसेँ ।

रिमाका आमाबाबुको माया, लगानी, त्याग; उफ् ! के गर्ने ? सबै लेखा रहेछ पूर्वजन्मको भाग-भोग ।

रिमाका बारेमा एकएक विषय किरणका आँखाभरि घुम्न थाले ।

देशको प्रतिष्ठित व्यापारी हरिलालको सबै केन्द्रीय नेताहरूसित पहुँच थियो । प्रत्येक हप्ता पालैपालो देशका प्रशासक, सुरक्षा प्रमुख, ठूलठूला नेताहरूको जमघट हुन्थ्यो हरिलालको घरमा । रिमा हरिलालकी एक मात्र छोरी ! एउटा दाजु थियो सुरज । सम्पन्न घरकी लक्ष्मीको रूप मानिएकी रिमाको पढाइ नाम चलेको महँगो स्कुलमा हुनु स्वाभाविक थियो । सुरक्षा गार्डका साथ स्कुल जाने-आउने व्यवस्था गरेका थिए हरिलालले ।

समयको निरन्तरतासँगै रिमा ठूली हुँदै गइन् । रोशन नामको सहपाठीसित उनको हिमचिम बढ्न थाल्यो । ऊ लागू औषधको अम्मली थियो । रोशनसितको सङ्गतले रिमा पनि उही लतमा फसेकी थिइन् ।

रोशन र रिमा लुकीछिपी लागू औषध सेवन गर्ने साथी मात्र थिएनन्, आत्मीयताले पनि गहिरो सम्बन्ध बनाइसकेको थियो । दुवैले कलेजको पढाइ सकिनेबित्तिकै दुवै परिवारको सहर्ष सहमतिमा भव्य रूपले विवाह गरेका थिए । देशका ठूलठूला व्यक्तित्वहरूको घुइँचो थियो विवाहको पार्टीमा । दैवको नियति, लागू औषधको अम्मली रोशनको विवाह भएको दोस्रो वर्ष नपुग्दै अचानक हृदयाघात भई मृत्यु भयो ।

अब रिमाको मानसिक तनाव बढ्दै गयो । कहिले ड्राइभर त कहिले नोकरलाई पठाएर लागू औषध मगाउन थालिन् । कोठामा अनुमतिबिना कसैलाई छिर्न बन्द गरिएको थियो । रिमाको त्यो हर्कत उनका ससुराले थाहा पाए– ड्राइभर अनि नोकरले सबै बताइदिएका थिए । रिमाका ससुराले ड्राइभर र नोकरलाई निकालि त दिए तर लागू औषधबिना बाँच्न गाह्रो भइसकेकी रिमा अब कहिले स्वयम् जान्थिन् त कहिले फोन गरेर मगाउने गर्थिन् ।

घरमा अपरिचित मानिसहरूको आवतजावत बढ्न थाल्यो । मूल्यवान् चिजहरू गायब हुन थाले ।

अरू छोराबुहारीहरूले चिन्ता गर्दै घरमा नराख्न दबाब दिन थाले । बाध्य भएर रिमाका ससुराले उनलाई माइतीमा पुऱ्याई सबै कहानी सुनाइदिए ।

माइतीको सहाराको आशा राखेकी एक मात्र प्यारी छोरी रिमालाई बाबुआमाले पनि घरमा राख्न नसक्ने भए ।

दाजुभाउजूले पनि लागू औषधको अम्मल र अस्वाभाविक व्यवहारले गर्दा बदनाम मात्र होइन, भर्खरका बच्चामा समेत नराम्रो असर पर्छ भन्दै रिमालाई घरमा नराख्न अनुरोध गरे ।

बाबुआमाको जोरजुलुमलाई छोराबुहारीले 'हामी वा रिमामध्ये एक रोज्न' धम्कीपूर्ण सुझाव दिएपछि हरिलालले सोचे– छोरीलाई अमेरिका पढ्न पठाइदिने, त्यहाँ उनको यो आदत पक्कै छुट्छ, छोरी सुधिन्छे ।

छोरीका लागि घर किनिदिए । खर्च चलाउन ग्यास स्टेसन किनिदिए हरिलालले– 'लौ, राम्रोसित पढ छोरी, मेरो इज्जत राखिदेऊ !' उनी नेपाल फर्किए ।

रिमा भने जस्ताको तस्तै, न त पढ्न गइन् न त व्यवसायमै ध्यान दिन्थिन् ।

रिमाको फजुल खर्च र लागू औषधको लत घटेन, बरु बढ्यो ।

रिमाको लापरबाहीले व्यवसाय वर्ष दिन पनि टिक्न सकेन, घाटामा जान थाल्यो ।

हरिलाल फेरि आए, व्यवसाय बेचिदिए– 'म नेपालबाटै आवश्यक खर्च पठाइदिन्छु, राम्रोसित पढ, यो लत छोडिदेऊ' भनी बिन्ती गरे ।

बिस्तारै रिमाको सम्पर्क एउटा सज्जन केटो जोनसित भयो । यो सामीप्य विवाहमा परिणत पनि भयो । रिमाको दैनिकी राम्रैसित चलेको थियो । असल केटो पाएर ऊ खुसी थिई । जोन रिमालाई माया गर्थ्यो । बाबुआमाको मायाले छुटाउन नसकेको उनको लागू औषधको लत जोनको सहयोग र माया अनि अनुरोधले छुट्यो ।

रिमा अब आफ्नै खुट्टामा उभिने प्रणका साथ नर्सिङ स्कुल जान थालिन् । त्यहाँ रिमाको हिमचिम अर्को सहपाठी डेभिडसित बढ्न थाल्यो । डेभिड पनि लागू औषधको अम्मली रहेछ । उसकै बहकाउमा फेरि रिमा पुरानै आदतमा पुगिन् । डेभिडसितको गहिरो सम्बन्धले जोनप्रति रिमाको अस्वाभाविक व्यवहार र चिढचिढाहट सुरु भयो । जोनले रिमासित छोडपत्र मागे, रिमाले पनि खुसीसाथ स्विकारिन् । जोन रिमाको घरबाट निस्कियो ।

रिमा पढाइ छोडेर नयाँ प्रेमीसँग घरमै रमाउन थालिन् । डेभिडले नसाको अम्मल मात्र होइन, लागू औषधको व्यापारै गर्न थाल्यो रिमाको पैसामा ।

तर घटनापछि डेभिड भेटिएन । हप्ता दिनपछि प्रहरीले डेभिडलाई पक्राउ गरेपछि बल्ल वास्तविकता थाहा भयो– त्यो बीभत्स घटना भएको दिन डेभिडले ड्रग्स किन्ने पार्टीलाई घरमै बोलाएको रहेछ ।

ठूलो रकमको ड्रग्स किन्ने पार्टीले नक्कली नोट दिएको विषयमा विवाद हुँदा हातपात भएछ । छुट्टचाउन गएकी रिमालाई गोली लाग्यो । डेभिड र पार्टी दुवै भागेका थिए– प्रहरी आइपुग्नुभन्दा अगाडि नै ।

•

खरानीको आगो

आज रुबीको मनको खरानीले आगो ओकलेको दिन ।

रुबी महारानीको धन्दा खुसीले बन्द भएको छ । अब रुबी महारानीको अर्को नयाँ जीवन सुरु हुँदै छ भोलिदेखि ।

तातो खरानीलाई जिउँदो राखी लामो समयपछि आगो निक्लेकाले रुबी महारानीको मन हलुको भएको छ– आफ्नो उद्देश्य पूरा भएकोमा ।

मनभित्रको ज्वालामुखी जीवनको उत्तरार्द्धमा मत्थर पारेर उनी अब नयाँ, बिलकुल नयाँ बाटो हिँड्ने तयारीमा छिन् ।

आफ्ना सहकर्मी, साथी, परिवार जे भने पनि सबैसितको अन्तिम बिदाइको दिन हो रुबी महारानीको आज ।

आडम्बरी समाजको आँखामा पर्दा हाल्न 'रिमा' बाट 'रुबी' बनेकी रुबी महारानीले आफ्ना सबै ग्राहकदेखि ऊसित सम्पर्कमा बसेर गुजारा गर्नेहरूलाई 'धन्दा बन्द' को खबर गरिसकेकी छिन् ।

अर्थात् आजदेखि 'रुबी महारानी' फेरि 'रिमा' भएर आफ्नै संसारमा फर्कने क्रमको पूर्ण तयारी भएको छ ।

यो भव्य महलको चहलपहल बन्द हुनेछ अबदेखि । त्यसैले निस्फिक्री आजको साँझ रिमाको साँझ भएको छ । रिमाले आफूले आफैलाई एउटा नारकीय नाटकबाट मुक्त गरेकी छिन् ।

सबैलाई बहिनी, साथीको व्यवहार गर्ने रिमालाई नगरका वर हुन् कि वधू, जसले पनि रुबी महारानी भनेर चिन्थे र त्यसै गरी सम्बोधन गर्थे ।

धेरै मन्त्री, सांसद, प्रशासक, उच्च व्यापारीसित मात्र सम्पर्क सूत्र बनाएर अकुत सम्पत्ति कमाएकी रुबीको भव्य महल देख्दा उनी साँच्चिकै खानदानी महारानी भएको भान हुन्थ्यो । त्यही ठूलो कम्पाउन्डले घेरिएको भव्य महलले मन्त्री, सांसद र कथित उच्च घरानियाको अनैतिकतालाई छोपिराखेको थियो ।

'निर्धक्क आउँथे, पिचासत्व शान्त पार्थे र जान्थे ।' रुबीले खुइय गर्दै भनिन्, 'ल है साथीहो, यो अन्तिम दिनको अन्तिम पेग... चियर्स !... चियर्स...चियर्स...'

बिदा हुने भै गयो बेला
फेरि भेट होला कि नहोला

...

कर्णप्रिय गीतसँगै नाचे मान्छेहरू टिलपिलटिलपिल आँखा पार्दै । एकअर्कालाई अँगालोमा बाँधे र शुभकामना बाँड्दै रसिला आँखा लिएर बिदा भए ।

रुबी भ्यालमा बसेर सबैलाई हात हल्लाउँदै बिदा गरेर टाढाटाढा क्षितिजमा आँखा घुमाउन थालिन् ।

जति बिर्सन खोजे पनि अन्धकारमा हराएको त्यो चीत्कार ! ...त्यो छटपटी... त्यो रात... सम्झेर रिमा उर्फ रुबीका आँखा अझै बर्सिन्छन् ।

रिमाको सपना टुटेको त्यो रात...; जीवन लथालिङ्ग, मन धुजाधुजा भएको त्यो रात ! एउटा सुमधुर खुसी बोकेर हिँडेको जीवनका सबै सपना चकनाचूर भएको त्यो रात... उफ् !

रोक्दारोक्दै फेरि आँसु झर्न थाल्छन् रुबीका आँखाबाट ।

नगरवधूकी मुखिया 'रुबी महारानी' आजैबाट स्वेच्छाले जीवन परिवर्तन गरी समाजसेवा गर्ने विचारले विस्थापित भएकी छिन् ।

मनभित्र बल्झेर रहेको एउटा घाउमा वर्षौंपछि मलहमपट्टी लगाउँदै रुबी अब फेरि रिमा भएर बाँच्ने रहरले भोलिदेखि यो सहरको कोलाहलबाट टाढा जाँदै छिन्, जहाँ पवित्र हावा र निस्कपट मायाको आफ्नै दुनियाँ छ ।

एउटा सम्पन्न परिवारमा हुर्किएकी रिमाले प्रथम श्रेणीमा प्रवेशिका उत्तीर्ण गरिन् । कुशल डाक्टर बनेर समाजको सपना साकार पार्ने रहरले आफ्नो प्राणभन्दा प्यारो प्रेमीसाथ सहर आएकी रिमा काठमाडौँ आएको पहिलो रात नै सुरक्षाको खोल ओढेका नरपिचासहरूको यौनावेगको सिकार भएकी थिइन् ।

शान्ति सुरक्षाको बहानामा मध्य रातमा होटेलका कोठाकोठा बलजफती खोल्दै हिँडेका 'प्रहरी' नामका भोका राक्षसहरूले रिमाको प्रेमीलाई पक्रेर चौकीमा मात्र लगेनन्; रिमालाई वेश्या भन्दै रातभर बलात्कार गरे ।

भोलिपल्ट बिहान जब रिमालाई चौकीमा लगियो, उनी बेहोस थिइन् । आजीवन सहयोगी भएर बस्ने आकाङ्क्षा लिएको उनको प्रेमीले रिमाको सुरक्षा गर्न नसकेपछि प्रहरीले कागज गराएर छोडेको घण्टा बित्न नपाउँदै त्यसै होटलको कोठामा गएर आत्महत्या गरेको थियो ।

रिमालाई वेश्या भनेर उसको शारीरिक शोषण मात्र गरेनन्, जबरजस्ती थुनेर फोटो खिचे अनि पत्रकारहरूलाई बाँडेर आफ्नो आपराधिक पुरुषार्थ बचाउने प्रयास गरे ।

रिमाको कुरा प्रहरीले सुनेन । रिमाको अस्मितालाई धुजाधुजा पारेर आफ्नो कालो कर्तुत छोप्यो ।

रिमालाई वेश्याको पगरी गुताएर हप्तामा एक पटक हाजिर हुन आउने सर्तको कागजमा सही गराई सात दिनपछि मुक्त त गरे तर मृत्युको दोसाँधमा ।

उफ् ! रिमाका लागि सम्झिँदै कहालीलाग्ने त्यो अँध्यारो रात । ...रिमा बेसहारा भई आँसुमा डुबी छटपटाइरहिन् । रक्तपिपासु प्रहरी धम्की र त्रास देखाउँदै राक्षसी हाँसो हाँस्थे– एउटा अनैतिक सिकार गर्न पाएकोमा ।

उनको अगाडि बाटो भत्किएको थियो । जीवनको सहारा रोजेको उनको प्रेमी पनि अब रहेन यो संसारमा । वियोगको पीडा अनि आफैले भोगेको नृसंस घटनाबाट आफन्तहरूका अगाडि मुख देखाउन डर लाग्यो रिमालाई । त्यसैले उनले घर नफर्कने बरु काठमाडौँलाई नै सङ्घर्षस्थल बनाएर बस्ने अठोट गरिन् एउटा उद्देश्य मनभित्रै पालेर ।

एक हिसाबले मानसिक विक्षिप्त रिमा मर्ने उपाय खोजिरहेकी थिइन् ।

थुनामै भेटिएकी अर्की पीडित ज्योत्स्नासितको परिचय र उनको त्यस्तै दुर्दान्त भोगाइको प्रभावले बिस्तारै रिमाको मनको ज्वाला घट्दै गयो ।

डाक्टर बन्ने आकाङ्क्षा बलात्कार र प्रेमीको वियोगान्तले चकनाचूर पारिएकी रिमा ज्योत्स्नासितको बसाइले नगरवधू बनिन् ।

उनको नाम अब रुबी भयो । मनमा एउटा भयङ्कर विद्रोही सङ्कल्प बोकेकी रिमा काठमाडौँकी कुलीन नगरवधूमा सक्रिय भइन् ।

सुन्दरता र चलाखीपूर्ण व्यवहारले छोटो समयमै गतिलो पहुँच र स्तरीय वातावरण बनाउन सफल रिमा 'रुबी महारानी' को नामले सहरमा स्थापित भइन् । अकल्पनीय पीडालाई सहजीकरण गर्दै रिमा अगाडि बढिरहिन् ।

उनको पहुँच उच्च तहका प्रहरी, प्रशासक, नेता, मन्त्रीदेखि समाजसेवाको आवरणमा देशमा विकृतिको खेती गर्ने एन.जी.ओ/आई.एन.जी.ओ. का हाकिमहरूसित पुगिसकेको छ ।

छोटो समयमै रिमा र ज्योत्स्नाको जोडीले भरपुर सम्पत्ति आर्जन गऱ्यो । उनीहरूले एउटा भव्य महलको छतमा 'महिला विकास र समाज सेवा' नामको बोर्ड झुन्डचाएर त्यहाँ आउनेहरूको कालो अनुहारलाई सेतो बनाइदिएका थिए ।

नारी अस्मिता किन-बेच मात्र होइन, रुबी महारानीको महलभित्र जुवाको खाल पनि निरन्तर चलिरहन्थ्यो ।

रुबी महारानी सबैबाट सुरक्षित छिन् । जो कारबाही गर्ने अधिकारी हुन्छ, ऊ पहिले नै उनका अगाडि नाङ्गिइसक्छ ।

मन्त्री हुन् कि सांसद, शासक हुन् कि प्रशासक, सेना होस् वा प्रहरीका हाकिम; कहिलेकाहीँ नगरवधूकै स्तरमा आमाचकारी गाली गर्छिन् तर अहँ, उनीहरूमा नकचरो हाँसोबाहेक केही भेटिन्न ।

सत्ताको चलखेलमा सांसदको मनोरञ्जनका लागि नगरवधूको क्याटरिङ गर्ने जिम्मा पाएकी रुबी महारानीलाई आफ्नो लक्ष्यनजिक पुग्न खासै गाह्रो परेन ।

त्यो रात ! जुन रातले रिमाको जिन्दगीमा सुनामी ल्याएको थियो– गोमनको आँखामा बसेको दुस्मनको छायाझैँ रिमाको जीवन बर्बाद गर्ने त्यस प्रहरीको घृणित अनुहार पलपल उनको सामुन्ने आइरहन्थ्यो । अनि बदलाको ज्वालामुखी आँखाबाट आँसु बनी बगिरहन्थ्यो ।

नातागोता अनि यो आडम्बरी समाजबाट आफूलाई अपरिचित राख्न रिमाले ज्योत्स्नाको सल्लाहमा नाम बदलेर 'रुबी' र पछि महारानी जोडिएको थियो ।

रिमाको मनभित्रको कुण्ठालाई सफल बनाउन एक अर्को कलुषित प्रहरी अधिकृत सहायक बनेर आयो । संवेदनविहीन भावना बोकेकी रुबी महारानीले आफ्नो शरीर मात्र सुम्पिइनन्, उसलाई श्रीमान्समेत भन्न थालिन् । जसको माध्यमबाट रुबी रिमाको जिन्दगी डुबाउने नरपिचास प्रहरीबारे एकएक सूचना सङ्कलन गर्न सफल भएकी थिइन् ।

रुबी महारानीले आफूभित्र भतभती पोलिरहेको पीडाको घाउ र बदलाको योजना आफ्नै मनबाहेक कसैलाई भनेकी छैनन्; यहाँसम्म कि

लामो समयसँगै बसेकी ज्योत्स्नालाई समेत । हुन त ज्योत्स्ना केही वर्षपहिले नै एउटा लाहुरेसित बिहे गरी विदेश पुगिसकिन् ।

जाने बेलामा ज्योत्स्नाले भनेकी थिइन्– मेरो श्रीमान्लाई थाहा छैन मेरो पेसाबारेमा । उनी सीधा र सज्जन छन्, म उनलाई छोड्न चाहन्नँ । मैले अर्कै नामले परिचय बनाएकी छु । म यो नारकीय संसारबाट टाढा हुन चाहन्छु । कोहीसित सम्पर्क गर्न चाहन्नँ ।

ट्रिरिङ... ट्रिरिङ...

ए बाबू ! के छ तिम्रो खबर ?

ल, ल राम्रोसित पढ्नू ! धेरै काम नगर्नू....

ए ए... हुन्छ हुन्छ, ल बाई ।

अमेरिकामा पढ्न बसेको छोराको फोन थियो ।

रुबी फेरि रिमाको अतीतमा रुमलिन पुग्छिन् । त्यो कालो रात ...उनका चीत्कारहरू हावामा हराएको रात...

जहिलेसम्म उनी रिमा थिइन्– एउटा सज्जन प्रेमीकी प्रेमिका, जीवनसाथी, बाबुआमाकी सपनाकी भण्डार र मायाकी खानी... सुनौलो भविष्यकी कर्णधार... समाजकी आशा । सबै चकनाचूर भएका थिए ती सपना त्यही रात, अजिबको रात ! केही छिनअगिसम्म एउटा विश्वासको समर्पण थियो, सुमधुर मिलन थियो, जीवनभर साथ दिने प्रतिबद्धता थियो, हाँसो र खुसी थियो; साँच्चिकै अकल्पनीय र स्वर्णिम....

उफ् ! कताबाट आयो अपराधी हुरी ? सम्पूर्ण जीवनमै तुषारापात गर्ने....

रिमाको पेटमा एउटा भ्रूण हुर्किएर आयो ।

ज्योत्स्नाले 'यो धन्दामा जीउ बिग्रेपछि के काम ? फ्याँकिदेऊ' भनेर सल्लाह नदिएकी होइन तर रिमालाई 'कतै यो आफ्नै जीवनसाथीको उपहार पनि हुन सक्छ, म यसलाई उसैको सम्झनामा समालेर राख्छु' भनेर जन्माएकी हुन् ।

हुर्केपछि छोरालाई 'बोडर्सका बोडर्स' नै उतैबाट उच्च शिक्षाका लागि अमेरिका पठाएकी थिइन् ।

समय बित्तै गयो । रुबी आफ्नो धन्दासँगै खरानी बनेको जीवनको एउटा आगोलाई कतै झोस्ने र बदला लिने प्रयासमा लागिरहिन् ।

रिमाको जीवन अन्धकारको दलदलमा धकेलिन बाध्य पार्ने त्यो प्रहरी भर्खरै सोवा निवृत्त भएको खबर उनले पाइसकेकी छिन् । त्यसकी

एउटी छोरी र रुबीकी साथी जमुनाकी सौतेली छोरी एउटै कलेजमा पढ्छन् ।

जमुनाले त सौतेली छोरीलाई आफूसँगै सम्मिलित गराइसकेकी थिई । ऊमार्फत कलेज पढ्दै गरेका सीधासाधा यौवनालाई ललाइफकाइ घरमा ल्याउने र त्यहाँ आउने पुरुषसित सम्पर्क गराई आकर्षक प्रलोभनमा फसाउने गर्थी जमुना ।

पूर्वयोजनाअनुसार जमुनाकी सौतेली छोरीले त्यो बलात्कारी प्रहरीकी छोरीलाई रुबीको घर ल्याउने-लैजाने गर्न थाली ।

रुबीले निकै माया पोखिन् उसमाथि– मीठोमीठो खुवाउने, आउँदै गर है भन्दै दुई-चार हजार हातमा थमाइदिने गर्न थालिन् ।

बिस्तारबिस्तार क्रूर प्रहरीकी त्यो अन्जान छोरी फुर्सद पायो कि रुबी महारानीको घर आउने-जाने गर्न थाली । रुबीको खरानी भएको मनभित्रको ज्वालामुखी विस्फोट हुने अवस्थामा पुग्यो ।

एक दिनको कुरा हो, रुबीले खानेकुरा दिने बहानामा जुसको गिलासमा नशा मिसाएर उनलाई बेहोस पारिन् अनि जसरी रिमा छटपटीले चिच्च्याएकी थिइन् त्यही अवस्थाका लागि एउटा समाजसेवाको मुखुन्डो लगाएर त्यहाँ आफ्नो पिचासत्व शान्त पार्न आइपुगेको धनाढ्यलाई सुम्पिइन्.....

रुबीलाई किञ्चित् पश्चात्ताप भएन यो महापाप गरेकोमा ।

उनीभित्रको त्यो घाऊ अझै आलो छ, जुन उही नरपिचास प्रहरीले उनको प्रेमीलाई अँगालोबाट छुटाएर पिट्दै चौकी लग्यो; ...अनि रिमालाई 'रन्डी, वेश्या, नाटक गर्छेस् ? भन् कति हो तेरो रेट ? सतीसावित्रीको नाटक गर्छेस् ?' भन्दै रातभर बाहिर ढोकामा प्रहरीलाई पालो राखेर बलात्कार गरेको थियो ।

कहाँ जान निस्केकी थिइन् घरबाट । बाबुआमाले शुभसाइत भन्दै घडा राखी आँखाभरि आँसु लिएर मायाले बिदा गरेका थिए । कहाँ पुगिन्... रिमा...? कहिलेकहीँ त असह्य वेदनाले आफ्नो कपाल आफै लुच्छे गर्थिन् ।

...

'के रे के रे ? के भनिस् ? ...को होस् तँ ?'

'रन्डी भै तेरी छोरी आजदेखि... ... जसरी तैँले मलाई जबरजस्ती रन्डी बनाइस् । ...मेरो ...प्रेमी, मेरो जीवनसाथी, मेरो लोग्नेलाई आत्महत्या गर्न बाध्य पारेको थिइस् । ...याद छ तँलाई ?

तँलाई भ्रम होला ? अरू कतिको जिन्दगी पनि त खतम पारेको होलास् नि तैँले ? बिर्सेको भए सुन म त्यही हुँ...'

हा हा हा हा... रुबी हुँ म रुबी महारानी हा हा... हा हा....

त्यो महापापयुक्त बदलाको सफलतासँगै रुबीमा वैराग्य सुरु भयो– आखिर मेरो खरानी भएको मनले अर्की रुबी जन्माउने खेल मात्र त भयो.....

त्यसैले गाउँ गएर फेरि रिमाकै नाममा समाजसेवी भएर बाँकी जीवन बिताउने अठोटमा यो भ्रमपूर्ण 'अलकापुरी कान्तिपुरी नगरी' बाट भोलि बिहानदेखि सदाका लागि बिदा मागेर हिँड्ने तयारी पूरा भएको छ रिमाको ।

निक्कै बेर कौसीमा बसेर सोचमग्न रिमाले टप्किएका आँसु पुछिन् । भोलिको नयाँ संसार, नयाँ सङ्गत र नयाँ कामको लेखाजोखा गर्दै रिमाका थकित आँखा लोलाउन थाले ।

•

वितृष्णाका लहरहरू

'किरण, ए किरण ! उठ खाना तयार भयो ! अफिस जान ढिला भएन भन्या आज ? किन ओछ्यानमै हो यति बेलासम्म ?' श्रीमतीको बोलावट सुनेको नसुन्यै गरी किरण फेरि कोल्टे फिऱ्यो ।

'सुनेन न कि क्या हो' भन्दै श्रीमतीले ओछ्यानमै आई ब्यूँझाउने कोसिस गरिन् । आखिर निश्चित समयमै उठ्ने बानी परिसकेको किरण नियमित समयमै ब्यूँझिसकेको थियो ।

श्रीमतीको एकोहोरो प्रश्नको बाढी खेप्न नसकी उठ्ने तरखरमा रहेको किरणको कानमै आएर श्रीमती कराइन्, 'होइन किन नउठेको भन्या ? अफिस जानु पर्दैन ?' असजिलो मान्दै किरण उठ्यो, 'अँ अँ, आज मलाई अफिस जान मन छैन ।'

बिसन्चो पनि भएको होइन, किन बूढाले 'अफिस जाने मन छैन' भने ? सोचमा डुबेकी श्रीमतीले फेरि सोधिन्– 'के भो ? हाकिमसित टसमस पऱ्यो कि ? फेरि सरुवा भयो कि क्या हो कतै ?'

'होइन होइन, त्यस्तो केही होइन । जागिर खानै मन छैन, पुग्यो मलाई, जाऊ खाना पस्क, म आएँ' किरणको जबाफ सुनेर श्रीमती केही नबोली भान्सातिर लागिन् ।

किरणको मन अगिपछिभैँ खुलस्त थिएन आज । खाना खाइसकेर 'म एकछिन पल्टिन्छु, मलाई डिस्टर्ब नगर्नू' भन्दै किरण चोटामा उक्लियो । घरधन्दा सिद्ध्याएर श्रीमती कोठामा पसिन् र फेरि उही प्रश्न दोहोऱ्याइन्– 'किन नगएको अफिस ? मलाई भन्नु हुँदैन ?' उनलाई नोकरी छोडिसकेको अनि छोड्नाको कारण बताएर सम्झाउन सकिनेमा किरण आश्वस्त थिएन । जबाफ टाल्न नुहाउने बहानामा बाथरुमतिर पस्यो । श्रीमती छरपस्ट भएका बिछ्यौना मिलाउन थालिन् । नुहाइसकेर 'एकछिन माथि गाउँतिर घुमेर आउँछु' भन्दै किरण थोत्रो भटभटे लिएर निस्कियो ।

किरणकी श्रीमती गम्न थालिन्– 'के भयो यिनलाई, किन अफिस गएनन् ?' सोचमग्न श्रीमती कपडा मिलाउँदै थिइन्, अचानक उनको हात किरणको ओभर कोटको खल्तीमा पुग्यो । कहिलेकाहीँ किरणले डायरीमा केही टिपेको देखे पनि के लेख्छन् भन्ने चासो नराखेकी श्रीमतीले किन हो आज भने पाना पल्टाउन थालिन् । अचानक उनका आँखा एउटा पानामा अडिए । २०४५ माघ ८ गते 'रामेछापको चोप्राङ इलाका प्रहरी कार्यालयको इन्चार्ज हुँदाको एउटा प्रसङ्ग–

"बिहानको चिसो सिरेटोबाट बच्न घाम ताप्दै अफिसको काम गर्दै थिएँ । अचानक एउटी २२–२३ वर्षकी युवती अन्दाजी १–२ वर्षको एउटा नाङ्गो बच्चा बोकेर मेरो अगाडि 'सर नमस्कार' भन्दै आइपुगिन् । एकसरो ब्लाउज र पटुकाले अड्काएको पेटिकोट अनि नाङ्गो खुट्टा– माघको ठिहीमा नाङ्गो बच्चा ! निकै टिठलाग्दो दृश्य थियो त्यो मेरा लागि ।

'भन्नुस् बैनी, के पऱ्यो तपाईंलाई ?' मैले यति मात्र के भनेको थिएँ, उनी गाउँले सुलभ शब्दमा भन्न थालिन्, 'सर ! मेरो श्रीमान् सहर गएको वर्षदिन भइसक्यो, केही खबर छैन । हिजो राति मेरी सासूले मलाई घाँस नकाटेको भन्दै घरबाटै निकालिन् । रातभर छिमेकीको गोठमा बसेँ । मेरो माइतीमा कोही पनि छैन । म यो नाबालक बोकेर कहाँ जाऊँ सर ? सासूलाई सम्झाइदिनुपऱ्यो ।'

एकैसासमा सिद्ध्याइन् उनले उजुरी । मैले हबलदार र केही सिपाहीलाई उनको साथ गएर उनले भनेबमोजिम सासूलाई सम्झाउन आदेश मात्र के दिँदै थिएँ, उनले पटुकामा बटारेर राखेको एक सयको नोट सीधा पार्दै हात मतिर बढाइन् । सेवाबापत मूल्य चुक्ता गर्दै छिन्

उनी भन्ने बुझ्न मलाई गाह्रो परेन । मैले जीवनमै यस्तो नदेखेको र नसोचेकै कारण म अक्कनबक्क भएँ, गला अवरुद्ध भयो, शरीरका रौँ ठाडा भए, आँखासमेत टिलपिलाए । म प्रहरी हुँ कि मानवरूपी दानव ?

मेरो मौनता देखेर उनले हात नजिक ल्याउँदै भनिन्, 'सर, मसित त यति मात्र छ ।' मलाई झन् सासै रोकिएजस्तो भयो । साहस बटुलेर भनेँ– 'बहिनी, प्रहरीलाई कामका लागि पैसा दिनु पर्दैन, हामीलाई सरकारले तलब र रासन दिएर यहाँ पठाएको छ ।' उनले अविश्वासपूर्वक सोधिन्– सर, प्रहरी जान्छ त ?' हिँड्न तयार भएका प्रहरी देखाउँदै भनेँ– 'उः हेर्नुस्, उनीहरू तयार भइसके ।' मैले विश्वास दिलाएर उनलाई प्रहरीसँगै पठाएँ । मभन्दा अगाडिका इन्चार्जहरूले जेजस्तो मुद्दा आए पनि निवेदनसाथ सय रुपियाँ लिने र बाटोमा प्रहरीलाई खाना खुवाउनुपर्ने चलन राखेका रहेछन् । 'यस्तो जनताले घृणा गर्ने नोकरी के खानु ?' आजै गएर राजीनामा दिउँजस्तो लागेको छ मनमा !"

श्रीमतीलाई निक्कै चाख लाग्यो किरणको डायरी । उनले फेरि अर्को पाना पल्टाइन् । रामेछाप, २०४५ फागुण (गते लेखिएको थिएन)–

"हिजोदेखि एस.एल.सी. परीक्षा सुरु भयो । आफ्नै इलाका भएकाले म पकरबास परीक्षा केन्द्रमा सुरक्षा व्यवस्था मिलाउन खटिएको थिएँ । गत वर्षसम्म त्यहाँ परीक्षार्थीलाई चिट उपलब्ध गराएबापत प्रत्येक चिटका लागि ५१ रुपियाँ लिएर प्रहरीले नै सहयोग गरेको रहेछ । मलाई पनि अभिभावक र केही शिक्षकले सो प्रस्ताव राखे । त्यस्तो गैह्रकानुनी काम मेरो सोचबाहिरको थियो । अनियमितता रोकी नियमअनुसार परीक्षा सञ्चालन गर्न र परीक्षा केन्द्रको ५१ मिटरभित्र प्रहरीलगायत कोही पनि जान नपाउने भनी डोरीले घेराबन्दी गरेर शान्त वातावरणमा परीक्षा सञ्चालन गराएँ । तत्कालै जि.प्र.का. बाट आ.वा. आयो– 'परीक्षाको जिम्मा अ.स.इ. लाई दिई कार्यालय फर्कने !' इमानदारीसाथ काम गरेको प्रतिफल हो यो । म फर्कने बेलामा अ.स.इ. सित विद्यार्थी र अभिभावक झुम्मिएका थिए । मेरो मन खिन्न भयो– हाम्रो देशको कस्तो समाज नियम-कानुनको खिल्ली उडाउने ? मेरो भन्दा पनि बर्दीको बेइज्जत देखेर अचम्म लाग्यो । तालिममा 'सत्य सेवा सुरक्षा' को झूटो पाठ किन सिकाउँछन् प्रहरीका नीतिनिर्माताहरू ? मेरो मनमा प्रश्नैप्रश्न छन् ।"

अर्को पाना पल्टाउने रहर लाग्यो उनलाई । २०४८ मार्ग ५ गते–

"एकाबिहानै पाँच–सात जनाको एउटा समूह इलाका प्रहरी कार्यालय (बालाजु) मा आई गुनासो गर्न थाल्यो– 'सर, यो कस्तो अत्यचार हो ? रातारात मेरो जग्गाको पर्खाल भत्काएर बाटो बनाएछन् ।'

उनीहरूको उजुरी र कागजात हेर्दा अन्याय नै भएको देखिन्छ, आफ्नो हक नलाग्ने अर्काको पर्खाल भत्काएर पछाडिपट्टिका जग्गावालाले बाटो निकालेका रहेछन् ।

भत्काउनेमध्येको नाइकेलाई प्रहरी कार्यालयमा बोलाउन पठाएको त 'म को हुँ चिन्याछस् ? वकिल हुँ म वकिल, आउँदिन भनिदे जा तेरो इन्चार्जलाई' भनेर प्रहरीलाई नै हप्काएर पठाएछ । त्यो सुनेर म स्वयम् गएर अनुरोध गरेँ– अफिसमा हिँड्नुस्, कुरो के हो बुझ्नुपऱ्यो । उहाँहरूको रिपोर्ट परेको छ । 'म तेरो नोकरी खाइदिन्छु, मलाई चिनेको छैनस् ?' पो भन्छ बा सीधै !

रिपोर्ट गर्नेहरू पनि मसँगै थिए । मैले पनि दुई चड्कन दिएर कठालोमा समाती तानेर ल्याएँ । मलाई तथानाम गाली गर्न थालेकाले बाथरुममा लगेर थुनिदिएँ । एकैछिनमा डी.आई.जी. प्रधानको आदेश आयो फोनमा– 'निवेदकलाई हनुमान् ढोका पठाइदेऊ र वकिललाई तुरुन्त छोडिदेऊ !'

म के गर्न सक्थेँ र माथिको आदेशको अगाडि तर मेरो व्यक्तिगत स्वाभिमान मात्र होइन, प्रहरीको बर्दीमाथिको अवहेलना र चुनौती थियो त्यो । वरिपरि झुम्मिएका जनसाधारणसमक्ष लज्जित भई आफैले आफैलाई धिक्कारेँ– किन खाइरहेको छु यस्तो जागिर, जो बर्दीको मान राख्न सक्दैन । यसरी आफ्नो स्वाभिमान, कर्तव्यपरायणता, इमानदारीको मूल्याङ्कन नहुने हो भने आत्मबल गिराएर अपराधी प्रवृत्तिलाई स्यालुट मार्दै नोकरी गर्नुको के अर्थ ?"

अझै पल्टाउँदै गइन् उनी । अन्तिम पानातिर आँखा दौडाइन्, २०४९ पुस २१– "बिहान ८.०० बजे नगर प्रहरीका बोहोराले उपत्यकाभित्रका सबै एकाइ इन्चार्जहरूलाई आपत्कालीन मिटिङ बोलाउनुभएको थियो । मिटिङको कारण म रहेछु– त्यहाँ पुगेपछि मात्र थाहा भयो । उहाँलाई सर्वमान्यका छोरा उपमान्यजीले 'बालाजु इलाका प्रहरी कार्यालयको प्रमुखलाई तुरुन्त हटाउनू' भन्ने अनुरोध गर्नुभयो रे ! उहाँले 'राम्रो काम गर्ने इमानदार मानिस हो' भन्दा 'जस्तोसुकै होस्, मैले भनेको त्यति काम पनि नगर्ने ?' भनी प्रेस्टिज इस्यु गर्नुभयो रे ! बोहोराले भन्नुभयो– कहिलेकाहीँ राम्रो काम गरे पनि जस पाउने

तरिकाले गर्नुपर्छ । इमानदारी मात्र सबै थोक होइन, परिस्थिति बुझेर काम गर्न सक्नुपर्छ' भन्दै त्यो ठाउँबाहेक कहाँ जाने, रोजेको ठाउँमा सरुवा गरिदिन विनोद गुरुङलाई आदेश दिनुभयो । मैले तत्काल प्रतिवाद गर्दै भनें, 'यदि म सही र इमानदार छु भने मेरो र प्रहरीको आत्मबलका लागि त्यहीँ कायम होस्, होइन, म गलत रहेछु भने कारबाही होस् ।' बोहोराले नरम शब्दमा भन्नुभयो, 'तिम्रो लागि के म उपमान्यजीसित नराम्रो बनूँ ?'

मलाई २४ घण्टे लाग्यो । हनुमान् ढोकामा काज राखियो । तर कृष्ण बस्नेत र नरेन्द्रराज शर्माबाट २४ घण्टे लगाउनुपर्ने वास्तविक कारण बुझेपछि मैले थाहा पाएँ– मैले नागार्जुन डाँडाबाट झरेको पानी टचाङ्करमा सङ्कलन गरी लैजाने चालकहरूसित स्थानीय केही युवाहरूले जबरजस्ती रकम असुलेर दुःख दिइराखेका छन् भन्ने उजुरीको आधारमा सम्बन्धित युवालाई बोलाएर सोधेको थिएँ, 'तपाईंहरूले सार्वजनिक स्रोतलाई व्यक्तिगत प्रयोजनका लागि पैसा उठाउने अनुमति लिनुभएको छ ? सी.डी.ओ. कार्यालयबाट अनुमति लिनु पर्दैन ?' उनीहरूले भने, 'सर, तपाईं आफ्नो ठाउँमा बस्नोस्, तपाईं चिन्नुहुन्न हामीलाई, हाम्रो तागतलाई' भन्दै उल्टो धम्की दिए । मैले 'यो गैह्रकानुनी काम भएकाले अनुमति लिएर मात्र गर्नुस्' भनेर प्रहरी खटाई पैसा उठाउने काम रोकिदिएको थिएँ । उनीहरू 'हेरौंला' भन्दै गएका थिए । सीधै उपमान्यको घर पुगेछन् र 'यो इन्चार्ज कम्युनिस्ट समर्थक हो, हामीलाई सहयोग गर्दैन, धम्क्याउँछ' आदि भनेछन् । यसै कारण उपमान्यले पनि शक्तिशाली बोहोराजीलाई धम्क्याएर सरुवा गराइदिएका रहेछन् ।

अब म नोकरी एक दुई तीन गर्दिनँ भन्ने सङ्कल्प गरेँ ।"

नभन्दै किरण ६ महिनाको बिरामी बिदा बुझाएर आएका रहेछन् । बल्ल रहस्य बुझिन् श्रीमतीले किरण अफिस नगएको । किरणका वितृष्णाका लहर देखेर उनलाई पनि नोकरी छोडेको उचितै लाग्यो ।

घरपरिवारबाट टाढा रहनुपर्ने, चाडबाड भन्न नपाउने अनि चोरलाई चौतारो भएको देशको यस्तो नोकरीबाट आखिर किरणले बिदा नै लियो आफ्नो स्वाभिमान र आत्मसम्मानका लागि ।

भ्रम

"नमस्कार !"

कोही अपरिचित व्यक्तिले किरणतर्फ फर्केर अभिवादन गऱ्यो । किरण अकमक्क पऱ्यो । पछाडि फर्केर हेऱ्यो, सायद अरू कसैलाई नमस्कार गरेको होला ! तर पछाडि कोही थिएन । औपचारिकताका लागि नमस्कार फर्कायो । हाँस्दै हात पनि मिलायो अनि सोध्यो– "हाम्रो भेट कतै भएको थियो र ? माफ गर्नुहोला, मैले त ठम्याउन सकिनँ । यहाँको नाम जान्न सक्छु ?"

"म दीपक, माथिल्लो टोलमा बस्छु । तपाईं डाक्टरसाहेब होइन ?" उसको प्रश्नले आफ्नो व्यक्तित्वप्रति किरण आफै गद्‌गद भयो एकछिन । प्राकृतिक रूपमा हंसमुख व्यक्तित्वको धनी किरणलाई बेलाबेला अलगअलग जात र पद दिई सम्बोधन गरेको यो पहिलो पटक थिएन ।

यस पटक एक्लो उपस्थितिमा कसैले एकदमै भिन्न दर्जा दिएकोमा किरण चकित त पऱ्यो तर उसले एकदमै सहज जबाफ दियो– "होइन, म खाते हुँ दीपक !"

"के भन्नुहुन्छ ? किन मजाक गर्नुभएको डाक्टरसाहेब ?"

किरणले फेरि दोहोऱ्यायो– "होइन, म खाते नै हुँ ।"

"यो सेतो कोट ?..."

दीपकको जिज्ञासामा किरणले हलुका हाँसोसँगै जबाफ दियो– "विश्वास गर्नुहोस्, म खाते नै हुँ ।"

दीपकले विश्वास गरेन र फेरि थप्दै गयो– "सेतो कोट, यो महँगो घडी, उच्च व्यक्तित्व ! तपाईं डाक्टर नै हो । ल किन ढाँट्नुहुन्छ ठूलो मान्छे भएर ?"

दीपकको जिद्दी देखेर किरणले मनमनै भन्यो, 'यो कस्तो मूर्ख मानिस होला ! एक त अपरिचित, त्यसमा पनि हुँदै नभएको पगरी गुताएर उल्टो हो भन्ने गराउन जोड दिइरहेछ । म त्यो होइन भन्दा विश्वासै गर्दैन ।'

घरमा बच्चाले मःमः, तन्दुरी चिकेन ल्याउनु भनेकाले रेस्टुरेन्टभित्र पसेको किरणका पछिपछि आएको दीपकले गरेको प्रश्न र उसको विश्वासको अडान देखेर मनमा अनेकौं प्रश्नहरूको ओइरो लाग्यो– म साच्चिँकै डाक्टर भइदिएको भए, हो म फलानो अस्पताल, क्लिनिक वा कुनै ठूलो मान्छेको निजी डाक्टर हुँ भनिदिन्थें, ऊ खुसी

हुन्थ्यो होला । अझ कतै मैले मेरो ठूलठूला नेतासित पहुँचको गफ छोडिदिएको भए फोन, ठेगाना वा बिजनेस कार्ड माग्दथ्यो होला । उसको आफ्नै नभए अरू कोहीको काम फत्ते गर्न सिफारिस गरिदिन अनुरोध गर्थ्यो होला । म 'पक्का काम हुन्छ, चिन्ता नगर्नोस्' भनी विश्वास लाग्ने गरी आश्वासन दिन्थेँ होला । ऊ झुक्दै नमस्कार गर्थ्यो होला । मेरो म:म: र चिकेन तन्दुरीको पैसा तिरी मलाई किन्न बैनाबट्टा गर्थ्यो होला । त्यो प्याकेट गाडीसम्म पुऱ्याउन आई गाडीको ढोकासमेत बन्द गरिदिन्थ्यो होला ।

तर किरण न डाक्टर थियो न त नभएको गफ दिएर झुक्क्याएर खाने स्वभाव नै थियो उसको । सामान्य रूपमा भद्र नै देखिने दीपक नै बरु कुनै सरकारी कर्मचारी हुनुपर्छ । अपरिचितसित अप्रसङ्ग नै नजिक हुन खोज्ने स्वभाव उचित कि अनुचित ? जे होस् वा जोसुकै होस्, दिएको सत्य जबाफलाई विश्वास नगरी आफ्नै जिद्दीमा अडान राखेको छ दीपकले । रेस्टुरेन्ट व्यस्त थियो, किरणको सामान तयार भइसकेको थिएन । दीपक अझै अक्क न बक्क भई किरणलाई नियालिरहेको थियो ।

अरू दुई ग्राहक भित्र पसे । दीपकले उनीहरूलाई सोधेर किरणलाई डाक्टर साबित गराउन खोज्यो । दुवै अपरिचित गलल हाँसे र टेबुलमा बसे । दीपकले भने खिन्न मन लगायो ।

किरणले दीपकलाई उसकै बारेमा सोध्यो । दीपकले पनि सीधै जबाफ दियो– "म व्यापारी । घर, जग्गा, गाडीको खरिदबिक्री गर्छु । राम्रै चलेको छ ।"

एघार वर्षअगि मात्र नोकरीको खोजीमा राजधानी पसेको दीपक घरजग्गा र गाडी खरिदबिक्रीको प्रगतिले उसलाई समाजमा ठूलो मान्छे बनाइसकेको सोच किरणमा पलायो ।

कुराकानीकै क्रममा दीपकको पहुँच निकै माथिसम्म रहेको किरणले थाहा पायो । दीपकको कार किरणकै कारपछाडि रोकिएको थियो । हुन त कार वास्तवमा उसको थिएन, बिक्रीका लागि कसैले उसको ग्यारेजमा राखेको थियो त्यो तर ग्यारेजमा यसरी राखिने सबै कारको स्वाद उसले चाखिसकेको थियो ।

किरणलाई त्यस्तो अप्ठ्यारो अवस्था पहिले पनि नपरेको होइन । केही वर्षपहिलेको कुरा हो, उसको एक जना नातेदार प्रहरीको ठूलो हाकिम थियो । ऊ जिल्ला भ्रमणमा जाँदा किरण पनि साथै गएको थियो । जिल्ला तहका हाकिम डिएसपीले आफ्ना हाकिमलाई जस्तै उसलाई डच्याम्म यसरी सलाम गरे कि ऊ झसङ्ग भएको थियो ।

पसिनैपसिना भएको थियो किरण ! अब के भनेर परिचय गर्ने ? तर चलाख किरणका आफन्तले कुरा मोडिदिए, परिचय गर्नै परेन ।

यस्तै उनलाई भेट्न प्रहरी प्रधान कार्यालय जाँदा पनि किरणले सलाम नपाएको होइन । किरणको व्यक्तित्व मारवाडी, व्यापारी, प्रहरी, सेनाका अधिकृतजस्तै थियो ? ऊ सधैँ छोटो कपाल र टोपीमा हुन्थ्यो । नचिनी सलाम गर्नेहरूदेखि किरण मनमनै खुबै हाँस्थ्यो ।

आज किरण डाक्टरको रूपमा छ दीपकको अगाडि जो ऊ होइन ।

"हजुरको म:म: तयार भयो ।" –किरण काउन्टररित फर्कियो ।

सामानकै पर्खाइमा रहेको दीपक अझै पनि किरणलाई हेरिरहेको थियो । उसको आँखाले 'मलाई किन ढाँटेको ?' भनिरहेकै थियो । तर दीपकको भ्रमले किरणलाई मजा भने दिएको थिएन, कहाँको यथार्थ कहाँको भ्रम ?

किरणले 'आफूमाथि विश्वास गर्न अनुरोध' गर्न के सोचेको मात्र थियो, दीपकले फेरि जबरजस्ती प्रहरीले केरकार गरेझैँ सोध्यो– "यो सेतो कोट, महँगो घडी, महँगो कार चढ्ने डाक्टर नभए को त ?"

दीपकको जिद्दीले किरणलाई अब आफ्नो साँच्चिकै औकात देखाउन प्रोत्साहित गर्दै थियो । नम्रता र शिष्टता पनि टुटचो अनि कारको सिटबाट चिच्च्यायो– "दीपकजी ! म खाते नै हो । हिजोका खातेले प्राडो, पजेरो चढेको देख्या छैन ? खातेहरूले नयाँनयाँ महल बनाएको देख्या छैन ? महँगो अत्तर छर्केर टाईसुट ढल्काएको देख्या छैन ? लुगा जस्तो लायो मानिस त्यही हुन्छ ! भ्रष्ट गरिबचुसुवा, महान समाजसेवी बनेको सुन्या छैन ? हामी नेपालीले समय र मानिस चिन्न आजसम्म किन सकेका छैनौँ ? यो कोट मेरो मालिकले जापानबाट र यो घडी मालिकको छोरीले अमेरिकाबाट ल्याइदिएको । यो गाडी ? म यो गाडीको ड्राइभर !" छर्राझैँ निस्केको किरणको जवाफले दीपक तिलमिलाउन पुग्यो । ऊ ढोकाको आड समातेर थुचुक्कै बस्यो ।

'अब त उसको भ्रम पक्कै टुटचो होला !' किरण हाँस्दै अगाडि बढचो ।

•

आफैले किनेको दोसल्ला

आज रवि सम्मानित हुने भएका छन्– टोल सुधार समितिबाट दोसल्ला र कदरपत्र पाएर । सत्ताधारी विशिष्ट मन्त्री दोसल्ला ओढाउन आउने भएका छन् । स्तरीय खाना र विविध पेय पदार्थको व्यवस्था गरिएको छ । तोकिएको समय बित्दै गर्दा आमन्त्रितहरू आउने क्रम भर्खर सुरु भएको छ ।

सम्मानित हुने व्यक्तित्व आठ कक्षा पास हुन् । उनका सहपाठी प्राध्यापक शङ्कर पनि दर्शक दीर्घमा पाहुना बनी तमासा हेर्न आइपुगेका छन् । २१ वर्षअगि पढ्दापढ्दै स्कुल छोडेका रवि र प्राध्यापक शङ्करबीच बेलाबखत भेट भए पनि दुब्लो, फुस्रे प्राध्यापक रविका लागि चिन्न आवश्यक व्यक्ति थिएनन् । प्राध्यापक शङ्करका सहपाठीसितको भेटघाट, कुराकानीमा पुराना साथीबारे चर्चा हुँदा केही वर्षपहिले चर्चा भएको थियो– 'रविले आफ्नी श्रीमतीलाई माइतीबाट दाइजोको रूपमा पैसा नल्याएको भन्दै झुन्डचाएर मारेको रे', कृष्णले थपेको थियो, 'हो, मैले पनि रविको छिमेकीको मुखबाट सुनेको– दिल्लीमा एक धनाढ्य व्यापारीकी एक्ली छोरीसित आफूलाई डाक्टर भनी झुक्याएर विवाह गरेका रहेछन् । श्रीमतीकै सम्पत्तिमा काठमाडौँमा करोडौँको घरजग्गा जोडेपछि निकालिदिएका थिए रे ।'

प्राध्यापक शङ्कर गम्दै थिए मानिसको भाग्यनिर्माणबारे– 'खोइ, भाग्य बनाउँछु भनी दुःख गरी पढियो, जागिरको कमाइले बच्चाको पढाइ र घरखर्च धान्नै गाह्रो छ । धन्न बाजेको पालाका जग्गाजमिन थियो र बाँच्न सकिएको छ । भाग्यकै कुरा होला– लक्ष्मीको वास कहिले कता कहिले कता । शनिबारको दिन थियो, फुर्सद भएकाले प्राध्यापक शङ्कर समयभन्दा पहिले नै कार्यक्रममा आइपुगे ।

उनीसँगै अर्का एक जना मानिस आएर उभिए । प्राध्यापकसित उनी आफैले परिचय दिए– एकआपसमा गफ गर्न थाले । प्रहरी अधिकृत र प्राध्यापक, एकअर्कालाई सम्मान गर्दै समसामयिक विषयमा गफ गर्न थाले । गफैगफमा प्रहरी अधिकृतले जिज्ञासा राखे– "होइन शङ्कर सर, सम्मानित हुने यी रवि थापाजीलाई चिन्नुहुन्छ ?" प्राध्यापक शङ्करले जवाफ दिए– "आठौँ कक्षासम्म हामी सहपाठी हौँ । म चिन्छु तर रविले मलाई चिन्न चाहेका छैनन् । सहर पसेका थिए, खोइ केके

गरे, मन्त्री, नेता, ठूलठूला धनाढचका आशाका केन्द्र पो बनेका छन् रे, के काम गर्दै छन् त्यो भने भेउ पाएको छैन । टोल सुधार समितिले निमन्त्रणा पठाएकाले आएको ।"

कार्यक्रम हुने हलमा आगन्तुकहरूको जमघट बाक्लिँदै थियो– प्राध्यापक र प्रहरी अधिकृत कान-मुख नजिक गर्दै रविबारे जिज्ञासु भावले कुरा अगाडि बढाउँदै थिए । त्यसैबीच ती प्रहरी अधिकृतले 'आजका सम्मानित व्यक्तित्व रवि र प्रहरीले केही वर्षअगाडि अनुसन्धान गरी मुद्दा दायर गरेको अभियुक्त रवि एउटै हुन् वा फरक' भन्ने कुरामा स्पष्ट हुन प्राध्यापक शङ्करलाई अभियुक्त रविबारे बताउन थाले ।

रवि थापाले मैतिदेवीकी एक बच्चाकी आमा विधवासित विवाह गरेका रहेछन् । केही समयपछि रविले झुक्क्याएर श्रीमतीको नाममा भएको करोडौँको घरजग्गा र सम्पत्ति आफ्नो नाममा बनाइसकेपछि छोडपत्र गरेका थिए । श्रीमतीले बेसहरा बनी सम्पत्ति फिर्ता पाउन मुद्दा हालेकी थिइन् । मुद्दाको तहकिकात उनैले गरेका थिए रे तर मुद्दा अदालत पुऱ्याई न्याय दिलाउनुको साटो एक शक्तिशाली नेताको दबाबमा रविबाट श्रीमतीका लागि केही रकम तिर्न लगाई, मुद्दा डिसमिस बनाउन बाध्य भएका थिए रे । "के गर्नु सर, मैले चाहेर पनि ती पीडित महिलाको पक्षमा न्याय दिलाउन सकिनँ...।"

त्यतिकैमा हूलमा तरर तालीको गुञ्जायमान भयो, हलभित्र सम्मानित हुने व्यक्तित्व रवि थापा र प्रमुख अतिथि वरिष्ठ नेताको आगमन भएको रहेछ । सुरक्षार्थ खटिएका प्रहरी अधिकृत उठ्न लाग्दा प्राध्यापक शङ्करले उनको हात समातेर सोधे– "सर, यी रवि र ती रवि एकै हुन् कि अरू नै ?" अधिकृतले कानमा खुसुक्क भने– "हो सर, उनी नै हुन्, अरू कुरा नगरौँ ।" प्राध्यापक शङ्करको दिमागमा रवि धनी बनेको रहस्यको पर्दा उघ्रिँदै थियो ।

कार्यक्रम सुरु भयो, नेताले करिब एक घण्टा लगाएर बतासे विकासका कुरा अनि सम्मानित हुने रविको समाजसेवाबारे निक्कै बखान गरे । उनको भाषण सकिएपछि आयोजकका तर्फबाट रविलाई दोसल्ला र कदरपत्रले सम्मान गरियो, सबैले ताली पिटे ।

आयोजकमध्येका एक सदस्य र पार्टीको ठेक्का पाएको कम्पनीका मेनेजरबीचको संवाद प्राध्यापकको कानमा ठोकियो– "यो पार्टीको खर्चको बिल कसको नाममा लेखूँ ?" आयोजकले जबाफ दिए– "चिन्ता गर्नु पर्दैन, कार्यक्रम सकिएपछि हाम्रो रविजीले दिनुहुन्छ ।"

कार्यक्रम सकियो । नेता फर्किए सम्मानित व्यक्तित्व रविसित हात मिलाएर । रवि मक्ख पर्दै आयोजकहरूसित हात मिलाउँदै थिए, टाढाबाट एउटा आवाज आयो– "ए रवि !" प्राध्यापकका कान आवाजतिर र आँखा रवितिर मोडिए । रवि हतारहतार भीडबाट निस्किएर कालो सिसा भएको पजेरोमा बसे र एकै झड्कामा गाडी स्टार्ट गरी हुत्तिए । प्राध्यापक जिज्ञासापूर्ण तरिकाले हेरिरहेका थिए । संयोगवश ती अधबैंसे महिला सुँक्कसुँक्क गर्दै प्राध्यापकनजिकबाट अगाडि बढ्दै थिइन्, शङ्कर जिज्ञासा नराखी बस्न सकेनन् ।

"बहिनी, रविजीलाई कसरी चिन्नुहुन्छ ? किन खोज्नुभएको उहाँलाई ?" ती अर्धमूर्छित महिलाले एकैसासमा बताइन्– "एक दिन एउटा आफन्तको भोजमा ऊसित भेट भएको थियो । कुरैकुरामा रविले 'आफू जापानको व्यापारी भएको र बिहे गर्ने विचारले हाल नेपाल आएको' भन्यो । मैले पनि कलिलै उमेरमा विवाह भएको, विवाह भएको केही समयपछि नै मोटर दुर्घटनामा श्रीमान्को मृत्यु भएको हुँदा सम्पूर्ण कुरा भएर पनि समाजमा जीवन बिताउन गाह्रो भएको दुखेसो पोखेँ । उसले नै विवाह गर्ने प्रस्ताव राख्यो, केही दिनको भेटघाट र कुराकानीपछि विवाह भयो ।

अर्को महिना जापानबाट फर्केर आई मलाई भन्यो– हेर, मेरो जापानको व्यापार बिग्रियो, हेर्ने मान्छे पनि भएन, तिम्रो नामको घरजग्गा बेच्नुपर्‍यो । तिमी पनि मसँगै जापान जाने अब ।

होला त नि, मैले विश्वास गरेँ र घरजग्गा सबै बेची पैसा उसैलाई दिएँ । पैसा लिएपछि एउटा सानो कोठा भाडामा लिएर मलाई त्यहीँ छोडी ऊ बेपत्ता भएको थियो । प्रहरी-प्रशासन धाएँ, 'प्रमाण लेऊ अनि कारबाही हुन्छ' भन्छन् । मसित कुनै प्रमाण छैन । म आज सडकमा वेश्या बनेर बाँचेकी छु । यसले मलाई बर्बाद पार्‍यो । त्यस्तालाई तपाईंहरूले समाजसेवी भनी दोसल्ला ओढाइदिनुभएको ?"

प्राध्यापकका आँखा रसाए । सहयोग गर्ने विचारले एकछिनअगाडि भेटेको प्रहरी अधिकृतलाई खोज्न आँखा घुमाए, पातलिँदै गएको भीडमा उनलाई देखेनन् । निराश मनले 'शान्त हुनुस् बहिनी, एक दिन भगवान्ले न्याय दिनेछन्' भन्ने आश्वासन दिँदै प्राध्यापक घरतिर लागे । बाटामा सोच्दै थिए– पैसाले नैतिकता, चरित्रलाई छोपिदिँदो रहेछ– आफैले किनेको दोसल्ला ओढ्न यत्रो मञ्च र नाटक खडा गर्न नहिचकिचाउने ? बा, क्या जमाना आयो !

आमा

"ए ! मर्न नसकेकी असत्ती बूढी ! दिनभर घरमा थच्चिएर बसेकी छ। एउटा तरकारीमा नुन हाल्न पनि आउँदैन ? किन नुन हालेर मरेकी ? भगवान् ! के गर्नु ? आफूलाई कस्तो भोक लागेको छ। भात खाउँ भनेको त यो अलच्छिनी बूढीले मर्ने गरी नुन हालिछे, अब के गर्ने होला ?"

रिमा साठी नाघेकी आफ्नी सासूलाई सत्तोसराप गर्दै छे।

दुई हप्ताअगि मात्र जेठो छोरो, बुहारी र नातिनातिनाको मुख हेर्ने रहरले अमेरिका आइपुगेकी राममाया केही नबोली कोठामा गएर भक्कानो परेर रुन थालिन्।

छोरो किरण पनि टुप्लुक्क आइपुग्यो।

आमाको सुँकसुँक र रसिला आँखा देखेर किरणलाई गाह्रो परेन– सासू-बुहारीबीच सुरु भएको महाभारत थाहा पाउन।

अर्को कुनामा घोसे मुन्टो लाएर बसेकी रिमालाई सोध्यो किरणले, "के भो ?"

"सोध न तिम्री आमालाई 'के भो' भनेर, मलाई के सोध्छौ ?" रिमाको आक्रोश अझै कम भएको थिएन– "केको रिसले हो तिम्री असत्ती आमाले तरकारीमा बेस्कन नुन घोप्टचाइदिएकी; जाऊ, खाउ मीठो मानेर।"

"बिर्सेर दुई चोटि पऱ्यो होला, फेरि पकाए भैहाल्छ नि, कति बेर लाग्छ र ?"

"अँ, सक्छु नि म बाह्र घण्टा काम गरेर आएर तिमी र तिम्री आमालाई मीठो पकाउन। पकाऊ आफै, सक्दिनँ म।" रिमा झर्किन्छे।

राममाया सप्कोले मुख छोप्दै छोरानजिक आएर हात जोड्दै भन्छिन्, "बाबू, मलाई नेपाल फर्काइदेऊ, पुग्यो मलाई। तिमीहरूको मुख हेर्ने रहर थियो, पूरा भयो। म जान्छु अब, मलाई फर्काइदेऊ बा अहिले नै, भोलि नै। म सुद्धि हराएकी बूढीलाई के काम यो तिमीहरूको अमेरिका ?"

रिमा आफ्नी आमा बोलाउन चाहन्थी । किरणले आफ्नी आमाको नातिनातिनाको मुख हेर्ने रहर पूरा गराउन राममायालाई बोलाएका थिए । राममाया आएदेखि नै रिमाले राम्रो व्यवहार गरेकी थिइनन् ।

नातिनातिना पनि त्यस्तै, एक त ती धेरै अङ्ग्रेजी र थोरै नेपाली बोल्ने भएकाले के बोलेबोले ? राममायालाई भेउ पाउन गाह्रो हुन्थ्यो । अर्कोतिर आमाको लहैलहैमा लागेर 'तिमी हाम्रो डचाडको आमा भएर मात्र, नत्र तिमीसित बोल्दैनथ्यौं' समेत भन्थे ।

राममायाले बडो सकससाथ अपमान सहेर महिना दिन बिताइन् । त्यसपछि किरणले कसैको साथ लाएर आमालाई नेपाल फर्काइदियो ।

अमेरिकाबाट फर्केपछि राममाया लामो बिरामी परिन् । निक्कै खर्च भयो उनको उपचारमा ।

घर कुरेर बसेकी राममायाले किरणलाई फोन गरिन्– 'बाबू, अलिकति उपचार खर्च पठाइदिन्छौ कि । मैले ऋण काढेर अस्पतालको बिल चुक्ता गरेकी छु ।'

किरणले झोक्किँदै भन्यो– 'होइन, त्यति साधारण बिरामी पर्दा पनि महँगो नर्सिङ होममा जानुपर्छ ? घरनजिकैको सरकारी अस्पताल जान सकिन्थ्यो ? होइन अमेरिकामा रूखमा फल्छ र पैसा भन्या । तिम्रा माइला, कान्छा छोरालाई भन्न सक्दिनौ ? कति दुःख हुन्छ कमाउन, देखेर गएकी होइनौ तिमीले ?'

राममायाको छाती फुलेर आयो । थप केही नबोली थपक्क फोन राखिन् ।

पैसाप्रति आशक्त जेठो छोराले आफ्नी आमा राममायालाई हप्काएको यो पहिलो चोटि भने होइन ।

रिमाले अस्ति खाउँलाझैँ गरेकी थिई फोनमा । राममायाले पानी, बिजुली, टेलिफोनको बिल तिर्नुपर्ने थियो मात्र के भनेकी थिइन्– 'बिजुलीको पैसा त्यत्रो कसरी उठ्यो ? जजसलाई टेलिफोन गरेको हो ऊसितै माग । घरमा सधैँ भोजभतेर हुन्छ कि क्याहो छोरी, नातिनी जम्मा गरेर ?' रिमाको गर्जन थियो ।

'तिमी जाँदा १२ रुँपिया किलो प्याज थियो, अहिले ८१ पुग्यो, ३११ को ग्यास १५११ पुग्यो' भनेर भाषण पो छाँट्छिन् असत्ती बूढी ?' किरणको कान भरेकी थिई रिमाले ।

परिवारको जेठो छोरो किरण अमेरिका आएको पनि दशक बित्न लागिसक्यो ।

पैसा कमाउन नेतालाई दक्षिणा चढाएर राजदूतको भान्छे बनी अमेरिका छिरेर शरणार्थीको रूपमा बसेको किरणले अहिले अमेरिकाको नागरिकता पनि लिएको छ । उसका भाइहरू एउटा अस्ट्रेलिया र अर्को बेल्जियमतिर पलायन भएका छन् परिवारसहित ।

बूढी आमा एक्लै जेठा छोराको भागमा परेको घर कुरेर बसेकी छिन् । घर सहरको सुविधासम्पन्न ठाउँमै भएकाले राममाया आफै साँझ-बिहानको रासनको चाँजोपाँजो मिलाउँछिन् ।

गर्जो टार्न राममाया बेलाबेला जेठो छोरालाई फोन गरेर पैसा मगाउने गर्थिन् । किरणले उठाए त त्यति धेरै कुरा सुन्नु पर्दैनथ्यो । रिमाको हातमा फोन पऱ्यो भने त राममायाले धरधरी रुनुपर्थ्यो ।

'यहाँ घर, कारको महिनावारी किस्ताबन्दी, छोराछोरीको स्कुल, तिनीहरूको फर्माइस् सबै ऋणमाथि ऋण छ, कहिले तिरी सक्ने हो ? त्यहाँ भने चाहिने नचाहिने खर्च गरेर पैसा उडाउने ?' भनेर हप्काउँथी रिमा ।

राममाया चुपचाप छोराको घर कुरेर आफ्ना दिन गनिरहेकी छिन् ।

माइला, कान्छाको परिवारले बेलाबेला फोन नगर्दा निकै आत्तिन्छिन् राममाया । छोराबुहारी, नातिनातिनासित फोनको गफ नै उनको आशाको त्यान्द्रो थियो । राममायाले जतिसुकै 'चाहिँदैन, मलाई जेठाले चाहिँदो पठाइदिएको छ' भनी झूटो बोले पनि उनीहरू चाडपर्वमा आमा, दिदी, भान्जाभान्जीलाई केही न केही पठाइ नै रहन्थे ।

जेठा छोराबुहारीको व्यवहारबारे राममायाले माइला र कान्छा छोराको परिवारलाई कुनै गुनासो कहिल्यै गरिनन् ।

समय बित्दै गयो । राममाया दमको बिमारले ओछ्यान परिन् । छिमेकी काकाका छोरा हरिले तीनै वटा छोरालाई खबर गरिदिए ।

माइलो र कान्छो केही दिनपछि नै परिवारसहित आफ्ना नोकरी, व्यवसाय लथालिङ्ग छोडेर आइपुगे । राममायालाई उपचारका लागि अस्पताल भर्ना गरे ।

राममायालाई फोक्सोको क्यान्सर भइसकेको रहेछ ।

डाक्टरले 'यो उमेरमा उपचारबाट सकारात्मक नतिजा आउन नसक्ने' सुझाव दिए । घरमै लगेर सेवा गर्ने सल्लाह भयो ।

राममायाको आत्मबलले हरेस खाइसकेको छ । उनी जति बेला पनि जेठा छोराबुहारी, नातिनातिनाको मात्र सम्झना गरिरहन्छिन् । किरणलाई धेरै पटक दुखेसो पोखिन्– 'बाबू, म अब धेरै बाँच्दिनँ, एक

पटक मुख देखाउन आइदेऊ न ! तिम्रो परिवारको मुख हेरेर मर्न पाए मनले शान्ति पाउने थियो बा !'

'माइला, कान्छा आइहाले, तिनीहरूले हेरिहाल्छन् नि अब ? केको चिन्ता लिइराखेको भन्या ? म डाक्टर होइन क्यारे ? मलाई कामबाट फुर्सद हुँदैन । बुहारीको पनि त्यही हाल छ । जागिर गयो भने सडकको बास हुन्छ यहाँ । कस्तो कुरो नबुझेको ? मेरो आस गर्ने होइन, भगवान्को नाम जप्ने !' किरण झर्कदै फोन राख्यो ।

हप्ता बित्यो, महिना बित्यो । ओछ्यान परेकी राममायालाई माइला र कान्छा छोराले दिनरात स्याहारसुसार गरे– इच्छाएको खाना, दानपुण्यका काम भए । किरणले एक पटक पनि 'कस्तो भयो आमालाई ?' भनेर सोधेन । यता आमा भने 'कहिले आउँछ जेठो छोरो' भनी सोधेको सोध्यै !

आमालाई कहिले, कुन बेला, के हुने हो ? कसैले भन्न सक्ने अवस्था छैन । कान्छाको नोकरीबाट खबर आयो– अर्को हप्तासम्म हाजिर हुन नआए अरूलाई भर्ना गर्ने रे !

माइलाले कान्छालाई पठाइदिए– मेरो व्यवसाय हेर्ने विश्वासिलो मान्छे छ, म पछि जान्छु, तिमी अहिले गएर आफ्नो नोकरीको सुरक्षा गर ।

कान्छो छोरो बिदा भएर गएको केही घण्टापछिदेखि नै राममायालाई छटपटी सुरु भयो ।

"मेरो जेठो छोरो खोइ ?... मेरो जेठो... खोइ ? ऊ आएन ? बाबू, किरण !" –आमा माइला छोरोको हात तान्न थालिन् ।

जम्मा भएका छिमेकीले राममायालाई घाट लैजान सल्लाह दिए ।

माइलाले फेरि फोन गरे किरणलाई– दाइ ! तपाईंबिना आमाको अन्तिम सास अड्किएजस्तो छ !.... जे भए पनि एक पटक आएर आमाको आत्मालाई शान्ति दिनोस् दाइ प्लिज...! 'मेरो जेठो नआई मलाई घाट नलैजाओ' भन्दै आमा कराइरहनुभएको छ । 'त्यसलाई नहेरी मेरो सास जाँदैन' भन्नुहुन्छ । दाइ कसरी सम्झाउने आमालाई ?

'आउनै पर्ने भयो त्यसो भए ?' भाइको कुरा सुनेपछि किरणले भन्यो ।

'हो दाइ, आउनुस्– आमाको अन्तिम इच्छा पूरा गरिदिनुस् !'

राममायालाई सबैले माया मारिसके । उनी बाँच्ने कुनै आशा छैन अब । कहिले होस हराउँछ त फेरि केही छिन 'मेरो छोरो... किरण...किरण... खोइ तिमी कहाँ छौ' भन्दै बरबराउँछिन् र बिस्तारै

हातले इसारा गर्छिन् । वरिपरि बस्ने सबैको त्यही अनुमान हुन्छ– राममाया किरणलाई नै खोजिरहेकी छिन् ।

राममायालाई बिमारले गलाउँदै लगेपछि पशुपति आर्यघाट लगी ब्रह्मनालसँगैको घाटे वैद्यको कोठामा सुताइयो । कोही 'राम राम भन्नुस् आमा' भन्छन्, कोही 'नारायण' ! राममाया यताउति आँखा घुमाउँछिन् ।

अचानक किरण टुप्लुक्क देखा पऱ्यो 'आमा' भन्दै । राममायाले किरणको टाउकोमा हात राखेर तुरुक्क आँसु झारिन्...

राममायाको श्वासप्रश्वासको गति बढ्यो । किरणले आमाको मुखमा तुलसीपानी चम्चाले हालिदियो– "नारायण भन्नुस् आमा नारायण !"

माइलो छोरो आमाका खुट्टा सुमसुम्याउँदै थियो ।

राममाया सकीनसकी बोल्न थालिन् । किरणले कान आमाको मुख नजिकै लग्यो– "मेरो बाबु ! तँ आइपुगिस्, अब म आरामले जान्छु... तेरो कल्याण होस् । रिमा, नातिनातिनालाई कहिल्यै दुःख नदिनू, सुखसित पाल्नू... तैँले अमेरिकाबाट पठाएको एकएक पैसा जम्मा गरेर राखिदिएकी छु... मैले एक चुन्नी पनि मासिदिएको छैन, मे...रो छो...रा...

...उफ्... यो घर, सम्पत्ति... सबै तेरै नाममा छ । तैँले पितृको धर्म नछोड्नू । बाबू... तँ जेठो छोरो, तैँले नै भाइहरूलाई बाटो देखाउनू... बा !

उफ्... मलाई गाह्रो भयो..."

"आमा ! आमा !! आमा !!! लौन, आमा त बोल्नै छोड्नुभो !"

वैद्यले नारी छामे, आँखा खोलेर हेरे, न नारीको चाल थियो न आँखाको पर्दा जिउँदो !

"उठाउनुस् ओछ्यानबाट, उहाँ जानुभयो..."

दाजुभाइ मिलेर ब्रह्मनालमा सुताए । धूप, बत्ती, फूलमाला लगाइदिए । राम राम राम... नारायण नारायण... ! रुवाइसँगै केही क्षण सब स्तब्ध भए ।

o o o

राममायाले किरणको एकएक पैसा फिर्ता गरेकी थिइन् । उनलाई डर थियो– किरणले पितृधर्म पनि ननिभाउला भन्ने । किरणको व्यवहारदेखि दिक्क भएकी राममायाले एक दिन रुँदै छोरीलाई बेलीबिस्तार लगाएकी थिइन् । छोरीले आमाको पीडा सहन नसकेर

भनेकी थिइन्– 'किरणको सबै पैसा फिर्ता गर्नुस् आमा ! म पाल्छु तपाईंलाई ।'

किरणको सबै पैसा हिसाब गरेर बैङ्कमा जम्मा गरिदिएकी रहिछन् बहिनी करुणाले ।

यो सब थाहा पाएपछि किरण निक्कै विचलित भयो– धिक्काऱ्यो आफैलाई !

•

माया

"नमस्ते ! नमस्ते !!"

माया आफ्ना अतिथिहरूलाई पालैपालो स्वागत गर्दै बैठककक्षतर्फ गएर बस्न अनुरोध गरिरहेकी छिन् ।

आज मायाले पचासौँ वसन्त पार गरेको दिन । कुनामा मायाका ८१ वर्षीय श्रीमान् भिक्टर ह्विल चेयरमा बसेर आगन्तुकसित हात मिलाइरहेका छन् ।

मायाले भारतीय रेस्टुरेन्टलाई खानाको जिम्मा दिएकी छिन् आज । छिमेकी रामलाल टेबुलमा केक सजाइरहेछन् ।

उल्लासपूर्ण वातावरण छ । अब भित्र पस्न बाँकी छन् माया ?

शान्तिले हल्ला चिर्दै भनिन्– "कोही छैन दिदी, सबै आइसक्नुभो । यति नै हो हामीले..."

"लौ, खाना सुरु गरौँ ? केक अन्तमा काट्ने हो ।" रामलालले अनुरोध गरे ।

"आइतबारको पार्टी मजै हुन्न भन्या । भोलि बिहान सबेरै काममा जानुपर्छ ।" शर्मिला अगाडि बढिन् ।

पार्टीमा सबै आफ्नो धुनमा गफ गर्दै छन् । मायाले भर्खरै भिक्टरलाई उनको नियमित औषधि खुवाएर बिछ्यौनामा पुऱ्याएकी छिन् ।

देवेन्द्रले मायाको गिलासमा भोड्का थप्दै भने, "माया ! तिमी कति भाग्यमानी हगि ?"

मायाले धन्यवाद भन्न नपाउँदै शान्तिले मायाको हात तान्दै भनिन्, "ए माया, के गर्छेस् यत्रो सम्पत्ति यार यो बूढो मरेपछि ?"

"छिः दिदी पनि ? जे गरे पनि गरौंला नि ! अहिल्यै यस्तो कुरा ? हा...हा...हा ।" दुवै चियर्स गर्दै हाँस्छन् ।

"अमेरिकामा सुख पाउने हो भने एउटा मालदार गोरेसित बिहे गर्नुपर्ने रे छ यार शान्ति !" दीपाले बियरको चुस्कीसँगै थपिन् ।

ह...हा...हा ! हो त, देखिनस् शिवेकी सालीको फुर्ती ? बिहे गरेको दुई वर्षमै बूढो मऱ्यो । त्यत्रा दुइटा घर, व्यापारकी मालिक्नी भएकी छे अहिले !"

"नेपालबाट आफूभन्दा ५ वर्ष कान्छो ह्यान्डसम केटो बिहे गरेर ल्याएकी छे मोरीले ।" रिमा गफमा गफ थप्छिन् ।

"हो यार, अमेरिकामा त कि कुकुर कि केटी भएर जन्मनुपर्छ भन्दैथ्यो अस्ति एउटा स्वास्नीपीडित बिचरा !" झुमाले थपिन् ।

सबै हाँसे– अट्टहास हाँसो ।

कोठामा पुग्दा भिक्टर फ्वाँ...फ्वा... निदाइरहेका थिए हलुका घुराइमा ।

थकित माया निदाउन खोजिन्, पटक्कै निन्द्रा लागेन । ओल्टेकोल्टे फर्कदैमा बिहानको अलार्म बज्यो ।

भिक्टरका लागि ब्रेकफास्ट बनाउन भान्सातिर लागिन् माया आँखा मिच्दै । भिक्टरलाई औषधि खुवाउनुभन्दा पहिले ब्रेकफास्ट दिन डाक्टरले भनेका थिए ।

माया त्यो माया हो, जसको अपार सम्पत्ति आज गोरे बूढाले मृत्युपश्चात् सबै मायाको नाममा भनी वकिललाई लेखाएर मन्जुरी दिइसकेका छन् । देख्नेलाई औडाहा भइरहेछ मायाको सम्पत्तिको हिसाब गरेर ।

तर मायाको विगत कसलाई थाहा ?

मायाको छाती कति कठोर भएको छ । कति दुःख र हन्डर खाई मायाले ? सम्पूर्ण जवानी सङ्घर्ष, दुःख र आँसुमै बित्यो !

'मर्ने बेलामा हरियो काँक्रो' जस्तै भएको छ मायालाई अहिले ।

कति बाजी जिती, कति हारी... मायाले यो जिन्दगी अगाडि बढाउन ! जुवा नै भयो मायाको जिन्दगी– आज हात पऱ्यो, भोलि फेरि हाऱ्यो । एक दिन हाँस्यो, सय दिन रोयो...

मायाको मनको तनाव कहिल्यै शान्त भएन । होस पनि कसरी– समुन्द्रमा तैरन हिँडेकी तिब्बती केसाङ मरुभूमिमा पुगेपछि । कुनै रात त्यस्तो छैन– दुई-चार पेग भोड्का नपिई निदाएको, दुई-चार खिली चुरोट खरानी नबनाई ओछ्यानमा गएको ।

हिमालपारिकी केसाङ वारि पुगेपछि आङ फुर्बा लामा बनिन् ।

बिरानो ठाउँमा दुइटा काखे बच्चा च्यापेर आइपुगेकी मायाले केके मात्र सम्झौता गरिनन् ? ती कहालीलाग्दा दिनहरू ऊबाहेक कसले अनुभव गर्न सक्छ ?

केसाङ (माया) मात्र २१ वर्षकी थिइन् । केही महिनाअगाडि नेपाल आइपुगेको श्रीमान् छिरिङले 'अब अमेरिका जाने, तिमी पनि आऊ' भनी पैसा खर्च गरेर चोर बाटो हुँदै नेपालको सोलुसम्म अवैध तरिकाले ल्याउने बन्दोबस्त गरेको थियो । सोलुको प्रहरी-प्रशासनसित लुकाछिपी गर्दागर्दै यता छिरिङको अमेरिका उड्ने समय गुज्रने भएकाले केसाङलाई एक्लै बिचल्लीमा पारेर ऊ अमेरिका उडचो । श्रीमान् एक्लै अमेरिका उडिसकेको खबर दलालले सुनाएपछि केसाङ विक्षिप्त भइन् । फर्कनु पनि ज्यान जाने खतरा, अगाडि बढ्नूँ कसरी, कहाँ, कोसँग जाऊँ ? दलालले पनि छोडेर गइहाल्यो– उसको जिम्मा सोलुसम्म पुऱ्याउने मात्र थियो ।

सोलुमा केसाङले तेन्जिङसित सम्झौता गरिन्– भएको सुन अनि आफूलाई बेचेर । तेन्जिङकी आङ फुर्बा बनेर केसाङ चरिकोट आइपुगिन् ।

चरिकोटमा हर्क तामाङकी श्रीमती माया तामाङ बनेर नेपाली नागरिकता बनाइन् । नेपाली भाषा सिकिन् हर्कसितको बसाइमा । बल्ल काठामाडौँको तिब्बती शरणार्थी शिविरमा पुगिन् केसाङ उर्फ मायाले लामो सास फेरिन् ।

श्रीमान् छिरिङसित सम्पर्कविहीन भएपछि मायाले बाँकी यात्रा आफैले तय गरिन् ।

मायाका दुई छोरी निमा र डोल्मालाई एउटा विदेशी संस्थाले भारतको देहरादुनस्थित मसुरीको स्तरीय विद्यालयमा निःशुल्क पढाइदिने भयो । उनी अब एक्ली भइन् । शिविरमै मायाले हिन्दी, अङ्ग्रेजी र नेपाली भाषा पढिन् ।

माया एउटा सिङ्गो पहाड बनेर धेरै अप्राकृतिक झरी, तुषारो बेहोर्न थालिन् । हिमालपारिकी पवित्र छोरी केसाङले माया बनेर धेरैलाई

माया बाँडिन् । विवशताभित्रै हिम्मत जुटाइन् र अगाडि बढ्दै गर्दा केही समयमै माया हङकङ–दिल्लीकी व्यापारी 'माया दिदी' बनिसकेकी थिइन् ।

दुई दशक बित्न लागिसक्यो मायाले अमेरिकाको मोहमा इस्ट कोस्टदेखि वेस्ट कोस्टसम्म भौंतारिएको । उनी जसरी सजिलै सम्झौता गर्थिन्, त्यतिकै सजिलोसित टुटेर जाने क्रमको अत्यासलाग्दो विगतले मायाको निन्द्रा हरायो । विचलित सम्झौताहरूले मायाको भोक भगायो । अहिले धेरै नेपालीहरू बसेको ठाउँमा मायाको घर छ । मायाको दर्दनाक विगतका कारण सबैले स्नेह, ममता दिन्थे– आफ्नै परिवारझैं हरेक उत्सवमा बोलाउन बिर्सदैनथे ।

माया केही राहत महसुस गर्थिन् ।

बेलाबेला अत्तालिन्छ मायाको मन, उनी भाग्यलाई धिक्कार्छिन् !

घरबाट कहाँ जान निस्केकी केसाङ ? माया बनेर कहाँ पुगी ? सम्झँदा पनि अत्यासलाग्ने दिनहरू !

फर्कने बाटा भत्किएका छन्, फर्किनुको कुनै औचित्य छैन । पछाडि फर्केर हेर्न पनि चाहन्नन् माया । तर घरीघरी अतीतले घचघच्याएर चियाइरहेको हुन्थ्यो– पीडैपीडाको आलो घाउमा नुन घोप्टचाएझैं ।

हुर्केका छोरीहरू निमा जर्मनी त डोल्मा न्युजिल्यान्डमा छन्– विदेशीसित विवाह गरेर ।

जुन दिन अमेरिकी भिसा हात परेथ्यो, मायामा खुसीको सीमा थिएन । चिनेजानेसम्म सबैलाई भोज खुवाएकी थिइन् मायाले– अब त छिरिङसित भेट हुने आशाले ।

तर अमेरिका पुगेपछि पो उनी जिउँदै मरेसरह भइन्– छिरिङले अर्की केसाङसित घरबार बसाइसकेछ । छिरिङले 'जेजे भयो, बिर्सिदेऊ' भन्नु त कता हो कता, भेट्नसमेत इन्कार गऱ्यो ।

पराई देशमा मायाले सहारा खोजिन् । आफ्नै समुदायको तेन्जिङले प्रस्ताव राख्दा 'नाइँ' भन्ने अवस्था मायाको थिएन । ऐयासी स्वभावको तेन्जिङ र मायाले केही वर्ष सँगै बिताए । बिहे गर्ने बाचा गरेको तेन्जिङले पछिपछि भन्दै टार्दै गयो ।

एक दिन तेन्जिङले मायालाई असैह्य झट्का दियो– 'मेरी श्रीमती र बच्चा नेपालबाट आइपुगेकाले अबदेखि मसित सम्पर्क नगर्नू ।' ऊ अर्कै राज्यमा बसाइँ सऱ्यो । विवाह गर्न आलटाल गरेको कारण सोझी मायाले त्यस बेला मात्र थाहा पाइन् ।

जबजब माया मीठो सपना देख्थिन्, सधैँ भात्किन्थ्यो मात्र ।

मायाले अझै अमेरिकामा बस्ने अधिकारको कागजपत्र हात पार्न सकेकी थिइनन् । पछाडि खाल्डो, अगाडि अन्धकार... मायाको गन्तव्य डामाडोल थियो । न त उनी नेपाल जान सक्थिन् न त तिब्बत । देशविहीन बनेकी मायाका लागि अमेरिकाको विकल्प थिएन । बाध्यतासित सम्झौता नै उनको नियति बनिसकेको थियो ।

भाग्यवश मायाको पीडा सुनेर एक जना सज्जन नेपालीले भिक्टरसित मायाको भेट गराइदिएका हुन्– चार वर्षअगाडि मात्र ।

४१ वर्षपहिले पिस कोरमा काम गर्दा केही वर्ष नेपालमा बिताएका भिक्टर अझै टाक्कटुक्क नेपाली बोल्थे । सन्तानविहीन भिक्टरले मायाको पीडा सुनेर उनको जीवनमा सहायक हुने कानुनी प्रक्रियाका लागि लोग्ने मात्र बनिदिएनन्, आफ्नो मृत्युपश्चात् सम्पत्तिको एक मात्र हकदार पनि मायालाई नै तोकिदिएका छन् ।

जीवनका जोस, उमङ्ग र सपनाहरू निखिएको बेला बाँकी दिन गन्दै बस्ने बहाना मिलेको छ मायालाई ।

माया अर्थात् माया दिदी...

नेपालीहरूको प्रत्येक जमघटमा उपस्थित हुन्छिन् माया । दिल खोलेर चन्दा दिन्छिन्, सबैकी हाइहाइ भएकी छिन् उनी– विदेशी भूमिमा आफ्नो देश गुमाएर ।

•

आकाशमुनि

आफ्नै करेसाबारीवरिपरि दैनिक भयावह लुट, बलात्कार, हत्याको चीत्कार सुनिरहेको किरणको स्पन्दनलाई इथियोपिया, सोमालियाको पारदर्शी करङले के छोओस् ?

आफ्नै नाकमा पुतपुत रुमल्लिइरहेको बारुदको धुवाँ बिर्सेर अफगानिस्तानमा पड्केको बमको धुवाँले के पोलोस् ?

किरणले मात्र बुझ्न नसकेको हो कि यो सृष्टिको योजना वा संरचनाभित्रैको नियति हो ? ईश्वरप्रति आस्था राख्ने कोही छ भने यो विसङ्गतिका लागि उनलाई दोष दिने हिम्मत गर्न सक्दैन ।

के यो आधुनिक शकुनिको खेल हो ?

हक-अधिकार, न्याय-अन्याय केका लागि हो यो ? के न्याय पाइराखेका छन् ती लाखौँ द्वन्द्वपीडित भोकभोकै मरिरहेकाले, हजारौँ सदाहत भएकाले ।

भ्रमित छ किरण !

कसको भाग्यको फैसला भइराखेको छ यहाँ– मर्नेहरूको ? जिउँदै मरिरहेकाहरूको ? कि नेतृत्वको ?

फैसलाको लामो कालखण्ड अनिश्चित, अनिर्णयको बन्दी भएर बितिसकेको छ– अबको कति वर्ष, कति पुस्ता ?

रगतका टाटाहरूमा झिँगा भन्किएको धेरै भयो । पखाल्ने इच्छा र शुद्ध पानीको समेत अभाव छ ।

एउटा सिङ्गो आकाशबाहेक अब सबै मानिस विचलित भइसके । न्यायमूर्तिका तराजु सन्तुलित छैनन्, पीडक स्वयम् न्यायाधीश बनेको छ ।

'जसको लाठी उसकै भैँसी' जस्तो आदिम युगीन प्रणालीको कसरत छ ।

दृश्यहरू क्यामेरामा बन्द छन् । पत्रिकाको बिक्ने आधार भएको छ–लासमाथि, गरिबीमाथि, अन्यायमाथि, भेदभावमाथि पनि सप्रिएको व्यापार ।

विडम्बना ! अति विडम्बना ! अकल्पनीय विडम्बना !

वाक्चातुर्य, चाटुकार र बठ्याइँले ग्रस्त इतिहास बोकेको मेरो समाजमा मानवीयता उकुसमुकुस भएको छ ।

असह्य पीडा सहेर चुपचाप बस्नु आजको नियति भएको छ ।

अस्वीकृत खेलहरू हेरेर बस्नुपरेको छ । नाङ्गा बादशाहहरूप्रति अझै नतमस्तक हुनुपरेको छ यो युगमा पनि । के छ उपाय ? छैन ? बस, चुपचाप ?

प्रत्येक दशकमा नयाँनयाँ महाभारत रचिएका छन् । हिटलरदेखि सद्दामसम्म, इदी अमिनदेखि प्रचण्डसम्म, बेजिङदेखि वासिङटनसम्म– धेरै शकुनिहरू दौडिरहेछन् निरन्तर ।

अझै धृतराष्ट्र जिउँदै छन्, अझै भीष्म पितामह चोट सहिरहेछन् । हो, कृष्णको बाँसुरी छँदै छ, अर्जुनको गाण्डीव र रथले स्वरूप फेरे !

सीताको धज्जी उडिरहेछ । द्रौपदीहरू स्वफूर्त निर्वस्त्र भइरहेका बेला अनुराधाहरू व्यस्त छन्– उनीहरूलाई वस्त्र सिलाउन ।

बम्बे, अरब, इज्रायलसम्म फैलिएको चेलीको चीत्कार पुरस्कृत भएको छ आज । यो राष्ट्रिय लज्जालाई गौरव ठान्नेको भीड छ जतातै ।

शकुनिहरू घरघर र देशदेशमा युद्धको खेल खेलाइरहेछन्, जित्नेहरू हिरो र हार्नेहरू अपराधी भएका छन् तर हेर्नेहरू अन्योलमा छन्– खेलको नियम नबुझेर के हो के हो ?

धृतराष्ट्र अन्धा थिएनन्, स्वार्थले वशीभूत थिए ।

अन्धोपन, बैरोपन बहानाका अचुक औषधि हुन् । आँखा, कान, हातखुट्टा मात्र आज्ञापालक हुन्, निर्देशक त मानिसको नियत हो, एउटा प्रवृत्ति ।

यो आकाशमुनि रचिएका महाभारतका मूल पात्र न शकुनि हुन् न त धृतराष्ट्र, न युधिष्ठिर हुन् न त कृष्ण, न त द्रौपदी नै– मात्र सत्ता र स्वार्थ । त्यसैको सिको गरेर धेरै महाभारत रचिएका यहाँ गच्छेअनुसारका । एउटा महाभारत म आफै भोगिरहेछु, हामी भोगिरहेछौं निरीह बनेर ।

भन्छन् संसार 'ग्लोबल भिलेज' भएको छ । अर्थात् एउटा महाभारतको खेलले अब संसारलाई पिरोल्छ ?

एउटा माध्यमलाई आत्मसन्तुष्टि र विश्वासको घेरामा राख्न सक्ने हो भने केही न्यून आधारलाई सत्यताको बन्धनमा आबद्ध गर्न सकिन्छ ।

तर यो संसार त्यति खुम्चिएको छैन जति हाम्रो आँखाले आकाशलाई खुम्च्याएको छ । भ्यागुताले कुवालाई महासागर ठान्छ । हाम्रो आँखाले आफ्नो पहुँचको परिधिलाई आकाश ठानेको छ । आखिर त्यो सत्य होइन, मात्र भ्रम ।

डाँडामाथि भर्खर उदाएको जून हामीलाई भ्रम छर्छ, जो धेरै ठाउँमा उदाइसकेको हुन्छ । हाम्रो नजरको सीमाङ्कन खुम्चिएको हो । त्यही जुनले झुप्राको छानामाथि हामीलाई जिस्क्याउँदै तर समुन्द्रपारिको महलमा हाँसो पस्किसकेको हुन्छ, हामीलाई त्यसको पत्तै हुन्न । संसार

खुम्चिएको भए भिसा नचाहिनुपर्ने हो– एक देशबाट अर्को देशमा जान, कि कसो ? यहाँ झन् कडा र महँगो बन्दै गएको छ ।

पृथ्वीको नितान्त सीमित धुरमा रहेर किरण गम्दै जान्छ गम्दै जान्छ । उसको सोचका वेगहरू कहिले टल्स्टयदेखि टेगोर त कहिले विश्वेश्वरदेखि महेन्द्रका सिर्जनाका तरङ्गमा पुग्छन् । महाकवि देवकोटाका नाङ्गा आँखा चन्द्रमासम्म पुगेथे र त उनी मोहित भएका थिए । राइटस् दाजुभाइले सशरीर पुग्ने साधनको व्यवस्था गरिदिएका थिए तर स्वर्गका उन्मादीहरूको पुष्पक विमान खिया लागेर झर्‍यो ।

रोमियो र जुलियटभन्दा पहिले राम र सीताको जोडी थियो, आदम र इभभन्दा पहिले ब्रह्माको कमलको कमाल थियो । ती आज एकै ठाउँमा छन्– तेरो र मेरो, देश र धर्मको महाभारत रच्दै ।

यही हो बुद्धको देश ? यही हो 'न्याय नपाए गोर्खा जानु' भन्ने देश ? जहाँ अपहरण, शिरच्छेदन, कोलाहल, लुट, अभाव, छिनाझपटी, कब्जा, आक्रोश, बिलौनाका विचित्र नियतिभित्र क्रमभङ्गताले प्रश्रय पाइरहेको छ !

निशस्त्रको कामनालाई सशस्त्रको अहमले थचारिरहेछ । सहिष्णुता, सद्भाव र समानताको किरणलाई बादलको घुम्टोले छोपिरहेछ । मानवजातिको चिच्याहट, भागाभागप्रति किञ्चित् चिन्ता छैन यो आकाशलाई ।

आकाश ! यो एउटा भ्रम मात्र हो । जसको न कुनै सीमा छ न परिधि नै, कसरी स्विकार्ने यसको अस्तित्व ?

तर यसको भ्रमित अस्तित्वमुनि दैवी शक्तिका परिकल्पना भइरहेछन्– महाभारत, आफ्नै परिवेश, आफ्नै परिधिमा ।

भन्छन्– इतिहास दोहोरिन्छ, समय बदलिन्छ । के गान्धी र बुद्धले फेरि जन्म लेलान् ? यो धर्तीको हिंसा र व्यभिचारलाई परास्त गर्लान् ? मानिसले मानिसलाई लुट्ने, मानिसले मानिसलाई मार्ने यो जङ्गली प्रवृत्ति अन्त गर्लान् ?

किन ब्रह्मा, अल्लाह र इसुको वार्ता हुन्न ? किन लडाइरहेछन् उनीहरू मानिसलाई ? के स्वार्थ छ उनीहरूको ? के नपुग्दो छ उनीहरूलाई ?

यो जन्ममा शकुनिहरू नजन्मिए कसो होला ?

यहाँ बृहस्पतिहरू रोइरहेछन्– खोइ को छ न्याय दिने ?

यही हो त ग्लोबल भिलेज ? अर्थात् विश्वबन्धुत्व ? कहाँ छ निस्वार्थ सेवा ? कसले साथ दिएको छ निर्बल र दुःखीलाई ? कहाँ साँघुरिएको छ गरिब र धनीको सीमा यहाँ ।

हतियारको व्यापारमा होडबाजी कायमै छ । सहअस्तित्व र समानताको नारा कमजोर भएको छ ? सम्पन्नभन्दा बिपन्नको सङ्ख्या वृद्धिले यो संसारलाई त्रसित र लज्जित बनाउँदै लगेको छ ।

किरण झल्यास्स ब्यूँझन्छ– एउटा भयानक सपना देखेर । धत् के भइरहेछ हँ यो आकाशमुनि ? एकछिन साँच्चिकै यो ब्रह्माण्डलाई आकाशबाट दृष्टि दिने हो भने कति भयावह छ आखिर यो संसार !

•

गरिबी

"होइन ए बिर्खे ! किन फर्किस् तँ स्कुलबाट यति छिटो ?" भर्खर स्कुल गएको छोरो फर्केर आएको देखेर वीरबहादुरले सोधे !

बिर्ख केही बोल्दैन, ठिङ्ग उभिरहन्छ ।

"ए, किन बोल्दैनस् तँ ? किन फर्किस् स्कुलबाट भन्या ?" वीरबहादुर जङ्गिए छोरासित ।

"के भो, किन चिच्च्याएको ?" फूलमाया कराउँदै निस्किन् भित्रबाट ।

बिर्ख अझै ठिङ्ग उभिइरहेछ ।

"के भो ए बजिया, किन फर्किस् स्कुल नगएर ?"

बिर्ख अझै केही बोल्दैन ।

फूलमायालाई रिस उठ्छ छोरो नबोलेको देखेर । चडचाङचडचाङ दुई चड्कन हान्छिन् घुमाएर ।

बिर्ख रुँदै झोला फ्याँकेर घरभित्र पस्छ ।

"के भयो यो मोरोलाई ? केही त बोल्नु नि !" उनी छोराका पछिपछि भित्र पस्छिन् ।

बिर्ख सुँक्कसुँक्क रोइरहन्छ ।

वीरबहादुर कठालोमा समातेर जुरुक्क उचाल्छन् बिर्खलाई र सोध्छन्– "के भयो ? किन नगएको स्कुल ? बोल्छस् कि रछ्यानमा फ्याँकिदिऊँ ?"

बिर्ख हिक्कहिक्क रुँदै भन्छ– "बा ! मलाई फिस नतिरेको भनेर कक्षामा पस्नै दिएनन् ।" बिर्खको रुवाइ झन् तीव्र हुन्छ ।

वीरबहादुर छोरालाई अँगालो हालेर उसको कपाल सुमसुम्याउँछन् ।

"पहिले नै बोलेको भए आमाको पिटाइ खानुपर्थ्यो मोरा ? बोल्नुपर्छ नि !" वीरबहादुर छोरालाई सान्त्वना दिन्छन् ।

वीरबहादुरको रिस स्कुलका प्रधानाध्यापकतर्फ मोडिन्छ ।

"होइन, कस्तो अविश्वास गरेका होलान् मलाई ? हिजो मात्र गएर दुई-चार दिनभित्रमा फिस बुझाउँछु भनेको थिएँ त मैले हेड

सरलाई ! हुन्छ पनि भनेका थिए ! किन दिमाग खराब भयो यो हेड सरको ?

हुने र तिर्न सक्ने धनी, नेता, टाठाबाठाका छोराछोरीलाई निःशुल्क पढाउने ! गरिबका छोराछोरीलाई भने दुई-चार दिन फिस तिर्न ढिला हुँदा स्कुलमै छिर्न नदिने ? यो कस्तो न्याय हो ?

फूलमाया, ए फूलमाया ! ल, फुका भैँसी, बेचिदिऊँ, छोराको फिस तिर्नुपऱ्यो ।"

"होइन, एउटा भएको दूध दिने भैँसी बेचेर यी लालाबालालाई के खुवाएर हुर्काउने हो ए बुद्धि बिग्रेका बूढा ? केको कमाइले किन्ने दूध ?" फूलमाया फतफताउन थालिन् ।

"पढ्छु भनेर रहर गर्छ, के नपठाउने त स्कुल अब ?"

"आ, के गर्छ पढेर यसले ? गाउँलेको खेत जोत्छ, बस्छ । के गर्नु त अब, यसलाई मात्र पढाएर पनि त भएन ! अर्को वर्ष साइँलो अनि अर्को वर्ष कान्छो, के गरी धान्ने ? पालैपालो बर्सेनि स्कुल जाने भएका छन्, खोइ कमाइ ? दाँत बेच्ने कि करङ ?" फूलमाया उतर्सिन्छिन् वीरबहादुरसित ।

"जन्माउने बेलामा आँखा देखिनस्, अहिले हिसाब लगाउँछेस् बजिनी ! खुरुक्क भैँसी फुका, हिँड तल्लाघरे लाहुरे माइलाकाँ धितो राख्न ।"

"सक्दिनँ म केटाकेटीको आत्मा मारेर भैँसी बेच्न ।

दसैँ मुखमा आइसक्यो, आफूलाई नकिने पनि यिनीहरूलाई त एक जोर लुगाफाटो किनिदिनुपर्ला ! दुई-चार पाथी चामल लिन सदरमुकाम जानुपर्ला ! एक छाक भेनि जोरीपारीका अगाडि छोराछोरीलाई मासु खुवाउनुपर्छ कि पर्दैन ? नन्द, आमाजू, ज्वाइँहरू कुन दिन आउने हुन्, तिनका लागि पनि त केही जोहो गर्नै पऱ्यो । चैते दसैँमा ल्याएको मासुको पैसा अझै तिरेको छैन । काइँला काजी आँखा तर्दै थे हिजो । त्यो बाटो हिँड्नै लाज लाग्ने भैसक्यो ।

ती हरि काका चुच्चे बाहुनको हिसाब पनि के हो के हो ? जति ज्यामी गए पनि कहिल्यै तिरी सकिएको होइन । 'अझै बाँकी छ, अझै बाँकी छ' भन्छन्, आफूलाई हिसाब गर्न आउँदैन ।"

फूलमायाले आउँदो बजेट सुनाइन्, वीरबहादुर केही बोलेनन् ।

वीरबहादुर टोपी टाउकामै फनफनी घुमाउन थाले । लामो सास फेरे उनले– भगवान् ! कसरी पार लगाउने यो भवसागर !

उधारो सापट दिनेजति कोहीसित माग्न बाँकी छैन, सबैको तिर्नु छ । मान्छे देख्दा छड्के बाटो हिँड्नुपर्छ । कोहीसित टाउको ठाडो पारेर हिँड्ने अवस्था छैन । के गर्ने ?"

यो सब गलफत्ती सुनिरहेको बिर्ख चिन्तित हुन्छ र बाबुतिर फर्किएर भन्छ– "चिन्ता नगर बा ! म स्कुल जान्नँ । भोलिदेखि तिमीसँगै ज्यामी गएर सबैको उधारो तिरौँला ।"

सबै अगेनाको वरिपरि बसेर खोले खाँदै थिए । अचानक कान्छो बान्ता गर्न थाल्यो । केही छिनमै तारन्तार पखाला लागिरह्यो । रातभरमा कान्छो शिथिल भइसकेको थियो– बिहान सबेरै स्वास्थ्यचौकी दौडाए ।

हस्याङफस्याङ गर्दै चार कोस परको स्वास्थ्यचौकी पुगे वीरबहादुर ।

छोराको ज्यान बचाइदिन बिन्ती गरे वीरबहादुरले । उनको बिन्ती सुन्ने स्वास्थ्यचौकीका पिउन मात्र थिए– न डाक्टर न औषधि ! उनकै सल्लाहमा वीरबहादुरले छोरालाई सदरमुकामको अस्पतालतर्फ दौडाए ।

फूलमाया बिहेको चिनो घाँटीमा झुन्डचाएको तिलहरी डिट्ठा बाजेकहाँ धितो राखी पैसा ल्याउन दौडिइन् ।

सदरमुकामतर्फ कुद्दाकुद्दै पिठचूँमा बोकेको छोरो चिसो भइसकेको वीरबहादुरका बूढाबूढीलाई पत्तै भएन । थाकेका बूढाबूढी एकछिन चौतारीमा बिसाएर कुवाको पानी खान छोरालाई पिठचूँबाट ओराल्दा पो थाहा भयो– भर्खर तोतेबोली बोल्दै सबैलाई हँसाउने सबैको प्यारो कान्छोको प्राणपखेरु उडिसकेको रहेछ ।

कताको पानी खानु ? केको प्यास ? दुवै बूढाबूढी क्वाँक्वाँ डाँको छोडेर रुन थाले– मेरो बाबा ! ...मेरो कान्छो ! ...हामीलाई छोडेर किन गयौ ! हाम्रो माया लागेन तिमीलाई मेरो बाबा ! ...हे भगवान्, हामी बूढाबूढीलाई लगेको भए पनि त हुन्थ्यो नि । यो बालखले के बिराएको थियो र यसलाई छिन्यौ ? हे निष्ठुरी दैव...

वरिपरि भीड जम्मा भयो । सबैले सम्झाए– "के गर्छौं, जे हुनु भैहाल्यो । उसको भागभोग यति नै रहेछ । तिमीहरूले बचाउन खोजेकै हौ ।" उनीहरूको अवस्था बुझेका गाउँलेहरूले आआफ्नो गच्छेअनुसार सहयोग सङ्कलन गरे अनि उनीहरूकै सहयोगमा नजिकैको खोलामा रीतिपूर्वक समाधिस्थ गराई घर फर्किए वीरबहादुरका बूढाबूढी रुँदैरुँदै ।

गहभरि पीडा बोकेर घरभित्र पस्दा उनीहरूको हंसले ठाउँ छोडच्यो । इन्तु न चिन्तु भएर दुवै भुइँमा ढले– बिर्खे कि आमा ! यो के देख्नु पऱ्यो ? हे ईश्वर, हे भगवान् ! म गरिबले तिम्रो के बिराएको थिएँ ? के पाप गरेँ मैले ? किन यो बज्रपात ममाथि ? किन भगवान् किन ? मेरो बाबू बिर्ख ! के गऱ्यौ तिमीले यो ? किन सजाय दियौ हामीलाई मेरो छोरा ! ...तिमीले पनि यी दुःखी बाबुआमालाई माया माऱ्यौ बिर्ख, ए बिर्ख ! हिजोसम्म 'तिमीसँगै ज्यामी गएर ऋण तिरौँला, चिन्ता नगर बा' भन्थ्यौ मेरो बाबू, के गरेको यो तिमीले... हे दैव ! हामीले के अपराध गरेछौँ ?

उनीहरूको रुवाइ सुनेर गाउँलेहरू जम्मा भए । त्यो वियोगलाई गाउँलेहरूले पनि थाम्न सकेनन्, सबै रुन थाले । सम्झाउने हिम्मतसमेत भएन कसैमा... सारै ठिटलाग्दो दर्दनाक दृश्य थियो त्यो ।

छाती पिटीपिटी रोइरहेका वीरबहादुर जुरुक्क उठे । उनका आँखामा आँसु रोकियो । रातारात आँखा ! उनी सरासर आगाडि बढे ।

पिसाब फेर्न गए होलान् भन्ठाने अरूले । कसैले पनि वास्ता गरेन ।

साइँला मुखिया दौडँदै आए– "लौन ए गाउँले हो ! यो त बित्यासै भयो । वीरबहादुरले तल्लो बारीको बकैनाको रूखमा पासो लगायो ।"

सबै गुरुरु त्यतै दौडिए । फूलमायातर्फ कसैले ध्यानै दिएनन् ।

वीरबहादुरको पनि प्राणपखेरु उडिसकेको थियो यो संसारबाट । गाउँलेहरूले बचाउन सकेनन् ।

कोही उतै रुँग्न बसे, कोही यता फूलमायालाई अब कसरी सम्झाउने भन्दै घरतिर दौडे– कसरी सहली यो वियोग बिचरी फूलमायाले ?

फूलमाया पिँढीमा थिइनन् ।

पाँच वर्षे साइँला छोराले हातले इसारा गऱ्यो– भित्र दलिनतर्फ । यता फूलमायाले पनि पासो लगाउन भ्याइसकिछन्– जेठा छोरासँगैको दलिनमा ।

गाउँलेहरूले यस्तो हृदय विदारक वियोगको घटना न देखेका थिए न त सुनेकै । यस्तो पनि हुन्छ संसारमा ! धत्तेरी, के गरेको यो भगवान् ! भन्दै सबैले रुँदै रात कटाए कोही पिँढीमा, कोही बारीका पाटामा बसेर– प्रहरी र सरकारी वकिलको प्रतीक्षामा ।

साइँलो उर्फ सुर्जेले आफूसँगै बसेका कोठाका साथीहरूलाई दुई घुँडाको बीचमा मुन्टो राखेर जब आफूलाई थाहा भएजति कथा सम्झीसम्झी सुनायो, त्यो अत्यासलाग्दो गरिबीको वियोगान्त कथा सुनेर कसैका आँखा सुक्खा थिएनन्– सुँक्कसुँक्क गर्दै थिए ।

"धत् ! किन रोएका तिमीहरू ?" सुर्जे हाँस्यो तर उसका आँखा पनि ओभाना थिएनन् । "एक्लो, बेसहारा भएपछि सहर पसेँ म । केही वर्ष सडकमा खाते भएर हिँड्दै गर्दा धनी बन्ने भूत सवार भयो मलाई । कहिले लुट्ने त कहिले पसल फोर्ने गर्दागर्दै मेरो जोस र आकाङ्क्षाले आपराधिक समूहको नाइके बनाइसकेछ, पत्तै भएन । कैयौँ अपराधपछि एउटा साथीको गद्दारीले प्रहरीको फन्दा परियो । बँच्ने आशा रहेन अब, अदालतले २१ वर्ष जेल तोकिसक्यो । ...भित्तो फोरेर भाग्नेबाहेक.....

सुर्जे फिस्स हाँस्यो रुन्चे हाँसो ।

•

अन्तिम प्रहर

तिमीचाहिँ किन रोएकी नि ? मनबाट रुने त मैले कोही देखिनँ, आँखाले रोएर दुनियाँलाई के भन्न खोज्दै छ्यौ ? तिम्रा त दिन खुले नि अब– मेरो हप्काइ खानु परेन, रिस देख्नु परेन । अब कहिले पनि तिमीले मेरो कारणबाट चित्त दुखाउनु नपर्ने भयो हगि ?

म जिउँदो हुँदा कति वचन लगाइरहन्थेँ, अब त हाइसन्चो भयो तिमीलाई– खप्परमा त लेखेर लेराएकै रहेछ नि तिमीले !

ल, जे भयोभयो, जति गल्ती गरेँगरेँ, बुद्धि पुगेन मेरो । म मूर्ख मान्छे, मेरो सोच दरिद्र थियो, मैले सबैको चित्त दुखाएँ, मलाई माफ गरिदेऊ है ! अब कहिल्यै दुःख दिन्नँ तिमीहरूलाई । गाली गर्दिनँ अब ।

रामभक्तसँग ज्यादै रिस उठेको छ– 'त्यो फटाहा ! धत्तेरिका, त्यसको पनि नाम लिनु ? नचाहिने गलत कुरो सुनेर जथाभाबी गर्ने ? कस्तो गल्ती भयो मेरो त्योसित सङ्गत गर्न पुगेर ।

के गर्ने ? मुखले ठिक्क पार्थ्यो, अगाडि परेपछि 'हि...हि...हि... किरणजी ! तपाईंजस्तो मित्र कहाँ पाउनु' भन्थ्यो । अलि पर पुगेपछि धतुरो झार्दो रहेछ । पछि पो थाहा भयो ।

साथी भनी विश्वास गऱ्यो, घरव्यवहारको दुखेसो पोख्यो । ऊ त तिललाई पहाड बनाएर उल्टोसुल्टो बुट्टा भरेर कानकानमा हावाको वेगझैँ खबर पुऱ्याइसक्दो रहेछ । जीवनभर बच्चै बुद्धिको भएर मर्ने भयो फटाहा !' एकछिन किरण चिताबाटै उसलाई दुःख दिने मित्रको सम्झना गर्छ ।

चितानजिकैबाट आएको आवाज किरणको कानमा ठोकियो– 'नरोऊ आमा नरोऊ, एक दिन सबले जानै पर्छ । बरु छिट्टै गएर उनी भाग्यमानी भए... अशक्त भएर घरपरिवारको बोझ हुनुभन्दा त जानै जाती नि ! ... उनको आत्माले शान्ति पाओस्, राम्रोसित क्रियाकर्म गरौँ । ...रोएर के हुन्छ र ?' छोराछोरी आमालाई सम्झाउँदै थिए ।

वाह स्वार्थी दुनियाँ, ओहो ! त्यस्तो दिन पनि आउँदो रहेछ भगवान् !

हात-खुट्टा चलुन्जेल कमाएर उनीहरूको शोख पूरा गराउँदासम्म 'हाम्रा बाउ, संसारमा एक मात्र प्यारा बाउ !

तिनीहरूलाई हत्केलामा राखेर उठाएदेखि पढाइगुनाइ, बिहेबारीसम्मको सास्ती अनि ऋणले गर्दा मानसिक तनावको हिसाब छैन । उनीहरूको सुखद भविष्यका लागि भन्दै आफ्नो जवानी बन्धकी

राखियो । जिन्दगी सङ्घर्षैसङ्घर्षमा बित्यो, त्यसको कसैलाई मतलब छैन । एक जनाले दर्जनको बोझ उचालेर घिसार्दाघिसार्दै मानसिक तनावका कारण पक्षाघात भयो ।

केही महिना ओछ्यानमा पर्दा छोराबुहारी, श्रीमतीका लागि बोझ भइसकेको रहेछु ? मरेपछि पो थाहा भयो ! पहिले थाहा भएको भए मर्ने नै थिइनँ म, यिनीहरूलाई झन् दुःख दिन्थेँ ।

अझ 'गएकै राम्रो रे !' हे भगवान् ! कसरी सृष्टि गऱ्यौ यस्तो स्वार्थी जातलाई ? भाङको सुरमा थियौ कि ?

मैले के गरिनँ सन्तानका लागि ? एक नम्बरको महँगो स्कुलमा पढाइन कि विदेश पठाइनँ ? 'बा ! यति पैसा पठाइदेऊ, बा ! यो र त्यो पठाइदेऊ...' मैले कहिल्यै उनीहरूमा अभाव महसुस हुन दिइनँ । ऋण काढेर हुन्छ कि जग्गा बेचेर, अरूसित सापट मागेर हुन्छ कि जे गरेर– उनीहरूको खुसी नै मेरो खुसी, मेरो सम्पत्ति उनीहरूकै सम्पत्ति त हो नि भन्दै खर्च गरेँ ।

त्यस बेला कति खुसी थिए आफ्नो इच्छा पूरा भएकोमा....?

श्रीमती ! उफ् श्रीमती... जबसम्म म बलियो थिएँ– प्रशस्त कमाउन सक्थेँ । 'मेरो राजा ! कस्तो छ हजुरलाई ? भरे के ज्युनार गर्ने इच्छा छ हजुरको ? के बनाएर राखौँ ? कुन बेला आइसिन्छ हजुर ?' भन्थी । उफ्, यो दुनियाँ !

तर जब म आधा हर नचल्ने भएँ, उच्च रक्तचापले ग्रसित भएँ । अनि ऊ दुःख मनाउ गर्न थाली– म करकरे भएको छु रे ।

हिजै त हो फोनमा कोनि कोसित कुरा गर्दै थिई– कताको निस्कन पाउनु नि घरबाट ? करकरे बूढाले एकछिन दायाँबायाँ गर्न दिए पो ? कहिले के ल्याइदे भन्छन् कहिले के खाने भन्छन् भन्या । म त हैरान भैसकेँ, वाक्कदिक्क ! कति दिनको हो यो घिडघिडो ?

वाह ! देखिस् भैरे तेरो दुनियाँ ? हिजो त भन्थिस् नि 'मेरा छोराछोरी, मेरी श्रीमती !' खोइ को छ दुःखमा तेरो ?

कृष्णप्रसादले ठीकै भनेका थिए– 'छोरा हुर्कायो बुहारीलाई, छोरी हुर्कायो ज्वाइँलाई, मर्ने बेलामा कोही न कोही ।'

हातखुट्टा चलुन्जेल र कमाउन सकुन्जेल मात्र हो मानिस सबैको प्यारो, अशक्त भएपछि त आफ्नै शरीरको छालाले पनि हड्डीको साथ छोडिदिन्छ भन्छन् !

होइन खोइ मेरो बालसखा जीवलाल ? कता गएछ आज, म मरेको खबर पाएको भए त बिचरा पक्कै रुँदै आउँथ्यो होला घाटसम्म !

बिचरा जीवलाल ! नोकरी राजीनामा दियो, पेन्सन र सञ्चय कोष झिक्यो– छोरालाई विदेश पढ्न पठाउने पैसा नपाएर । दोस्रो वर्ष भएको घरजग्गासमेत बेच्यो– डाक्टर पढ्दै गरेको छोरालाई फिस तिर्न भनेर । भन्थ्यो– मेरो छोरो अमेरिकामा डाक्टर पढ्दै छ । केको दुःख मलाई भोलि ? एउटै छोरो त हो नि उसकै हो सम्पत्ति, उसकै लागि बेचिदिएँ ।

डाक्टर बनेछ छोरो, जीवलालको खुसीको सीमा थिएन ।

छोराले एक्कासि बिहेको निम्तो पठायो । जीवलालका आँखाबाट दुःख र खुसीमिश्रित आँसु झरेका थिए । मेरा अगाडि उसले छोराका बारेमा गुनासो गर्न चाहेको थिएन, त्यो मैले बुझेको थिएँ ।

जब बिहे सकिएको अर्को हप्ता नै छोराले 'बा ! यहाँ बाबुआमा बिहे गरेको छोरासित सँगै बस्ने चलन छैन । तपाईंहरू बस्नुभयो भने त क्रिस्टिनाले मलाई छोडपत्र दिन्छु भनिसकिन् । बा ! मलाई अप्ठ्यारोमा नपरिदिनुस्' भनेर हातमा टिकट थमाई फिर्ता पठायो । खुब रोयो बिचरा मसित ! 'बाबुआमाको मन छोराछोरीमाथि, छोराछोरीको मन ढुङ्गामुडामाथि' भन्थे हो रे छ किरण भन्दै ।

आज जीवलाल ससुरालीले दिएको सानो टुक्रो जग्गामा जस्ताको छाप्रो हालेर बसेको छ ।

म मरेको थाहा पायो भने मलाई पोल्नुअगाडि नै ऊ पक्कै आइपुग्छ । मलाई पनि उसलाई भेट्ने इच्छा छ ।

कठै ती बूढी आमा ! तिनको पनि किन झझल्को आएको होला फेरि मलाई– मेरी त कोही पर्दिनन् तिनी । तर किन म ती बूढी आमाको त्यो पिलपिलाउँदो अनुहार बिर्सन सक्दिनँ ? बेलाबेला याद आइरहन्छ । उनका ती पीडाहरूले मलाई घोचिरहन्छ ।

"हम वो गाउँके बकरा, भैंस चराने वाली हैं । बचपन मे सादी हो गया । पढाइ लेखाइ नही है मेरा ।

मैं जवान थी, पतिका स्वर्गे हुवा । एक हि बेटा है मेरा, उसको ज्यामी मजदुरी कर के अङ्ग्रेजी पढाया । व यहाँ आया, गोरीको सादी किया । मेरेको बुलाया लेकिन साथ मे नही रखा, मैं बूढीको कोही काम नही देता– एउटी बूढी आमा न्युयोर्कमा गुड्दै गरेको ट्रेनको अर्को सहयात्रीलाई आफ्नो दुखेसो पोख्दै थिइन् आँसु झार्दै ।

दुसरोँ कि कोठे मे बैठी हुँ । किरायाका पैसा भी नही हे मेरे पास । कोही काम खोज दिजिए मेरे लिए ।"

उनीहरूको वार्ता चल्दै थियो । म आफ्नो स्टेसनमा ओर्लिएर बाटो लागेँ– ती बूढीको व्यथा बेलाबेला याद आइरहन्छ– कस्ताकस्ता सन्तान !

उफ् ! कहाँ हराउँदै छ मानवीय संवेदनशीलता ! बाध्याताको बहानामा कर्तव्यविमुख भइरहेछ आजको पुस्ता । कति स्वार्थ लुटपुटिएको छ मानिसभित्र ।

किरण अरू अनुहार खोज्दै गयो, केलाउँदै गयो !

होइन त्यो त आउनुपर्ने हो घाटमा, किन आएन ? खबर पाएन कि ? एक चोटि त पक्कै रुन्छ होला त्यो पनि म मरेको खबर पाएर ।

तर उसले भने पक्कै छाप्छ होला समवेदना त्यो मेरो हँसिलो फोटो राखेर– मनको धनी छ ऊ ।

हुन त हर्के, बिर्खे, गुरुदेवले पनि छाप्लान् म मरेको समवेदना ।

छोराले खबर त पायो नै होला, कहाँ आइपुग्यो कुन्नि ? नआउने पो हो कि ?

त्यो खेत अब कसले हेरविचार गर्ला ? त्यति मीठो सुन्तला, भोगटे रोपेको, फल्ने बेलामा आफूलाई जानुपऱ्यो । त्यो बगैँचा पनि अब गाईबस्तुले ध्वस्त पार्छन्, हेर्ने कोही छैन ।

अब सबैसित बिदा हुने बेला भयो– बिदा हुने बेला भैगयो, फेरि भेट नहुने भै हाल्यो ।

नफर्कने गरी जानुपर्ने ? कस्तो नमज्जा लाग्दो रहेछ आफू मरेकोमा ।

चितामाथिबाट दुनियाँको अन्तिम दृश्य हेरिरहेको थियो किरण । मुखमाथि पराल राखिदिए । उसका आँखाबाट भलभली आँसु बगिरहेका थिए– चित्तामा भर्खर लगाएको आगो निभ्लाझैँ गरी तर निभ्दैन ।

धुवाँले किरण निसासिन्छ । चित्तामा लागेको आगो ठूलो हुन्छ– खुट्टा चर्चरी बल्न थालेपछि अत्तालिएको किरण खुट्टा बजार्छ ।

चित्तामाथि बजारिएका उसका खुट्टा सँगै सुतेकी श्रीमतीको ढाडमा बज्रिन पुग्छन् ।

“ऐâया बाबा !” उनी ओछ्यानबाट भुइँमा खसिन्– “यी बूढा बौलाए कि क्याहो ?”

किरण भर्खर टुटेको सपना सम्झेर छक्क पर्छ– ‘धत्, कस्तो सपना !’

आफ्नो टाउकोदेखि खुट्टासम्म छाम्छ– शरीर दुरुस्त छ । सुतेको ठाउँ हेर्छ– ऊ ओछ्यानमै सुतिरहेको छ ।

किरणले भित्ताको घडी हेऱ्यो– ए उठ्ने बेला भइसकेछ...

श्रीमतीले झर्किंदै सोधिन्– "के सपना देख्यौ त्यस्तो ?"

"म मरेको !" किरणले ठाडो जबाफ दियो ।

श्रीमतीको मुख देख्नलायक थियो । नमीठो अनुहार लगाउँदै किरण लाग्यो– आफ्नो दैनिकीतिर...

•

क्षितिजपारिका सपनाहरू

वीरबहादुर छिमेकी घनश्याम पण्डितको दुःखान्त निधनले रन्थनिएका छन् । उनले टलपलाएका आँसु रोक्न खोजे तर सकेनन्– तरतरी बहिरहे, जबसम्म मित्र घनश्याम माडसापको पार्थिव शरीर धुवाँ बनेर आकाशमा बिलाएन । आफ्नो बालसखालाई हावामा बिदा गरेर फर्कंदै छन् वीरबहादुर ।

खाली हात फर्के घरतिर वीरबहादुर– घनश्याम पण्डितको अतीतलाई बल्झाउँदै, ताजा बनाउँदै ।

घनश्याम पण्डित छिमेकी मात्र थिएनन्, वीरबहादुरका सानैदेखि मिल्ने साथी पनि थिए । एकअर्काका दुःखसुख, गाह्रोसाह्रो साटासाट गर्थे । चाडपर्व, भोजभतेरमा एकले अर्कालाई बोलाउन छुटाउँदैनथे, एकाघरभैँ आपसी सहयोगको विनिमय हुन्थ्यो ।

घनश्याम पण्डितका दुई छोराछोरी थिए– दुई वर्ष मात्र फरकका तर उनीहरूको पढाइ एउटै कक्षामा थियो । आफ्नो शिक्षकको जागिर अनि अलिकति टचुसनको सीमित कमाइमा घनश्याम पण्डितले छोराछोरीको स्तरीय शिक्षाका लागि काठमाडौँको महँगो स्कुलमा 'बोडर्स' गराएका थिए ।

आफ्नो छाकछाकको गाँस सीमित गर्दै, अन्नपात, घरका चौपायासमेत बेच्दैबेच्दै छोराछोरीको पढाइ खर्चको जोहो गर्दथे घनश्याम पण्डित ।

'भविष्यमा सुख पाउन लगानी गर्नुछ भने छोराछोरीको शिक्षामा गर्नू ! विदेश गएर बेस्कन कमाएर ल्याउँछन् एक दिन । बुढेसकाल भएपछि सहरमा घर बनाएर बस्नुपर्छ' भनी सुनाउने गर्थे वीरबहादुरलाई ।

कुनै प्रतिवाद नगरी घनश्याम माडसापको कुरो सुनिरहन्थे वीरबहादुर ।

वीरबहादुरको एउटै छोरो रामु प्रवेशिकामा असफल भएर गाउँमै खेतीपाती र पशुपालन गरी बसेको थियो । वीरबहादुर अफ्नो पुख्यौंली रासनपानीको पसलमै दङ्ग थिए सन्तोषका साथ । छोरामाथि धेरै सपना देख्ने रहर वीरबहादुरबाट भागिसकेको थियो– बस, छोराको एउटी सज्जन केटीसित बिहे गरिदिन पाए बुढेसकालमा यही घर-कटेरोमा नातिनातिना खेलाएर बस्नेभन्दा अरू आशा नभएको कुरा सुनाउँदा घनश्याम दोहोऱ्याई-तेहऱ्याई भन्थे– 'हेर वीरबहादुर ! यो सब भाग्यको कुरो पनि होला । भोलि मेरा छोराछोरी डाक्टर, इन्जिनियर बनेर मलाई कति सुखले पाल्छन्, देखौला ।"

नभन्दै एक दिन घनश्याम पण्डितका छोरा डाक्टर र छोरी कम्प्युटर इन्जिनियर बन्न विदेश हिँड्ने भए । घनश्याम निक्कै खुसी थिए ।

घनश्याम पण्डितले ढोकाको दुईतिर गाग्रीका घडा राखेका थिए । टपरीमा आलो माछा, दहीको कतारो अनि दुबोका माला र चन्दनको टीका लगाइदिएर आशीर्वाद दिएका थिए– 'बाबू, नानू ! संसारको जुन कुनामा पुगे पनि आफ्नो गाउँघर, पाटीपौवा, कान्लाखोल्सा, भन्ज्याङचौतारी अनि देशलाई नबिर्सनू । आफ्नो धर्म-संस्कृतिको सम्मान गर्नू । बेलैमा पढाइ सकेर स्वदेश फर्केस्, म तिमीहरूको बाटो हेरिरहनेछु । तिमीहरू मेरा दुई आँखा हौ । जबसम्म तिमीहरू फर्कदैनौ, यो घरमा उज्यालो हुने छैन ।'

घनश्याम पण्डित एक दिनअगाडिसम्म गर्वसाथ फुर्ती देखाउँदै थिए– 'मेरा सन्तान विदेश जाने भए, कमाएर ल्याउनेछन् ।' तर आज भने उनी हाँस्ने प्रयास गर्दागर्दै आँसु झार्न थाले ।

वीरबहादुर सम्झाउन थाले– माडसाप ! हिजोसम्म तपाईं खुसीले गद्गद हुनुहुन्थ्यो । अहिले हाँसीहाँसी बिदा नगरेर किन सुँक्कसुँक्क नि ? तपाईंले नै भनेको होइन ?– छोराछोरीलाई एक पटक विदेश पठाउनै पर्छ, पढ्ने मात्र होइन, देख्छन् अनि फर्केर आई आफ्नो देशलाई पनि त्यस्तै बनाउँछन् । खुसीसाथ बिदा गर्नोस् ।

घनश्याम केही बोल्न सकेनन् ।

छोराछोरी भन्ज्याङको चौतारीमुनि नपुगुन्जेल हात हल्लाउँदै हेरिरहे । फेरि चोटामा पुगेर भ्यालबाट नियाल्न खोजे तर उनीहरू पर पुगिसकेका थिए ।

सन्तानसित बिछोडको पीडाले धेरै दिनसम्म घनश्याम पण्डितले राम्रोसित खानासमेत खाएनन् । 'नियास्रो लाग्यो वीरबहादुर ! कहिले भेट्ने होला अब तिनीहरूलाई ? मेरा मुटुका टुक्राहरू अहिले कहाँ पुगे होलान् !' उनी घरीघरी सोध्ने गर्थे ।

घनश्याम पण्डितले सन्तानलाई पढाइका लागि विदेश पठाउन भएको खेतबारी बेच्दासमेत नपुगेर बस्दै आएको घर-कटेरोसमेत बन्धकीमा राखेका रहेछन् । कसैलाई भनेका थिएनन् तर पल्ला गाउँको मुखिया काजी ब्याज उठाउन घनश्याम पण्डितकहाँ आउँदा पो थाहा भयो ।

दोस्रो वर्ष नपुग्दै 'पढाइको शुल्क तिर्न पैसा पुगेन' भनी खबर आयो । माडसापले जागिरबाटै राजीनामा दिई त्यसबापत आएको निवृत्तिभरण अनि सञ्चय कोषको रकम झिकी पठाइदिएका थिए ।

घनश्याम माडसापसित अब बन्धकीमा परेको घर-गोठ र छोराछोरी-माथिको सपना, आशाभरोसाबाहेक केही बाँकी रहेन ।

केही समयपछि एकाबिहानै घनश्यामले गद्गद हुँदै खुसीको खबर सुनाउन भ्यालबाट 'चिया खान आइज न वीरबहादुर' भन्दै बोलाए ।

"के हो माडसाप खुसीको खबर ?"

"सुन्यौ वीरबहादुर ! छोराछोरी दुवै उच्च अङ्क ल्याएर परीक्षामा उत्तीर्ण भएछन् । दुवैले वर्षको लाखौँ डलर कमाउने नोकरी पाए रे ?

मेरा दुःखका दिन गए बुझ्यौ वीरबहादुर अब ! आज मेरो छाती गर्वले ढक्क फुलेको छ । मेरो इच्छा पूरा हुने दिन आए अब । छोराछोरीले मलाई पैसा पठाउँछन् अब ।

त्यो पैसाले स्वास्थ्यचौकी बनाउँछु वीरबहादुर ! स्वास्थ्यचौकीको अभावले नै मेरी श्रीमती कालाज्वरको उपचार हुन नसक्दा छोराछोरीलाई टुहुरो बनाई उमेरमै संसारबाट बिदा भएकी थिइन् । अहिले भएकी भए कति खुसी हुन्थिन् उनी हगि ?

गाउँका लागि भन्ज्याङमा पानीटचाङ्की बनाएर घरघरमा धारो हालिदिने ठूलो चाहना छ मेरो । गाउँमा एउटा राम्रो स्कुल पनि बनाउनु छ वीरबहादुर । तिमीले मलाई साथ दिनुपर्छ" –भावावेशमा घनश्यामले आफ्ना सपनाहरू सुनाए ।

समय बित्दै गयो। घनश्याम पण्डितका सपनाहरू बिस्तारै धुमिल हुँदै गए– न त छोराछोरीले पैसा पठाए न त कुनै आश्वासन नै।

पालैपालो छोराछोरीले बिहे गरेको खबर आयो। पहिले छोराले एउटी गोरीसित चर्चमा गई बिहे गरेको फोटो पठाएपछि छोरीले पनि एउटा धनाढ्य मुस्लिम केटासित कोर्टमा बिहे गरेको खबर पठाइन्। दुवैले विदेशकै नागरिकता ग्रहण गरेछन्।

घनश्याम पण्डितको छाती चिरिँदैचिरिँदै भ्वाङ परेर क्षतविक्षत हुन थाल्यो।

माड्साबको जोस, जाँगर शिथिल हुँदै गयो। उनका सपनाका योजनाहरू माकुराको बाक्लो जालोले छोपिसकेको थियो।

अभावैअभाव र ऋणको भारले उनी आँगन काटेर ओल्लो गाउँ, पल्लो गाउँ गर्न पनि नसक्ने भए। तर फुर्सद मिल्यो कि वीरबहादुर घनश्याम माडसापको घरमा छिर्न बिर्सदैनथे।

कहिले दलिन गनेर बसेका हुन्थे त कहिले खोले पकाउँदै। पछिल्ला दिनमा झुक्किएर पनि उनले कहिल्यै छोराछोरीको गुनासो गरेनन्। बरु उनीहरूले कमाएका, रमाएका कुरा गर्थे। उनीहरूको खुसी नै आफ्नो खुसी हो भन्दै प्रसन्नता देखाउन खोज्थे।

वीरबहादुरले घनश्यामलाई राम्रैसँग पढिरहेका थिए तर उनले प्रसङ्ग कोटचाएर माडसापलाई दुःखी बनाउन चाहेनन्।

यसै गरी दिन, महिना र वर्ष बित्दै गए, घनश्याम पण्डित पनि शिथिल हुँदै गए। उनको अनुहारको कान्ति मलिन हुँदै गयो। आँखाका डिलहरू भित्र पसे, ओठ, मुख सुक्खा हुन थाले।

पण्डितको हबिगत देखेर वीरबहादुर सोचमग्न भए– छोराछोरी विदेश पठाएर घनश्यामले के गरे यस्तो ? खोइ, कता पुग्यो उनको सपना ? कता हराए सन्तान ? सन्तान हुनु र नहुनुको के अर्थ रह्यो त पण्डितलाई आज ?

अबेरसम्म ढोका नखुलेको देखेर वीरबहादुर सशङ्कित भए। सधैँ बिहान सबेरै उठी 'हर गङ्गे हर गङ्गे' भन्दै कुवामा नुहाउन जाने घनश्यामलाई सन्चो भएन कि क्या हो भनी ढोका ढकढक्याउन पुगे।

ढोकामा चुकुल लगाएको थिएन।

"घनश्याम माडसाप ! ए माडसाप !"

"म जिउँदै छु वीरबहादुर ! यता छु यता ! ज्वरोले ग्रस्त पारेकाले नुहाउन जाने हिम्मत भएन । हेर त मेरा हातगोडा कामेर उभिनै नसक्ने भएको छु । यसो तातो पानी तताएर खाउँ कि भनेको, खै... !"

वीरबहादुरले हतपत निधार छामे । उनको सम्पूर्ण शरीर ह्वारह्वारी बलेझैँ तातेको थियो ।

वीरबहादुरले आत्तिँदै उनलाई बाहिर फलैँचामा ल्याएर बसाए । पानीपट्टी गरे, केही फाइदा भएन । घनश्याम झन् बरबराउँदै बेहोसजस्तै भए ।

वीरबहादुरले छरछिमेकीलाई बोलाए ।

गाउँलेहरूको सल्लाहले सदरमुकामको अस्पताल पुऱ्याइयो ।

डाक्टरले घनश्यामका दुवै मृगौलाले काम गर्न छोडिसकेको र रक्तअल्पतासमेत भएकाले त्यहाँ उपचार हुन नसक्ने बताउँदै भने– "मृगौला फेर्न सक्ने हो भने सुविधा सम्पन्न अस्पतालमा उपचार गर्न लैजानुहोला ।"

सबै गाउँलेबीच मुखामुख भयो ! अब के गर्ने ? कसले बेहोर्न सक्छ र उपचार खर्च ?

वीरबहादुरले त्यहींबाट घनश्यामका छोराछोरीलाई फोन गरेर 'तिमीहरूका बुबाको अवस्था एकदमै गम्भीर छ, जतिसक्दो छिटो आउनुपऱ्यो' भनी खबर दिए । जबाफमा छोराले भन्यो– "अङ्कल ! म त हिजैबाट नयाँ नोकरीमा लागेको छु, भोलिबाट एक महिनाको तालिम छ । त्यसपछि बिदा मिलाएर आउन सक्छु ।"

छोरीले पनि "अङ्कल ! मेरा दुइटा ससाना बच्चा छन्, तिनलाई छोडेर आउन कहाँ मिल्छ र ? दाइलाई भन्नोस्" भनी जबाफ दिई ।

वीरबहादुरलाई साह्रै चित्त दुख्यो ।

उनले दुवैलाई भने– "ए नानी हो ! बिर्स्यौं तिमीहरूले तिम्रा बुबाले कुन हन्डर खाएर कसरी हुर्काए, पढाए, बढाए ? सर्वस्व सिद्ध्याएर तिमीहरूलाई विदेश पठाए ? के आशीर्वाद दिएर पठाएका थिए तिमीहरूलाई ?"

"बुबाले भन्ने कुरो भन्नुभयो, आफ्नो कर्तव्य पूरा गर्नुभयो । हामीले आफ्नो भविष्य र परिवार पनि त हेर्नुपऱ्यो !"

अङ्ग्रेजी मिसिएको बोलीलाई वीरबहादुरले मुस्किलले दोहोऱ्याउँदै-तेहेऱ्याउँदै सोधेकाले मात्र बुझेको थियो । उनी बिलखबन्दमा परे ।

छोराछोरीको जबाफ सुनाएर आफ्नो मित्रलाई झन् दुःख र मानसिक पीडा दिनु उचित लागेन वीरबहादुरलाई । त्यसैले 'धेरै पटक फोन गरेको, लाग्दै लागेन' भनी झूट बोले ।

हप्ता बित्यो, महिना बित्यो, छोराछोरीको कुनै खबर आएन । घनश्यामका आँखा सधैँ ढोकाबाहिर मात्र पुग्थे– छोराछोरी आए कि भन्दै ।

अन्तमा आज बिहान शीतको थोपा फूलमाथि पर्नुभन्दा अगावै घनश्यामले सदाका लागि आँखा चिम्लेछन् । रुँगालाले पनि पत्तो पाएनन् ।

दागबत्ती दिन त आउँछन् कि भनेर वीरबहादुरले फेरि प्रयास गरे– घण्टाघण्टाको फरकमा धेरै चोटि फोन गरे, यो पटक साँच्चिकै फोन उठेन ।

गाउँका अर्का पण्डितका छोराले दागबत्ती दिए । ...चितासँगै घनश्यामको क्षितिजपारिका सपनाहरू पनि खरानी भयो ।

•

समयान्तर

किरणले जीवनमा आजजस्तो अपमान कहिल्यै महसुस गरेको थिएन । आफ्नो स्वाभिमानले गर्दा ऊ कसैको ढोकामा सिफारिसका लागि गएन । समाज र देशका लागि किरणले जीवनभर जेजति गऱ्यो, त्यो निस्वार्थ थियो । पुरस्कार, तक्मा, प्रमाणपत्र, प्रशंसाका लागि न कतै बिन्ती हाल्यो न त आफै लगानी गरेर आफ्ना लागि पुरस्कार दिने कार्यक्रम गरायो । किरण आधुनिक बठचाइँका बुज्रुगहरूभन्दा फरक छ । उसको सोचाइ पृथक् छ ।

किरण समयसमयमा भन्छ– सेवाको अर्थ समर्पण हो, त्याग हो, फलको खेती होइन । फल प्राप्तिका लागि व्यापार गर्नुपर्छ, राजनीति गर्नुपर्छ ।

आफ्नो सेवा र सिर्जनालाई समेत लोकप्रियताका लागि प्रचारप्रसार गर्नुपर्छ भन्नेमा किरण विश्वास राख्दैनथ्यो ।

सङ्ख्यात्मक प्रचारभन्दा गुणात्मक परिमाणलाई प्राथमिकता दिने किरण केही मूर्धन्य शुभचिन्तकहरूको मौखिक प्रशंसालाई नै ठूलो विजयको रूपमा हेर्थ्यो ।

आफ्नै कर्म र क्षमतामा मात्र विश्वास राख्ने किरण भन्थ्यो– जे प्राप्त भएका छैनन्, ती आफ्नै अक्षमताका कारण हुन् । जसले जे भोगिरहेछ, त्यो उसको कर्म र क्षमताको प्रतिफल हो ।

असन्तोष नै दुःखको मूल कारक हो, आफ्नो योग्यतामाथिको नाङ्गो तरबार पनि यही हो भन्ने किरणले सरल बाटो रोजेको छ । ऊ दान, निगाह, पुरस्कार र प्रशंसाका लालचबाट टाढा छ । असन्तोषलाई झिकेर फ्याँकिसकेको छ उसले भने गुनासो त नौ डाँडापारि भागिसकेको थियो ऊबाट ।

हुन् त 'घमन्डी' को उपाधि भने प्रशस्त बोकेको छ किरणले । बोल्नेको कमसल बिक्ने समाजको रीति भएको परिवेशमा स्वाभिमानीहरूको हिसाब सधैँ नमिलेको हुन्छ । लाभहानिको वास्ता नगर्नेहरूले प्रत्यक्ष घाटा बेहोर्नु स्वाभाविकै हो ।

समाजमा एकाध स्वाभिमानी देखिए भने अनुसरण होइन व्यङ्ग्य गर्नु त लुच्चाहरूको कामै हो ।

निश्चय नै 'असलले केही गरेन भने खराबले जित्छ' भन्ने उक्ति सत्य हो तर के गर्ने ? सय सज्जनको ठाउँमा एक दुर्जन काफी हुन्छ भने अब सय दुर्जनको ठाउँमा आफूले आफैलाई कथित सज्जन भनाउनुको के अर्थ ?

किरण आफ्नै अगाडि अपमानित भइरहेको अवस्थालाई स्वाभिमानमा लगेर जोड्छ, झनै घाटा देख्छ ।

स्वाभिमानलाई अभिमान भनी अनर्थ लगाएर स्तुति गर्ने चतुरहरूको बाहुल्य रहेको समाजमा स्वाभिमानको मूल्य चर्को र बाटो कठिन छ निश्चय नै । तर त्यसले आत्मबल उच्च राख्ने र आत्मसन्तुष्टि हुनेमा किरण पहिलेदेखि नै विश्वस्त छ ।

हुन् त 'मरेको भोलिपल्ट दुई दिन, त्यसैले लाओ, खाओ, पाओ' भन्ने मान्यता राख्नेहरू किरणका वरिपरि धेरै छन् । धेरैको दैनिकी नियालिरहेको छ ऊ ।

सत्य जे हो आजै हो, भोलि कसलाई थाहा ? भेटेको सुखसयल, पद, पुरस्कार लिइहालौँ जसरी भए पनि भन्नेहरूकै घेराभित्र एक्लो उभ्याएको छ उसले आफूलाई । तर इतिहासका ज्यूँदा ताराहरू हेर्ने हो भने उल्लिखित कथन झूटो हो, क्षणिक हो– किरण सधैँ बहस गर्छ एक्लै ।

लाखौँ खर्च गरेर आफ्नो व्यवसायको प्रचारका लागि एउटा प्रतिष्ठित समाजसेवीको रूपमा किरणलाई सम्मान गर्ने कार्यक्रम राखिएको थियो ।

आयोजक र प्रमुख अतिथिका बारेमा किरणले नसोधेको होइन । आफूले आदर गर्ने मानिसले नै उसलाई झुक्क्याउलान् भन्ने के थाहा ? 'तिमी खुसी हुन्छौ, फिकर नगर, मेरो विश्वास गर्छौं कि गर्दैनौ ?' भनेपछि बाध्यतावश किरणले स्वीकृति जनाएको थियो त्यो सम्मान ग्रहण गर्न ।

कार्यक्रमस्थलको मञ्चमा सजाइएको विशाल चित्रमा प्रमुख अतिथि देखेपछि मात्र किरण झस्कियो !

ऊ मनमनै सोच्न थाल्यो– हुन त उनीहरूलाई के थाहा किरणको मनभित्र अङ्कित अतीतको चित्र ? 'कार्यक्रमको प्रमुख अतिथिलाई उनीहरूले वर्तमानमा मात्र चिनेको पनि हुन सक्छ ।' किरणको रक्तचाप बढ्यो ।

हेर्दाहेर्दै किरणको अनुहार रातो भएर आयो । उसका खुट्टा एकाएक रोकिए ।

"किरणजी ! बढौं अगाडि" आयोजकमध्ये एक भद्रले सम्झाए ।

किरणका मनमा अनेक कुरा खेल्न थाले– 'के भन्लान् साथीहरूले भोलि ? कसको हातबाट पुरस्कार थाप्न पुगिस् ? कहाँ गयो तेरो स्वाभिमानी सोच ? आखिर यो पनि त उही डचाडको मुला हो नि ? निक्कै आदर्शका कुरा गर्थ्यो हिजोसम्म हामीसित ?' पक्कै भन्छन् मलाई भोलि तिनीहरूले ।

अब के गर्ने ? कसो गर्ने ? बहिष्कार गरेर अर्काको अपमान गर्ने कि नतमस्तक भएर नचिनेझैं नकचरो हाँसेर पुरस्कार थाप्ने ? किरणले निर्णय गरिसकेको थिएन । जतिजति प्रमुख अतिथि आउने समय नजिक हुन्थ्यो किरणको मनभित्रको छटपटीले झनै गति लिन्थ्यो–

भोलि साथीहरूलाई के जबाफ दिने ? कुन झूटको सहारा लिने ?

किरणले झूटको सहारा होइन, सत्यको बाटो अपनायो र त्यहाँबाट चलाखीपूर्वक सुइँकुच्चा ठोक्यो ।

उफ् ! यो अविश्वसनीय समयान्तर ! यो परिवर्तन ! किरण एकाग्रतापूर्वक विगत कोटचाइरहेछ– अस्ति मात्र विदेश गएको साथीले सम्झनास्वरूप उपहार दिएको पुरानो सोफामा पल्टेर ।

हिजैजस्तो लाग्छ किरणलाई त्यो साँघुरो गल्लीको अँध्यारो कोठाको भट्टीमा कलेजका केही साथीहरूसित गएको । हर्लिक्सको बोतलमा भरेको घरेलु रक्सी, सितनमा कुखुराको नङ्ग्रा, टाउको अनि भटमासंसित साँझको रमाइलो गरेका थियौं । त्यही गल्लीको एउटा चिसो कोठामा बस्छु भन्दै परिचय दिएर मेरा मित्रसित ५१ रुपियाँमा अनुनय गर्दै आफ्नो अस्मिता साटेको । ...किरणले अस्वीकार गर्दा अजिबको व्यङ्ग्य सुन्नुपरेको थियो । उफ्... त्यही आज...

किरणलाई उही व्यङ्ग्य गर्नेसित अहिलेको विशिष्ट व्यक्तित्वको रूपमा नमस्कार गर्दै पुरस्कार थाप्न र सम्मानित हुन निम्त्याइएको थियो ।

"हा हा हा !" किरण अट्टहास गर्छ ।

गुन्द्रुक उमाल्दै गरेकी गृहलक्ष्मी छक्क परेर सोध्छिन्– "के भो ए समाजसेवीज्यू, किन हाँस्छौ एक्लै ? पुरस्कार थाप्न गाथ्यौ क्यारे नि, खोइ के लिएर आयौ ?"

किरण झन् अट्टहास गर्छ "हा...हा...हा..."

"होइन के भो ?"

"यो समयको व्यङ्ग्य सम्झेर हाँसेको नि" किरण जवाफ दिन्छ ।

उता समारोहमा कर्तलध्वनि गुन्जन्छ । सांसद, प्रशासकलगायत प्रमुख अतिथिहरूको एक्कै पटक ओइरो लाग्छ ।

माइक भेट्टाउनेजति सबै महान् समाजसेवी, उदियमान प्रतिष्ठित व्यवसायी... ... को मुक्तकण्ठले प्रशंसा गर्दछन् ।

किरणले बाटो तताइसकेको थाहा पाएका आयोजक उनको बदलामा किरणलाई लिएर जाने शर्माजीलाई सम्मान गर्छन् ।

दोस्रो दिन फोनमा उही विशेष अतिथिको सुमधुर आवाज घन्किन्छ– "किरणजी ! तपाईं समयलाई बुझ्न नसक्ने मानिस हुनुहुँदो रहेछ । किन भाग्नुभयो हिजो ? समय बदलिन्छ– कस्तो माहोल बन्छ, त्यस्तै भएर आफू बदलिनुपर्छ । नत्र त दुःख पाइन्छ । समयलाई नगदमा बदल्ने हो नगदमा किरणजी ! हेर्नुस् मलाई, म कहाँ पुगेँ तपाईं कहाँ हुनुहुन्छ ?"

किरण फेरि हाँस्छ ।

"म मजाक गरिरहेको छैन, वास्तविकता तपाईं सामुन्ने छ । समय, समाज निष्ठुर छ– बलेको आगो मात्र ताप्छ ।"

"एउटा प्रश्न सोधूँ ?" किरण जिज्ञासा राख्छ ।

"भन्नुस्", उताबाट जवाफ आउँछ ।

"तपाईंको ओछ्यानको मूल्य कति ?"

"किन चाहियो तपाईंलाई ?"

"हा...हा...हा, होइन होइन, जान्न चाहेको मात्र ।"

"नसोध्नुस्, यहाँ बजारमा पाइन्न । मैले विदेशबाट मगाएको, आँट्नै पनि सक्नुहुन्न तपाईं ।"

"अनि निन्द्रा नि ?" किरण प्रश्न गर्छ ।

उताबाट आवाज बन्द हुन्छ, "हेलो...हेलो...हेलो..."

सुँक्कसुँक्क मात्र सुन्छ किरण, "हेलो...हेलो..." दोहोऱ्याउँछ ।

उताबाट मधुर रुन्चे स्वरमा जवाफ आउँछ– "हेर यो समाजलाई... आखिर हो त एउटै जिन्दगी– कर्कलोको पानी । भोकभोकै सिद्धान्त बोकेर मर्नुभन्दा आडम्बर नै सही ।

म अवस्थासित सम्झौता गर्दागर्दै, आफैलाई बेच्दाबेच्दै यहाँ आइपुगेँ । आफू हारेर अरूलाई जिताएँ, त्यसकै परिणाम हो यो किरणजी ।

हो मसित सब थोक छ तर निन्द्रा छैन । म सबैको हुनुपर्छ, मेरो कोही छैन ।

धेरै वर्षपछि म फेरि हारें तपाईंसित । बधाई छ किरणजी तपाईंलाई, बधाई !"

•

निचोरिएको फूल

"कस्ती हो यो आइमाई ?"

"ठूली पल्टिएकी नि !"

"किन नपल्टियोस् त ? के नपुग्दो छ र उसलाई ?"

"ठूली भई भन्दैमा साथीहरूसित हाँस्न, बोल्न पनि बिर्सने त ?"

"हो त नि, उसको सम्पत्ति मागेका छैनौं क्यारे ! भेट्दा यसो हाँसेर बोलिदिए त भैहाल्यो नि, कि कसो ?"

किरणको नयाँ उद्योग उद्घाटनको पार्टी थियो । रिमाले पनि आफ्ना साथीहरूलाई निम्तो दिएकी थिइन् ।

साथीहरू रिमाको उदासीलाई घमन्ड वा ठूलो पल्टिएको आरोप लगाइरहेका थिए । रिमाको उदासी देखेर सबै छक्क पर्छन्– आखिर के नपुग्दो छ यो आइमाईलाई ? धनसम्पत्ति, ऐस-आराम, इज्जत के छैन ? यसको जस्तो भाग्य त कमैको हुन्छ । लोग्ने त्यत्तिकै स्मार्ट छ । रिमा पनि कम छैन । नाम चलेका निर्देशकले चलचित्रका लागि अनुरोध नगरेका होइनन् । उनलाई के नपुग्दो छ– नाम पनि छ, दाम पनि छ ।

त्यो वैभवको रमझमभित्र कैयौं पटक छचल्किएका आँसु रिमाले कालो चस्मा भित्रभित्रै सुकाएकी छिन्– वेदना र पीडालाई आँसुसित मिलाएर घुटुक्क पारेकी छिन् । रिमाको कृत्रिम हाँसो पलभरमै कताकता लुकिहाल्छ ।

आधुनिक समाजकी सम्भ्रान्त महिला रिमा !

बजारमा उनको सफलताको हाइहाइ छ । उदाहरण बनेकी छिन् तर पनि उनी खुलेर हाँस्न सक्दिनन् । भित्रभित्रै मन कुण्ठित छ विक्षिप्त भावमा । उनको मौनतालाई साथीहरू घमन्ड देख्छन् ।

प्रत्येक सफलताको सिँढीमा एक घुट्को विष पिउँदै अगाडि बढेकी छिन् उनी, त्यो विष जसले न माथ्यो न खुसीले बाँच्न दिन्थ्यो ।

रिमाको धैर्यताको बाँध सङ्कटपूर्ण अवस्थामा थियो ।

रिमा आफ्नो सुन्दरतामाथि èृङ्गार थपेर ऐनाअगाडि आफूलाई नियाल्दै छिन् । जीवनकै सबभन्दा ठूलो प्रोजेक्टको स्वीकृति लिन जानु छ आज उनलाई । यो योजना श्रीमान् किरणको सपना हो, जसरी पनि

उनको हातमा पर्नुपर्छ । यो फत्ते गर्ने काम हो रिमाको । त्यसैले आज उनी विशेष तयारीमा छिन् ।

"महारानी !" पल्लो कोठाबाट किरणले सम्बोधन गऱ्यो ।

"हजुर !"

"तिमी तयार भयौ ?"

"म त तयार भएँ, हजुर पनि गइबक्सिने होइन मसित ?"

"म जान पाउँदिन डार्लिङ ! अपर्झट मेरो अर्को बिजिनेसको मिटिङ आइपऱ्यो । मन्त्रीज्यूसित मैले कुरा गरिसकेको छु । कागजपत्रको फाइल मैले ड्राइभरको हातमा दिएको छु । आफै ड्राइभिङ नगर्नू स्विटहार्ट । ड्राइभरलाई साथ लिएर जानू । यो काम जसरी पनि फत्ते गर्नुपर्छ नि महारानी ! नत्र त करोडौँ चुना लाग्छ ।" किरणले आदेश दियो ।

"हस् हजुर, मिलाइहाल्छु नि ! कुन काम असफल भएको छ र ?"

"आई लभ यु डार्लिङ !" किरणले रिमालाई खुसी पार्ने कोसिस गऱ्यो ।

कुनै पनि महत्त्वपूर्ण काममा पठाउनुअगि किरण सधैँ यसै गरी रिमालाई फुरुङ्ग पार्छ तर रिमाका लागि मुटु घोच्ने शब्द हुन् यी । उनलाई थाहा छ किरण रिमालाई होइन, पैसालाई अधिक माया गर्छ ।

रिमा चुपचाप तल ओर्लिन् । ड्राइभर प्राडोको ढोका खोलेर स्वागतका लागि उभिरहेको थियो, नमस्कार फर्काउँदै रिमा गाडीमा बसिन् ।

मन्त्रालयको मूल ढोकामा मन्त्रीका निजी सचिव रिमाको स्वागतमा थिए ।

निजी सचिव झुकेर नमस्कार गरी रिमालाई मन्त्रीज्यूको कोठासम्म अगुवाइ गरेर फर्कंदै थिए– "सुन्नुस् त, मैले खबर नगरी कसैलाई पनि भित्र नपठाउनुस्, अनि फोन पनि ।" मन्त्रीज्यूले आदेश दिए ।

"हस हजुर !" सचिव बाहिरिए ।

रिमाले फाइल मन्त्रीज्यूलाई दिइन् । मन्त्रीज्यू कहिले फाइल हेर्थे त कहिले सोफामा बसेकी रिमालाई । रिमा मुस्कान पस्कन्थिन् । टिङ...टिङ... मन्त्रीज्यूले घण्टी बजाएलगत्तै निजी सचिव भित्र पसे ।

"ल यो फाइलमा नमिलेका कुरा मिलाएर भोलिसम्ममा मलाई फिर्ता गर्नुस् ।" मन्त्रीज्यूको आदेश भयो ।

"सचिवज्यूलाई सोध्नुपर्छ कि हजुर ?"

"उहाँलाई मैले भनिसकेँ । तपाईं मैले भनेबमोजिम गर्नुस् ।" मन्त्रीले रबाफ देखाउँदै भने ।

"हस् हजुर !"

"सुन्नुस त !"

"हजुर मन्त्रीज्यू !"

"त्यो अगि अर्डर गरेको खानेकुरा भित्र पठाइदिनुस् ।" मन्त्रीज्यू रिमा बसेको सोफामा आएर बसे ।

"तपाईंलाई निक्कै भोक लाग्यो होला हगि ?"

"त्यस्तो खास त छैन ।" रिमाले सहज जबाफ दिइन् ।

"रिमाजी ! तपाईंका श्रीमान् कति भाग्यमानी हगि ? तपाईंजस्ती रूपवती श्रीमती पाउनु भनेको पुरुषहरूको गर्व हो ! हेर्नुस् त, तपाईंले किरणजीको भाग्य चम्काइदिनुभएको !"

रिमाले मुस्कान छरिररहिन् ।

सँगै बसेर खाना खाँदै मन्त्रीज्यूले धेरै पटक रिमालाई अन्जानजस्तो बन्दै स्पर्श गरे । रिमाको नियति नै बनिसकेको यो कुरा नौलो थिएन । सहमति वा विमतिको सङ्केत गरिनन् रिमाले ।

बिदा हुँदाहुँदै मन्त्रीज्यूले रिमाको हात समाती अनुरोध गरे, "रिमाजी ! साँझको डिनरका लागि एभरेस्ट होटलको ४ नम्बर स्विटमा प्रतीक्षा गर्छु !"

"श्रीमान्लाई सोधौँ एक पटक ?"

मन्त्रीज्यूले उत्साहित हुँदै भने, "मैले उहाँसित प्रर्मिसन लिइसकेको छु । ठीक ८.०० बजे तपाईंको पर्खाइमा हुन्छु । बाँकी कामको कुरा त्यहीँ फत्ते गरौँला ।" मन्त्रीज्यूले रिमालाई आफ्नो कार्ड दिए ।

रिमाले यस्ता कैयौँ निमन्त्रणालाई श्रीमान्बाट अग्रिम स्वीकृति भएको थाहा पाइसकेकी छिन् । बरु उल्टो रिमाको इन्कारलाई

श्रीमान्को धम्कीले सच्याउनुपर्ने हुन्थ्यो । हुन पनि यो सम्भ्रान्तता, वैभव रिमाको सम्झौताले नै आर्जन गरेको थियो ।

रिमा साँझ-बिहान कुनै न कुनै नयाँ योजनाका फाइल स्वीकृत गराउन, वित्तीय संस्थाहरूबाट ऋणलगायत अन्य काम फत्ते गराउन सम्बन्धित कार्यालय, विभागका प्रमुखहरूकहाँ फाइल बोकेर हिँडिरहेकी हुन्थिन् । उनीहरूको मानवरूपी पिचासत्वलाई पनि सन्तोष पारेर फर्कन्थिन् ।

अर्कोतिर किरण भने बिजिनेस मिटिङको बहानामा कहिले आफ्नै महिला सहायक त कहिले अरू कोही नवसम्भ्रान्तकै सदस्य बोकेर ककनी, धुलिखेल, नगरकोटमा रमाइरहेका हुन्थे ।

यतिसम्म कि एक साँझ रिमा छिट्टै घर फर्कंदा घरमा काम गर्ने युवतीसँग राशलीला रचिरहेका थिए ।

"तिमीलाई अलिकति पनि सर्म छैन– घरमा स्वास्नी हुँदाहुँदै....." वाक्य पूरा नहुँदै किरणले भने– "तँलाई पनि त स्वतन्त्र छोडिदिएको छु नि ? कहाँबाट आइस् तेरो मुख कालो पारेर ?" रक्सीमा चूर किरण फतफताउँदै थिए । रिमा रुँदै कोठातिर लागिन् ।

वैभवभित्र लुकेको यो पीडा र लाचारीले रिमा भित्रभित्रै विक्षिप्त भइसकेकी थिइन् । रातबिरात फोन गरेर 'महारानी ! डिनर जाऊँ न', 'एकछिन दर्शन पाऊँ न' भन्नेहरूलाई मुखभरिको जबाफ दिन उनी असमर्थ छिन् किनकि भोलि श्रीमान्को यो वैभव नासिन सक्छ । ऊ आफैले अँध्यारो कोठामा गरेका कैयौं सम्झौताको गोपनीयता पनि बाहिरिने डर छ ।

उनले महँगो पलङ फेरिन्, निन्द्रा किन्न सकिनन् । दैनिक फिटनेस क्लब, साँझ पार्टी, यता निम्तो उता निम्तो तर रिमा रमाउन सकेकी छैनन् । उनीभित्रको आत्मबल खस्किसकेको छ । किरणको नाम र दामको रोगले रिमालाई जिउँदै मारिरहेको छ क्रमशः । रिमा आफैलाई घृणा गर्न थालेकी छिन् ।

यही वैभवले उनलाई उकुसमुकुस बनाइरहेको छ । उनी संसारबाट उम्कन चाहन्छिन् । रिमाको धैर्य बिस्तारै टुट्दै छ । यो

आडम्बरी झूटो जीवनभन्दा स्वाभिमानी साधारण जीवनमै सुखशान्तिको सपना देख्न थालिन् रिमा ।

एक दिनको कुरो हो, मध्याह्न घरमा एकाएक रिमा बिरक्तिन थालिन्– रुँदै टाउको टेबलमा ठोक्दै 'किन दियौ यो रूप मलाई भगवान् ! जोकसैको खेलौना हुनु थियो भने ? कति दिन बेचिनु मैले ? के गर्नु यो सम्पत्ति ?'

अचानक रिमाको कार्यालय सहायक दीपकले 'मालिक्नी हजुर !' भनी बोलाएको के थियो, रिमा पहिले त झस्किन् तर उनको मन पर्ने र विश्वासिलो कर्मचारी देखेर सन्तोषको सास फेरिन् ।

"मालिक्नी हजुर ! के भो हजुरलाई ?"

दीपकले के सोधेको मात्र थियो, रिमा उसलाई अँगालो हालेर भाविह्वल हुँदै रुन थालिन् क्वाँक्वाँ !

दीपकले दोहोऱ्याएर 'के भो' भन्न नपाउँदै रिमाले आफ्नो विगतदेखिको पीडा छताछुल्ल पारिन् । शानशौकत, सम्पत्ति, सुन्दरताभित्रको पीडामय रहस्य सबै खुलस्त पारेर रिमा भन्न थलिन्– "मलाई पुग्यो यो जिन्दगी, म मर्न चाहन्छु ।" वर्षौंदेखि मनमा गुम्स्याएर राखेको वेदना, व्यथा अनि निरीहताको साङ्गोपाङ्गो दीपकलाई बताइन् रिमाले– सुँक्कसुँक्क रुँदै ।

दीपकका आँखा पनि रसाए ।

रिमाले रुँदै भनिन्– "दीपक ! किरणले मलाई नबेची केही काम गर्न सक्दैन । म ऊसित बसुन्जेल बेचिनुपर्छ, म बेचिन चाहन्नँ, मेरा हुर्किँदै गएका दुई छोरीले के भन्लान् ? म के गरौँ दीपक, म के गरौँ ?"

रिमामा त्यसपछि अजिबको परिवर्तन आयो । उनी कारोबारको ठूलठूलो जिम्मा दीपकलाई दिन थालिन् । किरणको आदेश र हप्काइलाई उनी वास्ता गर्न पनि छाडिन् बरु 'तिम्रा लागि अब म बिक्न सक्दिनँ' भनी जबाफ दिइन् । रिमाको असहयोगमा किरणका धेरै योजना असफल हुँदै जान थाले । घरमा झगडाले उग्र रूप लियो । अन्तमा रिमाले पनि आफ्नो बाटो तय गरिन् ।

वर्षौं भयो रिमाले किरणको झूटो वैभव लत्त्याउँदै दीपकलाई जीवनसाथी बनाएर दुई सन्तानसहित प्रवासमा रमाएको । एक्लो किरण आज पछुताइरहेछ । उसले रिमासित पश्चात्ताप गर्दै फर्केर आउन

अनुरोध नगरेको पनि होइन तर रिमाले 'धेरै ढिला भइसकेको' जबाफ पठाइन् ।

•

क्रिस्टिना

क्रिस्टिना बारबरा आज निक्कै खुसी छिन् । उनका आँखामा खुसीका आँसु छल्किरहेछन् । एकातिर ओठको हाँसो पस्केर स्वागत, फूलमाला, सम्मान, प्रशंसापत्र लिइरहिछन् अर्कातिर छल्किएका आँसु पनि पुछ्दै छिन् । जीवनमा यस्तो दिन पनि आउँछ र ! यस्तो प्रेम, सद्भाव र अपनत्व देखाउने समाज र मानिस छन् यो संसारमा ! क्रिस्टिनाले सोचेकी पनि थिइनन् ।

निर्जीव मेसिनसरहको दैनिकीलाई चार दशकसम्म नियालिरहेकी क्रिस्टिनालाई कताकता स्वर्गमै अवतरण गरेजस्तो अनुभूति भइरहेछ– यो अनुपम प्राकृतिक सौन्दर्य, निश्चल पवित्र हावा, निस्कपट मुस्कानका धनी वरिपरिका मायालु अनुहारहरू !

क्रिस्टिना मनमनै गद्गद छिन्, यी सुन्दर डाँडापाखाहरूमा उड्दूँउड्दूँ भएको छ उनलाई । नाचौंनाचौं लाग्छ उनलाई ती गाउँले कर्मठ, इमानदार हातहरू समातेर ।

उनले पढेको, बुझेको यो संसारमा दुई जात छन्– स्त्री र पुरुष । भेदभाव र छलकपटको भाषाबाट अनभिज्ञ क्रिस्टिना बृद्ध, बालक, पुरुष, महिला, मैलो, सुकिलो ! सबैलाई अङ्कमाल गर्छिन् । श्रद्धापूर्ण माया प्रकट गर्दै कुम सुमसुम्याउँछिन् । गाउँलेहरू आफ्नै चेलीको यो देवीजस्तो रूप र व्यवहार देखेर हर्षित छन्, गर्वित छन् ।

टुटेफुटेको नेपालीमा धन्यवाद आमा, धन्यवाद दाइ, धन्यवाद बा, धन्यवाद बहिनी, सबैलाई धन्यवाद ! भनिरहेकी छिन् क्रिस्टिना । सबै उनलाई भेट्न, छुन लालायित भएर तँछाडमछाड गरिरहेछन् ।

भर्खरै जिल्लाका प्रमुख नेता, प्रशासक, प्रहरीहरू पनि क्रिस्टिनासित बिदा भएर गए ।

क्रिस्टिना गाउँमा आएको केही महिना मात्र भएको छ । उनको सहृदयताले त्यो गाउँ मात्र होइन, जिल्लाकै मुहार फेरिँदै छ ।

सोलार बत्ती, स्वास्थ्यचौकी, विद्यालय भवन, घरघरमा शौचालय, गरिब असहायका लागि सहयोग गरेर क्रिस्टिना त्यो गाउँका लागि देवदूतको अवतार नै भएर आएकी हो कि जस्तो लाग्थ्यो ।

क्रिस्टिना स्वयम् एक वरिष्ठ नर्स थिइन् । गाउँलेहरूका घरघरमा पुगेर स्वास्थ्य परीक्षण गर्नु, औषधि दिनु त उनको दैनिक कार्य नै थियो । गाउँ आएको छोटो समयमै क्रिस्टिना सबैको आँखाकी नानी भएकी छिन् ।

"खुई !" क्रिस्टिना गुन्द्रीमा बसिन् ।

"आमा, ए आमा ! एक करुवा पानी दिन्छ्यौ ?"

"तिम्री आमा ढिँडो ओडाल्दै छिन् । म लिएर आउँछु छोरी !" सत्तरी नाघेका बलबहादुर पानी लिएर आए ।

क्रिस्टिनाले बलबहादुरको हात समातेर आफूसँगै राखिन् । उनको कुममा टाउको राखेर भनिन्, "बा ! एउटा कुरो सोध्छु, नरिसाउनू है !"

क्रिस्टिनाको कपाल खेलाउँदै बलबहादुरले भने, "यो डाँडापारिको जून भइसकेको बूढासित रिस नै कहाँ बाँकी छ र उठोस् छोरी ? रिसजति त तिम्रो सम्झनामा बगेर उहिल्यै सकियो । माथि जाने प्रतीक्षामा थियौं । तिमीले झन् ढिला गरिदिने भयौ ।"

"त्यसो नभन्नुस् न बा ! म तपाईंहरू भनेर त आएकी । तपाईंहरू नै नभए कहाँ जाऊँ फेरि ?"

"जिस्केको पो त छोरी ! ल भन, के भन्न खोजेको तिमीले ?"

"नरिसाउनुस् है त ?"

"रिसाउँदिनँ बाबा रिसाउँदिनँ, तिमीसित रिसाएर नर्क जानु छ र मलाई ? ल भन के भन्न खोजेकी ?"

त्यतिकैमा ढिडो मस्काएको हात पुछ्दै आएर आमा पनि छेउमा बसिन्, "केको गलफती हो बाबुछोरीको ?"

क्रिस्टिनाले आमाको हात समातेर बसाउँदै सोधिन्, "बा ! आमा !! तपाईंहरूलाई यो रगतको टुक्रा विदेशीको हातमा सुम्पिँदा कति पनि माया लागेन ?"

"मेरी बाबा ! मेरी छोरी ! यो मुटु घोच्ने प्रश्न नसोध !" बूढाबूढी क्रिस्टिनालाई अँगालो हालेर रुन थाले । उनीहरूको अरू वाक्यै फुटेन ।

क्रिस्टिनाले आफैलाई समाल्दै बाबुआमालाई सम्झाउन खोजिन् 'नरुनुस्' भन्दै तर क्रिस्टिनाकै पनि आँसु झरिहेका थिए ?

"रुन देऊ छोरी रुन देऊ, हामीलाई बाँकी रहेको पश्चात्तापको आँसु बग्न देऊ । हाम्रो अपराधको बोझ केही हलुको गर्न देऊ ।"

क्रिस्टिनाका पनि आँसु रोकिएका थिएनन् बरु उल्टै बाआमाको आँसु पुछ्दै सम्झाउन खोजिन्, "मैले तपाईंहरूलाई दुःखी बनाउन,

रुवाउन खोजेको होइन ! तपाईंहरूलाई मेरो कति याद आउँथ्यो भनेर सोधेको पो त !"

बलबहादुर समालिँदै क्रिस्टिना अर्थात् उनकी कान्छी छोरी कल्याणीलाई च्यापेर विगतका कथा सुनाउन थाले, "के बताऊँ, कसरी बताऊँ छोरी ! हाम्रा ती विवशताका दिन ?"

उनी अगाडि भन्दै गए–

"तिम्रा दुई दाजु थिए भनौं कि छन् भनौं– हर्क र वीरबहादुर, दुवै कम्मरभन्दा मुनि नचल्ने रोगबाट पीडित थिए । दुई दिदीहरू थिए– चमेली र फूलमाया, तिनीहरूलाई पनि हैजाको महामारीले एकैचोटि लिएर गयो । त्यसपछि तिमी जन्मियौ । तिम्रो नाम कल्याणी थियो । अहिले क्रिस्टिना भएकी छ्यौ ।

दुई अपाङ्ग छोराको हेरविचार गर्दैमा न त ज्यालामजदुरी गर्न जान सक्यौं न त अधियाँमा पाखाबारी कमाएर खान सक्यौं । तिमीलाई पनि सुकेनासले ग्रस्त पारेको थियो । औषधिमूलो गर्न नसकेर गाउँका झारपातको उपचारको भरमा बस्नुपरेको थियो । यो पाखाबारीको उब्जनीले वर्षको तीन महिना पनि खान पुग्दैनथ्यो ।

एक दिन तिम्रो मामाले सहरबाट खबर लिएर आए– 'पिसकोरमा काम गर्ने अमेरिकी गोरा दम्पत्ति छन् । उनीहरूले धर्मपुत्री बनाएर लैजान खोजेका छन् । कान्छी भान्जीलाई पठाइदिने हो ?'

न मैले मानेको थिएँ न त तिम्री आमाले नै मानेकी थिई । 'हाम्रो रगत, हाम्रो मुटुको टुक्रा कसरी टाढा राख्न सक्छौं ? दिँदैनौ' भनेर हप्काएर पठाएको केही दिनपछि फेरि तिम्रो मामाले ती गोरासमेत लिएर आए–

तिमीले त यो गरिबी, यो नर्कजस्तो जीवन बेहोरिरहेछौ । दुई अपाङ्ग छोराको उपचार गर्न नसकेर जिउँदै मारेका छौ । दुइटी छोरीको पनि हैजाको उपचार गर्न नसकेर माऱ्यौ । अब यसलाई पनि खानेकुरा र शिक्षादीक्षा दिन सक्दैनौ, उसको जीवन सुखी हुन्छ भने किन दिँदैनौ ?'

कान्छी उनीहरूलाई दियौ भने दुवै भान्जालाई सहर लगेर उपचार गरिदिन्छु भनेका छन् गोराले । घरका लागि पनि महिनैपिच्छे खर्च पठाइदिन्छन् । कान्छीको भविष्य बन्छ । उसको भाग्यमाथि किन खेलबाड गर्छौ ?'

हामीलाई तिम्रो मामाको कुरो ठीकजस्तो लाग्यो ।

तिमीलाई सँगै राखेर खान-लाउन दिन नसकेर, उपचार गर्न नसकेर, पढाउन नसकेर नर्कजस्तो जीवन दिनुभन्दा गोराको ठूलो देशमा गएर ठूली मान्छे बनौली, हामीले दुःख पाए पनि तिमीले सुख पाउली । हामीले तिमीलाई माया नगरेर होइन धेरै माया गरेर, तिम्रो सुखी भविष्यका लागि आफैलाई अपराधी बनाएका थियौं र परदेशी गोरालाई सुम्पेका थियौं । हामीलाई माफ गर छोरी, माफ गरिदेऊ हाम्रो भुललाई !"

बाबुआमाका बिलौना सुनेर सुँक्कसुँक्क गर्दै क्रिस्टिनाले सोधिन्, "अनि दाइहरू नि बा ?"

"उनीहरूको पनि लामो कहानी छ छोरी ! तिमीलाई लगेको केही महिनापछि दुवै दाइलाई उपचार गरिदिने भनी कताको मिसन अस्पताल लगेका थिए तिम्रो मामाले । उपचारपछि ठीक पनि भएछन् ।

खोइ कताको ईसुको कृपाले ठीक भएको रे ! 'ईसुमाथि विश्वास गर, तिम्रा बाबुआमाको धर्मले त गरिबी र बिमारी मात्र दिन्छ' भने रे । दुवैले 'हाम्रो धर्म, संस्कृति त्यागिदियौं' भन्थे । चाडपर्वमा कहिले पनि आउँदैनन् । हामी मर्दा पनि क्रिया बस्न उनीहरूको धर्मले दिँदैन रे । खोइ, मर्दा पनि मुखमा पानी हाल्न आउँछन् कि आउँदैनन् ?

हर्के त खोइ कुन देशमा पो छ अरे ? वीरचाहिँ वर्षमा एकाध चोटि आउँछ, दुई-चार हजार खर्च दिन्छ र जान्छ । सहरमै घरबार जोडेको छ रे । 'नातिनातिनाको मुख हेर्ने रहर थियो, लिएर आइज न छोरा' भन्छु, 'गाउँमा ल्याएर के गर्नु, बिमारी पर्छन्' भन्छ, अहिलेसम्म ल्याएको छैन ।" बलबहादुरका आँखा अझै टिलपिल गरिरहे ।

बूढी आमाले एउटा हात छोरीको टाउकोमा र अर्को हात आफ्नै गालामा राखी टोलाएर बाबुछोरीको दुखेसो सुनिरहिन् ।

"दाइहरूको ठेगाना, फोन केही छ बा ?"

"छैन छोरी छैन, केही छोडेका छैनन् ।" सुस्केरा हाल्दै बलबहादुरले जबाफ दिए ।

क्रिस्टिना बारबरा अर्थात् कल्याणी (कान्छी) तीन वर्षको कलिलो उमेरमा धर्मपुत्री बनी अमेरिका आएकी थिइन् । कान्छी ! बाबुआमाले मायाले बोलाउने नाम उनको मानसपटलबाट उडिसकेको थियो भने गाउँ र देशको नाम त टाढा हुने नै भयो ।

अमेरिकाको एक धनाढ्य क्रिस्चियन परिवारमा क्रिस्टिना नामले परिचित भइन् उनी । उनको संसार, बाबुआमा, कर्मथलो अमेरिका नै

भयो । उनको वर्ण अनि कपालको रङले गर्दा क्रिस्टिनाका बाबुआमालाई कहिलेकाहीँ कोहीकोही 'कति सुन्दर छोरी, कुन् देशकी हुन् ?' भनी सोध्थे ।

क्रिस्टिना सोच्थिन्– कहाँ होला 'नेपाल' ? कस्ता होलान् मलाई जन्माएर अर्काको जिम्मा पठाउने निर्दयी बाबुआमा ? जिउँदै छन् कि मरिसके होलान् ?

क्रिस्टिनाले आफ्ना धर्मबाबुआमालाई सोधीखोजी गरेर दुःखी बनाउन चाहिनन् बरु अन्जान बनेर बस्नु नै उचित ठानिन् ।

आखिर उनको संसार त अब यही थियो ।

क्रिस्टिनाको शीलस्वभाव अनि आमाबाबुप्रतिको लगाबले उनीहरू हर्षित थिए । साथी, इष्टमित्रहरू जमघट हुँदा क्रिस्टिनाको खुबै प्रशंसा हुन्थ्यो । क्रिस्टिनाको जीवन सुखमय थियो ।

एक दिन अचानक क्रिस्टिनाको जिन्दगीमा भूकम्प आयो । उनी साँझको खाना तयार गर्दै थिइन् । स्थानीय अस्पतालबाट फोन आयो– एउटा बीभत्स दुर्घटनामा उनका धर्मबाबुआमाको घटनास्थलमै मृत्यु भयो । ट्राफिक प्रहरीले बोलाएकाले अन्तिम सनाखतका लागि उनी अस्पताल पुगिन् ।

क्रिस्टिना अब एक्ली भइन् । धर्मबाबुआमाले मृत्युपश्चात् आफ्नो सम्पत्तिको हकदार क्रिस्टिनालाई नै तोकेका थिए ।

क्रिस्टिनाले ती सबै प्रक्रिया पनि पूरा गराइन् । अविवाहित क्रिस्टिनालाई एक्लोपन महसुस हुन थाल्यो । बाबुआमालाई छाड्नु नपरोस् भनेर नै उनी विवाह नगरी बसेकी थिइन् ।

घर सफा गर्दै थिइन् क्रिस्टिना । बूढाबूढीको पुरानो आलमारीमा एउटा श्यामस्वेत तस्बिर देखिन् । तस्बिरमा भएकी एउटी सानी मान्छे उनी नै हुनुपर्छ भनी अनुमान लगाउन उनलाई गाह्रो परेन । उनलाई काखमा राख्ने उनकी जन्म दिने आमाभन्दा अरूको हुन सक्ला ? उनले आफ्ना धर्मबाबुआमाको विवरण दिएर नेपालको एम्बेसीमा बुझिन्, त्यहींबाट पत्ता लगाएकी थिइन्– क्रिस्टिनाले आफूलाई जन्म दिने बाबुआमा र जन्मेको घरठेगाना ।

अब यो परदेशमा क्रिस्टिनाको आफ्नो भन्ने कोही छैन ।

धर्मबाबुआमा मरेपछि एक्ली बनेकी क्रिस्टिनाका मनमा कुरा खेल्न थाले– कस्तो होला मेरो जन्मथलो ? कस्ता होलान् मलाई जन्म दिने आमाबाबु ? किन सुम्पिए मलाई परदेशीको हातमा ? के उनीहरूलाई मेरो याद आउँदैन होला ? उनीहरू मलाई माया होइन

घृणा गर्छन् ? म छोरी भएकै कारणले बेचेका हुन् ? किन आफ्नै सन्तान बेच्छन् आमाबाबु ? के यो अपराध हो भन्ने उनीहरूलाई थाहा छैन ? यो मानवअधिकारविरुद्ध होइन ? बाध्यताको बहानामा सन्तान बेच्ने ? यति सस्तो भयो आज संसारमा मानिसको मूल्य ? –अनेक कुरा उब्जिए क्रिस्टिनाको मनमा । यथार्थ बुझ्न उनले नेपाल जाने निधो गरिन् ।

गाउँघर पुगेपछि क्रिस्टिनालाई अनुभव भयो– उनलाई जन्म दिने आमाको ममता, जन्मभूमिको पवित्रता, सुन्दरता ।

क्रिस्टिना गाउँमा ओल्ला घर, पल्ला घर, ढिकीजाँतो, पाखाबारीमा रमाउन थालिन् । उनीहरूको मायाममताले मुग्ध बनायो क्रिस्टिनालाई ।

यो पो हो संसार । यहाँ पो छ मानवबस्ती !

अमेरिकाको सम्पूर्ण सम्पत्ति बेचेर सधैँका लागि जन्मभूमि र मातापिताको सेवा गर्छु भनी क्रिस्टिना कान्छी बनेर फर्केकी छिन् ।

'अब अर्को कसैले आफ्नो मुटुको टुक्रालाई परदेशीको हातमा सुम्पनु नपरोस् ! अब अर्की कान्छीले धर्मपुत्री बनेर विदेशमा बेचिनु नपरोस् !' उनले आफ्नो सम्पूर्ण सम्पत्ति गाउँका निमुखा जनताको शिक्षा, स्वास्थ्य, रोजगारमूलक कार्यमा लगानी गरेकी थिइन् ।

क्रिस्टिना जिल्लाकै दिदी, आमा, शिक्षिका, स्वास्थ्यकर्मी, समाजसेवी भएकी छिन् । आज त्यसैको प्रतिफल थियो जिल्लाभरिका जनता, सरकारी कार्यालयका तर्फबाट अभिनन्दन गर्न देशका कार्यकारी प्रमुख स्वयम् उपस्थित थिए ।

क्रिस्टिना (गाउँकी कान्छी) आज खुसी छिन्– आफ्नो गाउँ, आफ्ना जन्म दिने आमाबाबु पाएर ।

आमाले बिन्ती गर्दै भनिन्, "कान्छी ! अब तिमी नफर्के हुन्न ? यही गाउँमा बस न बा !"

"म जान्नँ आमा, अब म यहीँ बस्छु । अब जन्म दिने आमाबाबुको काखबाट अर्की कान्छी छुटाउन दिन्नँ । अर्की कान्छीलाई नक्कली बाबुआमाको पर्दामा सक्कली आमाबाबुको मायाबाट वञ्चित हुन दिन्नँ । म कान्छीलाई कान्छी नै बनेर मादलको तालमा नचाउन चाहन्छु– डिस्को, बारको नग्नतामा होइन ।

धन्य आमाबाबा ! मलाई यस्तो भाग्य दिएर जन्म दियौ । म आभारी छु तपाईंहरूप्रति !" क्रिस्टिना बाबुआमालाई सम्झाउन थालिन् ।

•

प्रमुख अतिथि

कहिल्यै विदेश नदेखेका नयाँ दलका नयाँ नेता वर्षौंदेखिको आफ्नो विदेश भ्रमण गर्ने धोको पूरा हुन लागेकोमा मक्ख पर्दै श्रीमतीदेखि आफन्तसम्मलाई सुनाउँदै थिए । विदेशमा एउटा भव्य सम्मेलनको प्रमुख अतिथि बन्न बोलाउने वचन पाएका थिए– एक जना उतै पलायन भएको कार्यकर्ताबाट । नेताकी श्रीमती विदेश भ्रमण गर्ने तयारीमा व्यस्त छिन्– कसलाई सचिव बनाएर लैजाने र कसलाई कार्यालय सहायक, निर्णय गर्न सकेकी छैनन् ।

भ्रमण टोलीमा सम्मिलित भएर जान नेताका चेलाचपेटाहरू गच्छेअनुसारको मूल्य तोकेर टेन्डर पार्न नेता र नेतापत्नीका कानमा झोस्दै थिए ।

केही दिनअगाडिसम्म अलि होलो हुने गरेको नेताको भान्छाकोठाको चहलपहल बढेको थियो ।

भान्छामा कोसेली आएका सामानहरू छताछुल्ल छन् । नेतापत्नीलाई समाल्ने फुर्सदै छैन । उनी कहिले इष्टमित्र त कहिले कार्यकर्तासित विदेश भ्रमणबारे कुरो गर्दैमा व्यस्त छिन् ।

उता पुरानो नेताको पनि त्यही हाल छ ।

केही वर्षपहिले आफूले विदेश लगेर छोडिदिएको आफ्नो कार्यकर्ता नै कार्यक्रमको प्रमुख आयोजक बनेको छ । उसले वचन दिइसकेको थियो– तपाईंलाई नबोलाए त यो प्रमुख आयोजक बनेको के अर्थ भयो ? तपाईं प्रमुख अतिथि बन्ने पक्का भयो, तयारीमा बस्नोस् ।

उनकी श्रीमती पनि आफन्तलाई सुनाउँदै थिइन्– "हेर ! डाँडाघरे काइँला दाइको छोराको भाग्य ! त्यत्रो ठूलो कार्यक्रमको प्रमुख आयोजक भएछ ! सुनिस्, इइलिस पनि फरर बोल्ने भा छ रे ! हामीले लगाएको गुण बिर्सेनछ बाइ त्यसले !

सत्ताबाट खुस्किएपछि कसैले वास्ता गरेको होइन । कति भएको थियो विदेश घुम्ने तलतल लागेको, बल्ल पूरा हुने भयो ।

त्यस्तै दुई-चार जना राम्रा मान्छे यस पटक पनि लैजानुपर्छ, जसले पैसा पनि देओस्, गुण पनि नबिर्सोस्, कि कसो माइली ?" आफ्नी भान्छेसित नेतापत्नी कुरा गर्दै छिन् ।

उता सत्तामा भएको अर्को दलका नेताको चुरीफुरी कसले हेरोस् ? यो कार्यक्रमको प्रमुख अतिथि बनाएर बोलाउन आफ्नो सिफारिसमा नियुक्त भएर गएका गणदूतलाई आदेश गरिसकेका छन्– म आउनुपर्छ त्यहाँ, अरू कोही आउलान्, रोक्नोस् ! यसै विषयमा दूत र आयोजकहरूबीच पानी बाराबारको अवस्था सिर्जना भइसकेको छ– त्यो कुरो न दूतले भने न उनले थाहा पाए ।

उनको ठूलो दाउ छ– यही बेला सुक्खा टचाङ्कीमा लुकाएर राखेको अवैध सम्पत्ति विदेशमा पुऱ्याउने र त्यहीँ रहेको आफन्तको नाममा व्यवसाय सञ्चालन गर्ने ।

'भोलि के हो के हो ? कमाएको पैसा जफत भयो भने ? भ्रष्टाचारमा जेल परियो भने ?' उनमा ठूलो चिन्ता छ । आफ्नो भाइ र फुपूको छोरालाई कुनै पनि हालतमा लैजानुपर्ने नेतापत्नीको जिद्दी सुरु भइसकेको छ । चुनावी क्षेत्रका कार्यकर्ताको भीड त्यहाँ पनि लागिसकेको छ, नेतापत्नीबाट किन्नुपर्ने सामानको लिस्ट पनि तयार भइसकेको छ ।

सम्मेलनको मिति नजिकिँदै जाँदा आयोजक समितिका सदस्यहरू विभिन्न कार्यक्रमको विवरण तयार गर्दै छन् । आफ्नो खुबी र क्षमता अनि मलाई यो र तँलाई त्यो जिम्मेवारी भन्दै घम्साघम्सी चलिरहेको छ ।

मलाई यो काम नदिए, तैँले यो काम लिए कार्यक्रम असफल हुने वा हुनै नसक्ने आरोप-प्रत्यारोपले शिखर चुम्ने तरखरमा छ । धेरै पटक बैठक बसिसक्यो– प्रमुख अतिथि कसलाई बनाउने भन्नेबारेमा आयोजक प्रमुख एउटा प्रस्ताव लान्थे, बाँकी सदस्यहरूको घोर आपित्त हुन्थ्यो ।

अर्को सदस्यले एउटा, अर्कोले एउटा गर्दै सबै आआफ्नै नेताहरूको नाम प्रस्ताव गर्थे, कसैले कसैको प्रस्ताव सुन्ने अवस्था थिएन ।

प्रत्येकले आआफ्ना नेतालाई पक्कापक्की निम्तो पठाउने कुरो घमन्डसाथ विश्वास दिलाइसकेका थिए । नेताहरू आफ्नै धुनमा तयारी गरिरहेथे ।

यता भने वादविवाद मात्र होइन, रामधुलाइको अवस्था सिर्जना भइरहेछ । आयोजक समितिका सदस्य आआफ्ना पक्षमा हूलका हूल बाँधेर मिटिङमा आउन थालेका थिए ।

नेता मात्रको चासो कहाँ हो र ! उता नबिकेका आफन्तलाई साथ लगाएर लिइआउने ठूलो सपना पनि छ । यस्तो मौका फेरिफेरि

नमिल्नेमा कसैलाई शङ्का छैन । त्यसैले दैनिक फोन गरेर आश्वस्त हुन भनिरहेका छन् ।

एकाबिहानै आफ्नो नाम भ्रमणटोलीमा पऱ्यो/परेन ? कहिले आइपुग्छ कागजात ? कहिले उड्ने ? जस्ता फोन गर्ने र ढोकाको घण्टी बजाउन आउनेहरूको गति उत्ताउलो बन्दै छ– 'म छुटैं भने...', 'मेरो नाम आएन भने...', 'राम्रो हुन्न है नेताज्यू !' धम्क्याउने प्रक्रिया पनि जारी छ ।

विदेश जाने र लैजाने निहुँमा नेताहरूको फरकफरक महँगो रेस्टुरेन्टमा फरकफरक मान्छेसित सितन र ह्विस्की पनि जमिसकेको छ ।

कोही नेताको घरमा त उनको निर्वाचन क्षेत्रका कार्यकर्ता झोला बोकेर आई डेरा जमाइसके ।

फेरि मिटिङ बस्यो सम्मेलन आयोजक समितिको । सबै सदस्यका हातमा आआफ्ना नेताको नाम र कला-साहित्यको मान-पगरी भिराएर ल्याउनुपर्नेहरूको सूची छ, सबै आआफ्नो सूचीको समर्थन जुटाउन लागिपरेका छन् ।

एक सदस्यले जिकिर गरे– आफ्नो नेताको गुणगान गाएर । अर्काले प्रतिवाद गरे अनेक भ्रष्टाचारको विवरण हालेर– 'त्यस्ता दुराचारीलाई त कुनै हालतमा बोलाउन हुन्न हुन्न हुन्न !'

अर्का सदस्य कमिजको बाउला माथि सारेर टाईको सुर्कनो फुकाउँदै र चोरी औंलो ठडचाउँदै अरूका प्रस्तावको विरोध गर्छन् र आफ्नो नेताको बखान गर्न थाल्छन् । अर्काले फेरि सम्झाए– 'छिःछिः कस्तो बुद्धि ? त्यस्ता चरित्रहीनको कुरो गर्ने ? सम्मेलनकै बेइज्जत यार !' उनले आफ्नो नेता इमानदार, भ्रष्टाचारविरोधी भएको बयान के गरेका थिए, अर्को सदस्यले प्रतिवाद गरे– 'ए उनी ? ती साम्प्रदायिक नेता ? जातीय दङ्गा गराउने नेता ? तिनलाई त भिसा नै दिँदैन क्या, भो तपाईं धेरै टाउको नदुखाउनुस् !'

चौथोले बडो नम्रतापूर्वक भन्यो– 'मित्रहरू, हेर्नुस् ! मेरा नेताजीले कहिल्यै भ्रष्टाचार गरेका छैनन् । देशका लागि ठूलो त्याग गर्ने उहाँका लागि विवाद नगरौं । बरु म मेरै पैसाले बोलाउँछु !'

उनको कुरा सुनेर बाँकी गलल हाँसे ।

सबैले अरूको नेतालाई नराम्रो भन्न सकेसम्मको ऊर्जा खर्च गरे । सहमति हुने कुनै आशा देखिएन ।

एक दिन, दुई दिन गर्दै सम्मेलन अगाडि आइसक्यो । प्रमुख अतिथिको टुङ्गो लाग्न सकेको छैन । आजआज, भोलिभोलि भन्दै महिनौं बितिसक्यो ।

आज त जसरी पनि टुङ्गो लगाउनेमा सबैको सहमति भयो तर वादविवाद र भनाभनका बीच निर्णय हुन सकेन । अन्तमा एक सदस्यले प्रस्ताव राखे– 'कसलाई बोलाउने भनेर भोटिङ गरौं, जसको नामले बहुमत ल्याउँछ उसैलाई बोलाउने ।'

'हुन्छ हुन्छ, लौ त्यसै गरौं !'

कार्यसमितिका प्रत्येक सदस्यले आफ्ना एक नेताको नाम प्रस्ताव गरे । भोटिङ भयो । एक नेताबराबर एक भोट– सबको बराबर, कस्तो विचित्र ? अब के गर्ने ? सबै बिलखबन्दमा परे ! कस्तो समस्या, अब के गर्ने ? सबै एकअर्काको मुख हेर्न थाले ।

तमासा हेरेर बसेका एक जना भद्रले कुनाबाट उठेर भने– नेता बोलाउने काम बन्द गर्ने !

हो हो कसैलाई नबोलाउने ! ...हो हो, यसलाई पनि नबोलाउने, उसलाई पनि नबोलाउने.....

नेता नबोलाउने निर्णय भयो । सबैले अमिलो मन लिएर नबोलाउने भन्दै हात मिलाएर विशेष मिटिङ अन्त्य गरे ।

घर पुगेर सबैले आफ्ना नेतालाई फोन गरे– नेताज्यू ! तपाईंको कार्यक्रम रद्द भयो !

नेताहरू हिस्स परे !

•

आखिरी जुवा

सधैँझैँ कालीप्रसाद झोलामा केही कविता र कथाका किताब बोकेर बाहिर निस्किए । भान्साकोठाबाट अर्धाङ्गिनीको आवाज आयो– "सुन्नुभो, दसैँ आयो, बाबुनानीलाई लुगाफाटो किनिदिनु पर्दैन ? छिमेकीका छोराछोरीले नयाँ लुगा देखाएर 'खोइ तिमीहरूको नयाँ लुगा' भन्दै सोधिसके । 'हामीलाई बाबाले नयाँ लुगा कहिले ल्याइदिने ?' भनेर दिनभरि मलाई कराइरहन्छन् । दसैँ मुखैमा आइसक्यो, के गर्ने हो ?" एकैसासमा उनले प्रश्नमाथि प्रश्न गरिन् ।

"ए, ल ल, हुन्छ, म आज पनि केही वितरकलाई भेट्न जाँदै छु । किताब किनिदिने आश्वासन दिएका छन् । केही भयो भने भरे सल्लाह गरेर भोलि नै बजार जाउँला !" कालीप्रसाद आफ्नो बाह्र वर्षे पुरानो साइकल लिएर बजारतिर लागे ।

"नमस्कार साहुजी !"

"नमस्कार !" वितरकले अप्ठ्यारो मान्दै अभिवादन फर्काए ।

कालीप्रसादले आफ्ना कृतिहरू वितरकको टेबलमा राख्दै भने– "हेर्नुस् ! यी मेरा दुई नयाँ सिर्जना, वास्तविक जीवनमा आधारित छन्, मार्मिक र मन छुने छन् । विश्वास गर्नुस्, पाठकले निक्कै मन पराउनेछन् ।" कालीप्रसादका कुरा सुनेर वितरकले भने– "हो कालीप्रसादजी ! तपाईंका कुरा एकदम सही हुन् । तर हेर्नोस् न ! अब जमाना बदलिसक्यो । मानिसका इच्छा र चाहनामा पनि परिवर्तन आइसक्यो, आजभोलि कसले किन्ने र पढ्ने साहित्य ? कसलाई फुर्सद टेलिभिजन र कम्प्युटरबाट बाहिर निस्कने ? जो साहित्य क्षेत्रका व्यक्ति र संस्था छन्, तिनले निःशुल्क पाइहाल्छन् । अनि आमनागरिकलाई प्रशस्त विज्ञापन गरेर प्रोपोगन्डा मच्चाउन सक्यो भने 'ताइ न तुइ' को किताब पनि 'मैले पनि किनेँ है' भन्नका लागि पनि किन्छन् । नत्र तपाईंजस्ता नयाँ र कुनै प्रतिष्ठानका प्रमुख, संस्थाका हाकिम नभएका विशुद्ध साहित्यकारका कृति बिकाउन निक्कै गाह्रो हुन्छ । हेर्नोस्, म त्यसै पनि घाटा खाइरहेको छु । स्कुल-कलेजका पाठ्यपुस्तक बेचेर मात्र धानिएको छ, नत्र उहिले बन्द गरिसक्थेँ बुझ्नुभो ? देख्नुभएन यी चाङका चाङ किताब वर्षौंदेखि अड्किरहेका ? 'लौ जहिले बिक्छ, बेचेर

पैसा दे' भन्नुहुन्छ भने केही दर्जन किताब राखिदिनुस् । एड्भान्स पैसा त मसित छैन कालीप्रसादजी !"

"दसैँ मुखमा आइसक्यो । भएको पैसाजति किताब प्रकाशनमा खर्च गरियो । मलाई पैसाको निक्कै खाँचो छ । जोरीपारीका अगाडि लज्जित हुनुपर्ने भयो साहुजी !" कालीप्रसादको दुखेसोले वितरकको मन छुन सकेन । उनी "नमस्कार, बिदा पाऊँ" भन्दै बाहिरिए ।

"हीरालालजी नमस्कार !" कालीप्रसादले अर्का नाम चलेका प्रकाशक एवम् वितरकलाई नमस्कार गरे ।

"नमस्कार कालीप्रसादजी ! तपाईं समयमै आउनुभो । म तपाईंलाई बोलाउन खबर पठाउन सोच्दै थिएँ । हेर्नुस्, दसैँ आयो, पसल सफा गर्नुपऱ्यो भनेको नबिकेका किताबको खातका खात । कृपया कालीप्रसादजी ! गतसालको तपाईंको किताब फिर्ता लगिदिनुपऱ्यो । म त घाटामा परेँ नि ? एउटै किताब बिक्या होइन !"

कालीप्रसाद बिलखबन्दमा परे । कसरी भनून् अब अरू किताब किनिदिनुपऱ्यो भनेर ? "हुन्छ, हुन्छ, हीरालालजी ! म तुरुन्तै फिर्ता लैजान्छु ।" थप कुरा नगरी कालीप्रसाद हतारो देखाउँदै साइकल घिस्याउन थाले ।

कालीप्रसाद वितरक फेला पारौँला र मुखमा आएको दसैँको गर्जो टारौँला भन्ने मनोकामनाका बोकेर अर्का चिरपरिचित वितरक असर्फीमानकहाँ पुगे । पसलमा भीड थियो, कालीप्रसाद कुनामा बसेर असर्फीमानको फुर्सद कुर्न थाले । भीड कम नहुँदै पसल बन्द गर्ने तयारीमा लागेको असर्फीमानले कुनामा उभिएका कालीप्रसादलाई देखेर सोध्यो– "नमस्कार कविज्यू, के छ, के सेवा गरौँ ?" कालीप्रसादले उही अभाव र दुःख पोखी किताब देखाउँदै असर्फीमानसँग सहयोग गरिदिन हात जोडे । कालीप्रसादका कुरा सुनेर असर्फीमानले सम्झाउने प्रयासमा भने– "कविज्यू ! समय त्यस्तै छ, लौ हेर्नुस् कथा, कविता, गीत, साहित्यका किताबको डङ्गुर ? खोइ के गर्ने ? बिक्दै बिक्दैन । जो सम्पन्न छन्, वरिष्ठ कहलिएका छन् उनीहरू प्रायोजक खोज्छन्, प्रचारप्रसार गर्छन्, नाम चलाउँछन् । कृति बिकोस् वा नबिकोस्, चिन्ता हुन्न । प्रचारप्रसार नगर्नेको पुस्तक कसले किन्ने ?"

"अहो असर्फीमानजी ! ठीक भन्नुभो, जो सम्पन्न छ उसको घरमा खाना फ्याँकिन्छ, सधैँ पार्टी हुन्छ । उसैलाई पार्टीमा जान भ्याइ न भ्याइ निम्तो आउँछ । जो गरिब छ, निमुखो छ– बिहान खाए बेलुका के

खाऊँ ? बेलुका खाए बिहान के खाऊँ भन्नेलाई कसले हेर्छ ? यो त जमानाको रित हो ।"

"त्यै भन्या कालीप्रसादजी ! हिजोआज भट्टी चल्छ, कोठी चल्छ, मसाज चल्छ, जुवा चल्छ, डिस्को चल्छ तर साहित्यिक सिर्जना कहाँ चल्छ ? को बग्ने साहित्य-सरिताको बहावमा ? त्यसमा पनि छाडा संस्कृतिको अन्तर्राष्ट्रिय बजार चलेको बेला ? दुःख, पीडा, भावुकता, सङ्घर्षका कथाव्यथा पढेर समय बर्बाद कसले गर्ने ? माफ गर्नुहोला कालीप्रसादजी ! मैले तपाईंको भावनामा चोट पुऱ्याउन खोजेको होइन । सत्य यही हो, हेर्नुस् डङ्गुरका डङ्गुर साहित्यिक सिर्जनाहरू, बिकेको होइन । मेरो पनि व्यवहार चलाउनै पऱ्यो, व्यवसायमा मन्दी छ । यस पटक म तपाईंको किताब राख्न असमर्थ छु ।"

कालीप्रसादको आज दिनभरिको प्रयास असफल भयो । लामो सुस्केरा हाले । अनि नमस्कार गरेर बाहिरिए ।

झमक्क साँझ परिसकेको थियो । कालीप्रसाद सुस्ताउँदै घर पुगे । उनी घरभित्र छिर्नेबित्तिकै ९ र ७ वर्षका छोराछोरीले भने– "बाबा ! बाबा ! हामी भोलि दसैँको लुगा किन्न बजार जाने रे हो ? मामुले भन्नुभएको ।"

दिनभरको भोको पेट र थकाइले लखतरान भएका कालीप्रसादले दुवै बच्चालाई दुईतिर काखमा बसाउँदै भने, "हो बाबै हो ! भोलि हामी सबै दसैँको लुगा किन्न बजार जाने ।"

बच्चाहरू खुसीले मुस्कुराए । कालीप्रसादले पनि नक्कली हाँसो हाँसे एकछिन बच्चासित । "खाना पस्किऊँ ?" गृहलक्ष्मीले सोधिन् । "पस्क, म हातमुख धुन्छु" भन्दै कालीप्रसाद बाहिरिए । बच्चाहरू खुसीले रमाउँदै कोठातिर लागे ।

"काम भयो ?" गृहलक्ष्मीले सोधिन् । कपालमा औँला घुसारेर मलिन अनुहार लाउँदै कालीप्रसादले इसारामा भने– छैन ।

"कसरी चलाउने घर ? किताब निकाल्न लिएको ऋण कसरी, कहिले तिर्ने ? न कसैले किनिदिन्छन् न बेचिदिन्छन् ! यस्ता किताब छाप्नुभन्दा त जुवा खेल्नु जाती । जुवामा त कमसेकम कहिलेकाहीँ जितिन्छ बरु ।"

गृहलक्ष्मीको कुरामा सही थाप्दै कालीप्रसादले भने– "विश्वास गर, यो मेरो आखिरी जुवा थियो साहित्यप्रेमको । साहित्यसिर्जनामा दिने समय अब कोदालो समात्छु, सागसब्जी उमार्छु, बालबच्चा खेलाउँछु..."

कालीप्रसादका आँखामा बिस्तारै आँसु टप्किए.....

विवशता

आज उसलाई अँध्यारो कोठा प्यारो भएको छ। कता छन् परिवार, कता छन् आफन्त, साथीभाइ, इष्टमित्र, ऊ बेखबर छे र पत्ता लगाउनुको पनि कुनै अर्थ रहँदैन भन्नेमा विश्वस्त छे।

उसका रहरहरू एकपछि अर्को गर्दै बिहानीको शीतको थोपाझैँ बिलाएर जान्थे। सम्पूर्ण जवानी घृणा, डर, त्रास, शोषणको बिँडो थाम्दैमा बित्यो। त्यस्तो कुनै पनि दिन भएन– आराम र शान्तिसित बितेको होस्। कताकता भड्किएका आत्माहरू उसमा समाहित हुन आउँथे र सम्पूर्ण समय खोसेर लान्थे। रात मात्र होइन, बिहान अनि मध्याह्नसमेत शान्त भएन उसको। नचाहेको पाहुना, नचाहेको खाना, नचाहेको काम उसका लागि अनिवार्य दैनिकी भएर बिते। प्रत्येक रात झपक्कै भएपछि मात्र उसले अपवित्र बिछ्यौना पुग्ने मौका पाउँथी। कहिलेकाहीँ बेहुली भएको सपना देख्थी अनि बिउँझिँदै बलिन्द्रधारा आँसु पोख्थी। उसको दुलही बन्ने रहर कलिलैमा बन्धकमा परेको थियो– यो समाजको बन्द कोठामा चल्ने अवैध व्यवसायका लागि।

बालवयमै आमाबाबु गुमाएकी रोजी (रुक्मिणी) १३ वर्षमै स्वर्ग घुमाउने, सुखको महासागरमा डुबुल्की मार्ने सपना देखेर सहर पसेकी थिई। रोजीको भाग्यमा त्यसै दिनदेखि विषाक्त खिया लाग्न थाल्यो जुन दिन उसकी घरबेटी आमाले उसलाई नारकीय बाटोमा धकेलिन विवश बनाएकी थिई।

ठूलो घर, मोटर, नेता, व्यापारीसितको उठबस, केके सपना देखाई उसकी घरबेटी आमाले रोजीको जीवनमा। अभावमा सहाराविहीन भएर पिल्सिएकी रोजीका लागि घरबेटी आमाले कोरिदिको सपना, भाग्यरेखा साँच्चिकै स्वर्गमै प्रवेश गर्ने मार्ग हो कि भन्ने भान परेको थियो। त्यसैले अँगाली घरबेटी आमाबाट प्रशिक्षित धन्दाको बाटो।

आज, भोलि, पर्सि गर्दै ऊ बेचिँदै गई, लुटिँदै गई। मायाको नाटक गर्ने ब्वाँसाहरूबाट उसलाई चुस्दै, थुक्दै गर्ने क्रम निरन्तर चलिरह्यो। न त एक दिन कोही सपनाको राजकुमार आयो सिन्दुर बोकेर, डोली चढाई लैजान न त बन्यो सपनाको महल। आमा बन्ने

उसको रहर बिनाविवाह कैयौँ भ्रूणहत्यामा पिल्सिन पुग्यो । प्रत्येक आगन्तुक उसको सुन्दरताको वर्णन गर्दै कुनै न कुनै कसम खान चुक्दैनथ्यो तर दोहोऱ्याएर ऊ फेरि आउँदैनथ्यो ।

समयको गतिले उसलाई सहरकी प्रचलित नगरवधू बनाइसकेको थियो । प्रहरीको चिसो कुना उसका लागि सामान्य भइसकेको थियो । सडकमा ऊ स्वतन्त्र हिँड्न सक्दिनथी । नाम, उपनामले चिन्नेहरू खिज्याउने, जिस्काउने गर्थे, जसले गर्दा उसको मौजुदा मूल्य पनि घट्न पुग्थ्यो । एक दिन घरबेटी आमासित उसले हिसाब मागी, परिणाममा मनमुटाब हात लाग्यो । ऊ छुट्टै कोठा लिएर बस्न थाली । आफू जस्तै नगरवधूसित सम्पर्क बढाई– ऊ स्वयम् धन्दा चलाउन ।

नाम चलेका पत्रकार, नेता, समाजका ठेकेदार भनाउँदाहरू लुसुक्क आउँथे, जान्थे । अँध्यारो कोठाभित्र नाङ्गिएका कैयौँ नकाबहरू उसका आँखामा छन् । गोप्य राख्नुपर्ने सामाजिक नियम उसले इमानदारीसाथ निभाएकी थिई । त्यति मात्र होइन, 'सत्य सेवा सुरक्षणम्' का ठेकेदारहरूका लागि निःशुल्क सेवा गर्दागर्दै एक दिन अपरिचित 'सत्य सेवा' को चङ्गुलमा फस्न पुगी । निःशुल्क सेवाका बावजुद अतिरिक्त नजरानाको आपूर्तिमा कमी भएकोमा सदरखोर पुगी रोजी । सयौँ आश्वासन दिने र महारानी भन्नेहरू कसैको सहयोग पाइन उसले । रोजीलाई यस पटक जीउ मास्ने, बेच्ने मुद्दामा सात वर्षका लागि सदरखोरमा राख्ने निर्णय दियो अदालतले ।

रोजीको जीवन 'दो दिनकी चाँदनी फिर उही अँधेरी रात' को नियतिमा परिणत भइसकेको छ । उसको जीवनमा न त कुनै दिन माइतीघर अनि तीज आयो न त भाइटीका । घरबेटी आमासँग मनाएको दसैँको मात्र याद छ उसलाई । घरबेटी आमाको जेलभन्दा कडा नियमभित्र बाँधिएकी थिई ऊ, कसैसित मनको बह, व्यथा पोख्ने मौकासमेत मिल्दैनथ्यो उसलाई ।

सदरखोरमै थाहा भयो– उसलाई असाध्य रोगले गाँजिसकेछ । उसले बुझी– उसको जीवन नर्कमय भइसक्यो, ऊ जिउँदै मरिसकी । उसका सपना सिसाझैँ टुक्राटुक्रा भइसकेछन् । सदरखोरबाट निस्किएर सीधै गाउँ जाने योजना बनाएकी रोजीको इच्छा पनि पूरा भएन । उसले सम्झना भएसम्मका आफन्त पत्ता लगाउन नखोजेकी होइन, तर कोही मुगलान पसेको र कोहीले चिन्नसमेत अस्वीकार गरेको खबर पाई उसले ।

अब केही समय मात्र बाँकी छ उसको सदरखोरभित्र बस्न पाउने अधिकार । कहाँ जाने, कसरी बाँच्ने– त्यही कुरा मात्र आइरहेको छ रोजीको मनमा । खोरबाट निस्कने दिन नजिकिँदै गर्दा खुसी हुनेहरूलाई देखेर आफूलाई धिक्कार्छे रोजी– थुक्क जिन्दगी ! उसलाई थाहा छ– न कोही लिन आउँछन् सदरखोरको ढोकामा न त कोही खुसी हुन्छन् उसको रिहाइमा ।

त्यही चिसो कुना, त्यही सुरक्षा गार्डको खरो आवाज प्यारो भइसकेको छ उसलाई । त्यहाँ कोही छैन तैपनि त्यही ठाउँमा जीवन विसर्जन गर्न पाए आनन्द मान्ने मानसिकतामा पुगेकी छ रोजी ।

सोच्दासोच्दै रोजीका आँखाबाट तुरुक्क आँसु झर्‍यो । उसलाई पुछ्न पनि मन लागेको छैन । बगोस् सबै बगोस्, फेरिफेरि रुनु त पर्ने छैन । रोए पनि कसैले बुझ्ने छैन आँसुबिनाको रुवाइ.... । यो उसको दैनिकी हो । एकान्त कोठामा एउटै साथी आँसु मात्रै त छ । अशक्त शरीर र बिरक्तिएको मनले चाहोस् पनि के ?

...खटखट...टिडटिङ... ढोका खुल्छ... सदरखोरको सिपाहीले 'पोको-पन्तुरो बोकेर घर जान निस्क' भन्ने आदेश दिन्छ । रोजी आदेश सुनेको नसुन्यै गरी घोप्टो परेर धेरै बेर रोइरहन्छे । सिपाहीले तानेर उसलाई ढोकाबाहिर पुर्‍याउँछ ।

भोलिपल्ट सबै समाचारपत्रमा फोटो छापिन्छ रोजीको लासको । शीर्षक प्रायः एकै खालको हुन्छ– बेवारिसे लास पशुपति जङ्गलछेउमा.....

•

गन्तव्य कस्तोकस्तो

रामप्रसाद अनलाइनमा नेपालको समाचार हेर्दै बिहानको रोटी तताएर बिस्तारै सकीनसकी लुछ्दै थिए । त्यति नै बेला श्रीमतीको फोन आयो– "बूढा के गर्दै हुनुहुन्छ ? खाना खानुभयो ?"

रामप्रसादको मुटु एकाएक गाँठो परेर आयो । उनी भक्कानिए, गला अवरुद्ध भयो ।

रामप्रसाद एकछिन त केही बोलेनन् । अचानक के भयोभयो उनलाई । ...के भनु के नभनु ? उनको मस्तिष्क एकछिन शून्यशून्य भयो ।

उताबाट श्रीमतीले 'बूढा, ए बूढा' भनेपछि उनी समालिएर बोले, "अनि तिमीले खाना खायौ त बूढी ?"

"कहाँ खानु ? ज्वाइँसाहेबलाई कुरेर बसिराखेकी छु ।"

"अनि छोरी नि ?"

"छोरीले त अगि नै खाएर सुतिसकी, निक्कै थकाइ लग्यो रे उसलाई आज । अनि तपाईंले नि ?"

"खाँदै छु बिहानको रोटी माइक्रो ओभनमा सेकाएर ।"

उताबाट जबाफ आयो– "ल बूढा, ज्वाइँसाहेब आउनुभएजस्तो छ । घण्टी बज्यो । म भोलि फोन गर्छु ।"

मनमा गाँठो परेको केही कुरा बूढीसँग बात गरेर फुकाउन के सोचेका थिए, फोन संवाद विच्छेद भइहाल्यो ।

उफ् ! रामप्रसादले लामो सुस्केरा हाले ।

रामप्रसाद ६० पुगेर ६१ लागे आजबाट । न कसैको शुभकामना न त कसैको सम्झना !

हातका औंला भाँच्दै दोहोऱ्याउँदै-तेहेऱ्याउँदै साठी गने रामप्रसादले । बितेका एकएक वर्षलाई सम्झने कोसिस गरे ।

जीवनको उतारचढावलाई नियाल्ने प्रयासमा छन् रामप्रसाद ।

आज उनलाई निक्कै भोक लागेको छ । दुइटा रोटीले नपुगेर उनले अर्को दुई टुक्रा पाउरोटी सेकाए अनि बदामको जाम दलेर खान थाले ।

रामप्रसादलाई के मुड चल्यो कुन्नि, श्रीमतीलाई फोन गरेर सोधे– "तिमी कहिले आउँछ्यौ घरमा ?" एक्लोपनले उनलाई अत्याइसकेको छ ।

"खोइ छोरीज्वाइँले कहिले पुऱ्याइदिन्छन्, मलाई के थाहा ? आफूलाई गाडी चलाउन आउने भए पो यसो निस्कनु नि भन्नु !"

"तेरो भाग्य त बलियै रहेछ बूढी– ज्वाइँछोरीको सेवा गर्ने, नातिनातिना खेलाउन पाउने ! पालैपालो कहिले कता कहिले कता ।"

"त्यति मात्रै हो र बूढा ! अस्ति ज्वाइँले नातिनी खेलाएकोमा खुसी भएर ५ सय डलर दिएका छन् । छोरीले त दिनु पर्दैन भनेर जिद्दी गर्दै थिई तर ज्वाइँले जबरजस्ती..... ।"

अबोध श्रीमतीको कुरो सुनेर रामप्रसाद भित्रभित्रै दुःखी भए । अब भने उनलाई कुरा गर्ने इच्छा भएन, पछि कुरा गरौंला भनी रामप्रसादले फोन राखे ।

यो कस्तो समाज– परिवारसँगै नबस्ने । आफन्तको माया र सेवाको मूल्य पैसाले चुकाउने चलन ? अपनत्वबाट टाढा यान्त्रिक र भावनाशून्य दैनिकी !

पलपल पैसाकै हिसाबकिताबमा चल्छ समय यहाँ ।

रगतको नाता यही पैसाको रापले जलेर ध्वस्त भइसकेको छ ? अग्रज... अभिभावक के हो, कुनै मूल्य छैन । कुण्ठामा गुम्सिएको औपचारिकता र कृत्रिम हाँसोले सभ्यताको लेप लगाइन्छ, यहाँ यही सभ्यता हो रे ?

सोच्दासोच्दै रामप्रसादले पाउरोटी पनि चपाई सिद्ध्याए र लागे नेपालतर्फ– दुई हात कम्प्युटरतिर पसार्दै...

उही लुट, हत्या, भ्रष्टाचार, धम्की, अनियमितताकै निरन्तरता देख्छन्– न खुसीको कुनै समाचार छ न त सङ्केत नै !

शान्ति ! शान्ति छाउला, चन्दा, धम्की, आतङ्कको अन्त होला र देश फर्कौंला भन्ने रामप्रसादका लागि शुभसङ्केत केही छैन ।

चन्दा, बन्द र तालाबन्दीले आजित भई स्थापित व्यवसाय छोडेर आएका रामप्रसाद आफूलाई सुनसान ठाउँमा एक्लो अनुभव गर्छन् ।

जीवनभर सैयौँलाई काम, रोजगारी दिलाएर बिहानदेखि बेलुकासम्म वरिपरि आफन्त र सहयोगीको माहोलमा बिताएका रामप्रसाद अहिले छोराकै घरमा भाडा तिरेर बसेका छन्– धुमधुमती एक्लै ।

रामप्रसादलाई थाहा छ– आफ्नो देशमा शान्ति नभई स्थिरता हुन्न । शान्ति र स्थिरता नभए प्रजातन्त्र पनि रहँदैन । नेताहरू कता बहकिएका छन् ? जनताहरू कता भड्किराखेका छन् ? कहिले आउला देशमा शान्ति ? कहिले स्थिर होला राजनीति ? उनको मनमा एकछिन देशको चिन्ता बल्झिन्छ ।

राम्रै कम्पनीमा काम गर्ने छोरो छुट्टै बस्छ आफ्नो परिवारसँग, यहाँको चलनले गाँजेको छ छोरालाई । छोराबुहारीसित बसेर नातिनातिना खेलाउने रहर बोकेर आएका रामप्रसादको सपनाले उल्टो रूप लियो ।

आएको एकाध महिनापछि नै छोराले छुट्टै घर किनेर राखिदियो– मासिक भाडा २०० बुझाउने गरी.....

हप्ता-महिनामा छोरासित भेट हुन्छ रामप्रसादको । ...सम्बन्धको औपचारिकता पूरा हुन्छ– बाबु-छोराबीच चाडपर्वहरूमा ।

धेरै पटक देश फर्कन कोसिस गरे उनले तर बूढीले मानेकी छैनन् । आमाको मन न हो– नातिनातिना खेलाउने रहर कसको हुन्न र ?

बूढीको पालैपालो छोरा र छोरीका केटाकेटी खेलाउने रहर छ । रामप्रसादलाई पलभर यहाँ बस्ने इच्छा छैन ।

रामप्रसादको बच्चा खेलाउने योग्यता नभएरै होला न छोराले बोलाउँछ न त छोरीले...

बिरामी परियो भने उपचार खर्च धेरै लाग्छ रे । '....६३ नाघेपछि सरकारले वृद्ध भत्ता दिन्छ रे' भनेर छोराले यहाँको ठूलो ग्रोसरी पसलमा काम गर्न पठाएको छ रामप्रसादलाई । ...समय बिताउन उनलाई सजिलो पनि भएको छ नोकरीले । त्यही कमाइ ल्याएर छोरालाई घरभाडा बुझाउँछन् रामप्रसाद ।

हिजै त हो सुपरभाइजरले काममा ध्यान दिन चेतावनी दिएको रामप्रसादलाई ! खोइ के भएको हो, उनी आफै अनभिज्ञ छन् । ग्राहकलाई बढी दिएछन् कि उनीहरूले कम दिएका थिए, ५ डलर कम भएछ । त्यो दोस्रो चेतावनी थियो । अर्को पटक पनि त्यसै गल्ती दोहोरियो भने त रामप्रसादको नोकरी पनि जान्छ । उनी त्यही सम्झेर घोत्लिन्छन् ।

काम नभए त कसरी दिन काट्ने यो बिरानो देशमा ? आफ्नै रगतको नातासित नअटाउने ठाउँमा अन्त कहाँ जानु ? कसलाई के भन्नु ? कतै जाउँ फेरि छोरो रिसाउने डर !

नेपालीहरूसित धेरै कुरा गर्न हुन्न र सम्पर्क राख्नु पनि व्यर्थ छ भनेर धेरै पटक छोराले रामप्रसादलाई सल्लाह र सुझाव दिइसकेको छ ।

दुःखले कमाएर बनाएको नेपालको भव्य घरमा मुसा दौडिरहेछन् । समाजमा राम्रै व्यावसायिक प्रतिष्ठा बनाइसकेका रामप्रसादलाई कारोबारमा सामान्य घाटाबाहेक ठूलो समस्या पनि थिएन । छोराछोरीको अलिकति मात्र सहयोग पाएका भए उनलाई यहाँ पिल्सिनुपर्ने थिएन ।

कमाएको धेरै पैसा छोराछोरीलाई अमेरिकामा स्थापित गराउन खर्चिए रामप्रसादले । व्यवसाय धराशायी भयो । प्रतिष्ठा जोगाउन र छोराछोरीको नजिक बसेर आफ्नो बुढचौली आरामसित बिताउने योजना बनाएर आएका रामप्रसाद आज एउटा ग्रोसरी पसलमा कार्यरत छन् । साँझ-बिहान एक्लो पर्छन् । उनको साथी भनेको कि कम्प्युटर कि टिभी !

सुरुसुरुमा आफन्तहरूलाई फोन गर्न निक्कै रुचि राख्ने रामप्रसादलाई हिजोआज विरक्त लागेको छ । कसैसित सम्पर्क राख्ने इच्छै छैन ।

अमेरिकामा पनि साहू बन्ने रहर नराखेका होइनन् रामप्रसादले तर आफूसित आवश्यक रकम थिएन । निक्कै बल गरेपछि छोराले ग्रोसरी स्टोर त खोलिदियो तर आफ्नै नाममा राखेर बाबुलाई मासिक तलब दिने गरी । त्यो पनि हाँसीहाँसी स्विकारेका थिए रामप्रसादले ।

उनी शाकाहारी थिए, नाफा कमाउन छोराका लागि रामप्रसादले मासु टुक्र्याएर प्याकेजिङ पनि गरे । केही समय उनकी श्रीमतीले बिहान ५.०० बजे उठेर सय पचास तावा रोटी पनि बनाइन् पसलका लागि, त्यति गर्दा पनि छोराले चित्त बुझाउन सकेन । उसले त्यो स्टोर बेचिदियो र ग्रोसरी पसलमा काम गर्न पठाएको थियो ।

बूढीलाई कहिले छोरा त कहिले छोरीले बच्चा हेर्न बोलाउँछन्– यता र उता गर्दैमा फुर्सद छैन । बुढेसकालकी साथी कहिले महिना त कहिले ४–४ महिनासम्म पनि भेट हुन्न ।

अमेरिका ! सपनाको संसार ? रामप्रसाद खुइय गर्छन् । खोइ कहाँ हो ? त्यो...?

कहिलेकाहीं कामबाट ढिला आउँदा भोकै पनि सुतेका छन् उनी ।

कहिले खान्छन्, कहिले तातो पानीको भरमा सुत्छन् । ८–१० घण्टा उभिएर काम गर्दा थकित बनिसकेका रामप्रसादलाई कुन बेला ओछ्यानमा पल्टिउँजस्तो भएको हुन्छ । एकछिन पल्टिँदा भुसुक्क भइहाल्छन् अनि मध्यरातमा उठेर कसरी जाँगर चलोस् पकाउन ? छुट्टीको दिन पकाउँछन्– दुई-तीन दिनलाई पुग्ने गरी अनि तताएर खाने गर्छन् ।

टाढाबाट हेर्नेहरूका लागि रामप्रसाद अमेरिकामा छोराछोरीहरूसित रमाइरहेछन् । जब रामप्रसादको नजिक कोही पुग्छ– उनी एक्ला छन्, नितान्त एक्ला...! रामप्रसादलाई देखेर आफ्नो पनि भविष्य यस्तै त होला नि भनी कल्पन बाध्य हुन्छन् ।

छोराछोरीबाट बाबुआमाले आफ्नो जीवनभरको सम्पूर्ण कमाइ लगानी गरेर न सावाँ न ब्याज नै माग्छन्– सिर्फ मायाको भोक मेटिओस् भन्ने मात्र त हुन्छ ! छोराछोरीले त्यो व्यथा बुझ्न नसक्दा पीडा झन् थपिँदो रहेछ । रामप्रसाद त्यही अनुभव समेटिरहेछन् ।

रामप्रसाद त्यही घाउ बोकेर आफ्ना दिन गनिरहेछन् । आफैले दुःख गरेर हुर्काएको सन्तानसित विदेशमा आएर पनि सँगै बस्ने रहर अधुरो भएपछि रामप्रसादको मन निक्कै कुँढिएको छ ।

उनी दुखेसो पोख्दैनन् कोही बाहिरको मान्छेसित– छोराबुहारीसित बस्न नपाएकोमा ! आफ्नै छोरासित तलब लिनुपर्दा ! आफ्नै छोराको घरमा भाडा तिरेर बस्नुपर्दा ! आफ्नै छोराले औषधिउपचारको सुविधा पाइन्छ भनेर ग्रोसरी स्टोरमा काम गर्न जानुपर्दा ! बरु कतै प्रसङ्ग उठे हाँसीहाँसी छोराबुहारीको प्रशंसा र छोरीज्वाइँको बखानमा फूलबुट्टा भर्न बिर्सदैनन् । कति महान् छन् रामप्रसाद– आफ्नो आडम्बर बचाइराख्न हुनेसम्म कोसिस गर्छन् ।

नातिनातिना खेलाउने रहर बोकेकी रामप्रसादकी बूढीको स्नेह र ममतालाई मासिक चेकमा भुक्तानी गरेका छन् छोराछोरीले यो सभ्य संसारमा । यहाँ भावना बिक्छ, ममता बिक्छ । पैसा कमाउन पैसा तिरेर घरमा बेबी सिटर राखिन्छ । मातृममतापूर्ण काख, स्नेह, वात्सल्य भाडामा लिइन्छ । कति कठिन, कति निर्दयी छ यो सभ्य संसारको सामाजिक संस्कार ?

रामप्रसाद हिसाब लगाउँछन् र सानो व्यङ्ग्यको हाँसो फिस्स हाँस्छन्– हेर त, कस्तो विचित्र यहाँ, नातिनातिना खेलाएर पैसा लियो अनि छोरालाई घरभाडा तिर्‍यो !

नेपाल जाने कुरा बूढीले माने पो ! "कमाउन जानुपर्ने छोराबुहारी, छोरीज्वाइँ छन्– बच्चा हेरिदिनु पर्दैन ?" बूढीको उल्टो जिम्मेवारीबोधको ढिपीले उनी अड्किरहेछन् ।

उच्च रक्तचापबाट पीडित रामप्रसादका लागि यो एकान्त झनै खतरनाक बन्दै गएको छ । डाक्टरले औषधिको डोज दोब्बर बनाइदिएको पनि वर्ष दिनभन्दा बढी भइसक्यो ।

समय बित्दै गयो । रामप्रसादको दैनिकी जस्ताको तस्तै रह्यो व्यस्त र एकाकीपन....

एक दिन उनलाई अचानक रिँगटा लागेर आयो, भाउन्न भयो । ...काममा पनि जान सकेनन् ।

छोरालाई फोन गरे– "बाबु ! मलाई अचानक बिसन्चो भयो ? अफिस जान पनि सकिनँ । लौन, एकछिन आएर अस्पताल लागिदिन्छस् कि ?"

"ल ल, नआतिनुस्, केही हुँदैन । अस्ति मात्र डाक्टरलाई जँचाएको होइन ?"

"हुन त हो बाबु तर खोइ ! ...खोकी पनि निक्कै बढेको छ ।"

"बा पनि कुरै बुझ्नुहुन्न । ...म अहिले हाकिमसित मिटिङमा छु क्या ? हाकिमसित ! म काम सकिनेबित्तिकै आउँछु, चिन्ता नगर्नुस् । निक्कै गाह्रो भए मैले सिकाइ दिएको छु नि । ...हो ९११ लाई बोलाउनुस् बा, धेरै कुरो गर्न मिल्दैन, फोन राखें मैले, भरे आउँछु ।"

छोराले फोन के राखेको थियो । रामप्रसादको शरीर लत्याकलुतुक भएर ढल्यो...

एक घुट्को पानी मुखमा हालिदिने कोही भएन । ...बिचरा ! अमेरिकाको रामप्रसाद...

•